राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको

# बार्षिक प्रतिवेदन

(आ.व. २०७९/२०८०)

राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय
हेटौंडा, मकवानपुर

# बागमती प्रदेश कार्यालयबाट सम्पादीत कार्य – एक झलक



















राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको

# बार्षिक प्रतिवेदन

(आ.व. २०७९/२०८०)

सबैका लागि मर्यादा, समानता तथा न्याय

**राष्ट्रिय मानव अधिकार आयोग**
**बागमती प्रदेश कार्यालय**

हेटौंडा, मकवानपुर ।

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय तप बहादुर मगर

**सदस्यहरू**

माननीय डा.सूर्य प्रसाद शर्मा, ढुङ्गेल

माननीय मिहिर ठाकुर

माननीय मनोज दुवाडी

माननीय लिली थापा

**का.मु.सचिव**

मुरारि प्रसाद खरेल

**सल्लाहकार :** यज्ञ प्रसाद अधिकारी

**लेखन/सम्पादन/संयोजन :**
रेवा रेग्मी
रारा कर्माचार्य
कृष्ण प्रसाद मिश्र
लोकनाथ घिमिरे

**प्रकाशक :** राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय, हेटौडा, मकवानपुर ।

**प्रकाशन मिति :** २०८० असार

**संस्करण :** पाँचौ

**प्रति:** २००

@ **सर्वाधिकार :** राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय, हेटौडा, मकवानपुर ।

*@ आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरु साभार गरी प्रयोग गर्न सकिने छ ।*

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# मन्तव्य

मानिसलाई आत्मसम्मानपूर्वक र मर्यादाका साथ बाच्नका लागि आवश्यक पर्ने सम्पूर्ण अधिकारलाई नै मानव अधिकार भनिन्छ । त्यसैले मानव अधिकार प्रत्येक व्यक्तिको सरोकारको विषय हुन्छ । नेपालको संविधान तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित हक अधिकारहरू नागरिकले निर्बाध रुपमा उपभोग गर्न पाउनु मानव अधिकार हो भने ती अधिकारहरूको सम्मान, संरक्षण तथा संर्वधन गर्नु राज्यको दायित्व रहेको हुन्छ । तसर्थ मानव अधिकार उल्लङ्घन तथा दुरुत्साहनका घटनामा कमी ल्याउन र राज्य संयन्त्रलाई मानव अधिकार संरक्षणमा जवाफदेही बनाउन, मानव अधिकारका क्षेत्रमा कार्यरत सबै निकायको सतत प्रयास आजको आवश्यकता हो ।

आयोगको बागमती प्रदेश कार्यालयले वर्षभरी सम्पादन गरेका मानव अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी गतिविधिहरू समेटेर प्रकाशित गर्न गइरहेको यो प्रादेशिक प्रतिवेदनले बागमती प्रदेश अन्तर्गत रहेका समग्र जिल्लाहरूको मानव अधिकार अवस्थालाई चित्रण गर्नुका साथै मानव अधिकार अनुसन्धान तथा प्रवर्धनात्मक कार्यहरूको विवरण मार्फत आम सरोकारवालाको सुसूचित हुन पाउने हक समेतको प्रत्याभूति हुने नै छ ।

अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिवद्धता र नेपालको संविधान प्रदत्त मौलिक हकमा रहेका विषय समेतलाई समेटी नेपाल सरकारले मानव अधिकारको पाँचौं राष्ट्रिय कार्ययोजना जारी गरेको छ । उक्त कार्ययोजनाले मानव अधिकार संरक्षणमा सङ्घ, प्रदेश, जिल्ला र स्थानीय तहलाई जिम्मेवारी तोकेको छ । त्यसको कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोग समेतलाई दिएको छ । आगामी दिनमा प्रदेश सरकार र स्थानीय तहले समेत मानव अधिकारका विषयलाई उच्च प्राथमिकतामा राख्ने छन् भन्ने मैले विश्वास लिएको छु ।

यस वार्षिक गतिविधि पुस्तिका तयारी कार्यमा संलग्न कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी सहित सम्पूर्ण कर्मचारीहरूप्रति धन्यवाद प्रकट गर्दछु ।

३१ असार, २०८०

तप बहादुर मगर
अध्यक्ष

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org

## मन्तव्य

नेपाल मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुको पक्षराष्ट्र बनेको छ । नेपालको संविधान २०७२ मा मानव अधिकारका थुप्रै प्रावधानहरुलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । अतः मानव अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्नु राज्यको दायित्व हो ।

मानव अधिकारको सुनिश्चितताको लागि लागि नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक तथा कानुनी दायित्व सुम्पेको छ । आयोगलाई मानव अधिकार उल्लंघन तथा दुरुत्साहनका उजुरी ग्रहण गरी उजुरीउपर अनुसन्धान र सिफारिस गर्ने अधिकार दिएको छ । त्यस्तै मानव अधिकार अवस्थाको निरन्तर अनुगमन गर्ने, कानुन पुनरावलोकन गर्ने, मानव अधिकार शिक्षाको प्रवर्द्धन गर्ने साथै नेपाल सरकारको मानव अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय दायित्वहरुको सम्बन्धमा प्रतिवेदनमाथि सुझाव तथा सिफारिस गर्ने अभिभारा समेत सुम्पेको छ ।

नेपाल संघिय संरचनामा गइसकेको अवस्थामा मानव अधिकार सुनिश्चितताका लागि तीन तहका सरकारहरुलाई थप जवाफदेही बनाउन आयोगले रणनीति योजना ( २०२१-२०२६) ले तय गरेको निर्दिष्ट लक्ष्यहरु र उद्देश्यहरु प्राप्त गर्न आफ्ना कार्यालयहरुमार्फत वार्षिक कार्ययोजना बनाइ कार्य गरिरहेको छ । यसै सन्दर्भमा बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाले आ.व. २०७९/२०८० मा मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान, मानव अधिकार अवस्थाको अनुगमन, प्रवर्धनात्मक कार्यक्रमहरु सहितका गतिविधिहरुलाई समेटेर आफ्नो वार्षिक गतिविधि पुस्तिका तयार गरेकोमा खुशि प्रकट गर्दछु । यस गतिविधि पुस्तिकामा प्रदेश कार्यालयले हासिल गरेका उपलब्धिहरु र चुनौतीहरु समेत समावेश गरी प्रकाशन भएको हुँदा त्यस क्षेत्रको समग्र मानव अधिकार अवस्था र कार्यालयको कामको समेत मुल्यांकन गर्न सरोकारवाला सबैलाई सहज हुनेछ भन्ने मैले आशा एंव विश्वास लिएको छु ।

वार्षिक गतिविधि पुस्तिकामा समावेश भएका विषयवस्तु कार्यालयको कामको समग्र प्रतिफल हो । कार्यालयको कामको प्रभावकारिता मापन गर्ने प्रमुख सूचक पनि हो । जसले कार्यालयको गतिविधिहरुवारे जानकारी राख्न चाहने जोसुकैलाई पनि उपयोगी हुने देखिन्छ । बागमती प्रदेश कार्यालय, हेटौडाको आ.व. २०७९/२०८० को वार्षिक गतिविधि पुस्तिकामा त्यस क्षेत्रको मानव अधिकार अवस्थासम्वन्धी सूचना समावेश समेत भएकोले पुस्तिकाले प्रदेशको मानव अधिकार अवस्थावारे पनि बुझ्न सजिलो बनाएको छ । प्रतिवेदनलाई यस अवस्थामा पुऱ्याई दस्तावेजीकरण गर्ने/गराउने प्रदेश कार्यालयका प्रमुख सह-सचिव यज्ञ प्रसाद अधिकारीसहित लेखन एंव अन्य कार्यमा संलग्न हुने सम्पुर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(मुरारिप्रसाद खरेल)
का.मु. सचिव

३१ असार २०८०

## मन्तव्य

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने प्रमुख कर्तव्य रहेको राष्ट्रिय मानव अधिकार आयोगले स्थापना देखि नै नागरिकको हक अधिकार संरक्षण सम्वबर्धनको लागि कृयासिल रहदै आएको छ । कुनै व्यक्ति वा समुहको मानव अधिकार उलंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष दिएको अनुसन्धान गरी दोषी उपर कारवाही र सिफारिस गर्ने, मानव अधिकारको अनुसन्धान रोक्ने जिम्मेवारी पुरा गर्न पदाधिकारीले आफ्नो जिम्मेवारी पुरा नगरेमा वा जिम्मेवारी पुरा गर्न उदासिनता देखाएमा विभागीय कारवाहीको लागि सिफारिस गर्ने जस्ता जिम्मेवारी आयोगको रहेको छ । यसका अतिरिक्त कारागार, थुनाव केन्द्र, हिरासतको नियमित अनुगमन गर्ने नागरिक समाजसंग सहकार्य र समन्वय गरी मानव अधिकारको चेतना अभिवृद्धि गर्ने संवैधानिक दायित्व रहेको छ ।

आयोगको पहुच विस्तार अर्न्तगत २०७९ कार्तिक १ गते देखि बागमती प्रदेश कार्यालय प्रदेश राजधानी हेटौडामा स्थापना भई कार्य संचालनमा आएको छ । आयोगको कार्यालय हेटौडामा स्थानान्तरण भएपछि प्रदेश सरकार, प्रदेश स्थित सरकारी निकाय, सुरक्षा निकाय समेतसँग नियमित समन्वय सहकार्यबाट कार्य संचालनमा थप योगदान पुग्न गएको छ । आयोगको बागमती प्रदेश कार्यालयमा आ.व.२०७९/८० मा ६६ उजुरी दर्ता भएको ६७ वटा अनुसन्धान सम्पन्न भइ अन्तिम निर्णयको लागि आयोगको केन्द्रीय कार्यालयमा पठाइएको छ । नागरिक समाजसंग जीवन्त सम्बन्ध राख्दै मानव अधिकारको चेतना अभिबृद्धि गर्न अर्न्तक्रिया, गोष्ठिमा प्रदेश कार्यालयको उपस्थितिलाई प्रथामिकतामा राखेको छ । यस आ.व. मा ३४ वटा प्रर्वद्धनात्मक सम्पन्न भएका छन् । विगत ३ वर्ष देखि यस कार्यालयले संविधानको धारा २९४ को उपधारा (३) बमोजिम बागमती प्रदेशको समग्र मानव अधिकारको अवस्था सहित कार्यालयबाट सम्पादित काम कारवाहीको सम्बन्धमा प्रतिवेदन तयार गरी माननीय प्रदेश प्रमुख यादवचन्द्र शर्माज्यु समक्ष पेश गरी आएको छ । प्रदेश प्रमुखज्युबाट मानव अधिकारका बिषयमा गम्भिर चासो व्यक्त गर्दै आगामी दिनमा बागमती प्रदेशको मानव अधिकारको अवस्था सुधारका लागि दिनु भएको मार्गनिर्देशनबाट यस कार्यालयलाई थप उर्जाका साथ कार्य गर्ने उत्साह अभिवृद्धि भएको महसुस गरेको छु ।

यस कार्यालयले आ.व.२०८०/८१ देखी बागमती प्रदेश सरकारले पेश गरेको नीति, योजना र बजेट कार्यक्रमलाई समेत मानव अधिकारको दृष्टिले मुल्याङ्कन गर्ने प्रयास गरिएको छ । मुलतः सिमान्तीकृत नागरिकका आर्थिक, सामाजिक, सास्कृतिक अधिकार संरक्षणका लागि उल्लेखीत कार्यक्रमले प्रदेशको समग्र मानव अधिकारको संरक्षणमा कोसेढुँगा हुनेछ भन्ने विश्वास लिएको छु । मानव अधिकार संरक्षण, सम्वर्धनमा नेपाल सरकारको पाचौं पञ्चवर्षिय मानव अधिकार कार्ययोजना (२०७७२०८२) को प्रभावकारी कार्यान्वयनका लागि बागमती प्रदेश सरकार, जिल्ला समन्वय समिति र महानगरपालिका, उपमहानगरपालिका र गाँउ पालिकाहरुसँग सहकार्य गर्दै आएको छ । स्थानिय तह सम्म मानव अधिकार संयन्त्र निर्माणमा प्रगती हुदै गएको छ । जिल्ला समन्वय समितिका प्रमुख र पदाधिकारीहरुबाट उत्साहवर्धक रुपमा समिति गठन कार्यलाई अगाडी बढाउँदै जानु भएकोमा सवैलाई धन्यवाद दिन चाहन्छु । शान्ति, सुरक्षा, विकास र मानव अधिकार एक आपसमा परिपुरकको रुपमा रहेकोले कुनै एक व्यक्ति, निकायको प्रयासले मात्र मानव अधिकारको सुचाङ्कमा सुधार आउन सक्दैन । त्यसका लागि राज्यको सवै अंगको एकिकृत प्रयासबाट मानव अधिकारको अवस्थामा सुधार ल्याउन सकिन्छ । मुलतः जनताको जीवनस्तर उकास्नका लागि बागमती प्रदेश सरकारले ल्याएको नीति, योजना बजेटका माध्यमबाट नै समृद्ध नेपालको चाहनालाई मूर्त रुप दिन सक्ने भएकाले त्यसको प्रभावकारी कार्यान्वयनका लागि सवै निकायसँग आग्रह गर्दछु । बागमती प्रदेश कार्यालयको वार्षिक प्रतिवेदनबाट यस प्रदेशको समग्र मानव अधिकारको अवस्थाबारे जानकारी लिन चाहने अनुसन्धानकर्ता, नीति, योजना कार्यक्रम तर्जुमामा संलग्न व्यक्तिलाई समेत मद्दत मिल्ने छ भन्ने विश्वास लिएको छु ।

अन्तमा यस प्रतिवेदन तयार गर्न संलग्न मानव अधिकार अधिकृतहरु रेवा रेग्मी, रारा कर्माचार्य, कृष्ण प्रसाद मिश्र र लोकनाथ घिमिरे सहित अनुसन्धान, अनुगमन लगायत कार्यमा अहोरात्र खट्नु हुने सबै कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । यस कार्यालयको कार्ययोजना र कार्यक्रम सम्पन्न गर्न सदैव उत्साह र प्रेरणा दिनु हुने राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तप बहादुर मगरज्यु, माननीय सदस्यज्युहरु तथा का.मु.सचिवज्यु प्रति आभार व्यक्त गर्दछु । प्रतिवेदन छपाईमा सहयोग गर्ने स्काई प्रेस लाई समेत धन्यवाद दिन चाहन्छु ।

२०८० असार ३१ गते

यज्ञ प्रसाद अधिकारी
सहसचिव
कार्यालय प्रमुख

# विषय-सूची

**परिच्छेद – १** १

१.१ पृष्ठभूमी १

१.२ संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र २

१.३ आयोगको बागमती प्रदेश कार्यालयबाट भएका गतिविधि २

**परिच्छेद–२** ७

२. बागमती प्रदेशको मानव अधिकारको अवस्थाः ७

२.१ नागरिक तथा राजनैतिक अधिकारको अवस्था ७

२.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था १२

२.३ जातीय भेदभाव विरूद्वको अधिकारको अवस्था १३

२.४ महिला अधिकारको अवस्था १३

२.५ बाल अधिकारको अवस्था १५

२.६ बलपूर्वक बेपत्ता विरूद्धको अधिकारको अवस्था १८

२.७ यातना विरुद्धको अधिकार १८

२.८ मानव बेचविखन तथा अप्रवासनको अवस्था १९

२.९ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था १९

२.१० स्वास्थ्यको अधिकार २१

२.११ किसानको अधिकार २२

२.१२ तेश्रो लिङ्गीको अधिकार २३

२.१३ वातावरण र विकासको अधिकार २४

२.१४ श्रमिकको अधिकार २५

**परिच्छेद–३** ३४

३. प्रवर्धनात्मक गतिविधि ३४

३.१ ब्यवसाय र मानव अधिकार सम्बन्धमा अन्तर्क्रिया ३४

३.२ अपाङ्गताको अधिकार सम्बन्धी अन्तरसम्वाद कार्यक्रम ३५

३.३ अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सम्बन्धी कार्यशाला गोष्ठी ३५
३.४ बागमती प्रदेशमा दलित समुदायको अधिकार सम्बन्धी अन्तर्क्रिया ३५
३.५ मानव अधिकार कार्ययोजना सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम ३६
३.६ बागमती प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन प्रस्तुत ३६
३.७. अन्तर्राष्ट्रिय मानव अधिकार दिवस ३६
३.८. बागमती प्रदेश कार्यालयमा पत्रकार सम्मेलन ३७
३.९. मानव अधिकार प्रशिक्षण कार्यक्रम ३७
३.१० आयोग र कारागारका पदाधिकारी तथा कर्मचारीवीच अन्तर्क्रिया ३८
३.११ जोखिम व्यवस्थापन सम्बन्धी अनुगमन ३८
३.१२ मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना सम्बन्धमा अन्तर्क्रिया ३८
३.१३ न्याय दिवसको सन्दर्भमा अन्तर्क्रिया
३.१४ संक्रमणकालीन न्याय र मानव अधिकार सम्बन्धी कार्यशाला ३९
४. बिभिन्न निकायहरूसँगको समन्वय सहकार्यमा कार्यक्रम संचालन ४०

**परिच्छेद–४** ४४
बागमती प्रदेश कार्यालयका उपलब्धी, चुनौती र समाधानका सम्भावित उपायहरु ४४
४.१ प्रदेश कार्यालयका उपलब्धी ४४
४.२ चुनौती ४४
४.३ चुनौती समाधानका उपाय ४५
४.४ प्रदेश र स्थानीय सरकारलाई सुझाव ४६

**अनुसूचीहरू** ४७

# परिच्छेद - १

## १.१ पृष्ठभूमि

नेपालको सविधान (२०७२) को धारा २४८ अनुरुप स्थापित राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र र स्वायत्त निकाय हो। संविधानको धारा २९३ बमोजिम प्रतिनिधि सभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य सवैधानिक निकायको प्रतिवेदन लगायतका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ। हाल आयोगमा केन्द्रीय कार्यालय, सातवटा प्रदेशमा प्रदेश कार्यालय र तीनवटा प्रदेशमा प्रदेश शाखा कार्यालयहरु रहेका छन्।

राष्ट्रिय मानव अधिकार आयोगमा सबै नागरिक र मानिसहरुको सहज पहुँच पुगोस भन्ने उद्देश्यले आयोगको २०७५ असार ८ गतेको निर्णयानुसार यस कार्यालयलाई प्रदेश नं ३ कार्यालयको रुपमा ललितपुरको सानेपामा स्थापना गरी कार्य सञ्चालन हुँदै आएको थियो। प्रदेश सभाको वैठकबाट प्रदेशको नाम बागमती प्रदेश नामाकरण गर्ने र प्रदेश मुकाम मकवानपुर जिल्लाको हेटौडामा राख्ने निर्णय भए बमोजिम कार्यालयको नाम राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय नामाकरण गरिएको छ। प्रदेशको समग्र मानव अधिकारको चित्रण सहित मानव अधिकारका सवालहरूमा केन्द्रित रही यस कार्यालयले अनुगमन र अनुसन्धान सम्बन्धी कार्यलाई निरन्तर रूपमा अगाडी बढाइरहेको छ। यस कार्यालयबाट सम्पादित गतिविधि, अनुगमन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदनको निष्कर्ष प्रेस-विज्ञप्ति, पत्रकार सम्मेलन आदि मार्फत मानव अधिकारको स्थिति र अवस्थालाई सेवाग्राही तथा जनसमक्ष प्रकाश पार्ने क्रम निरन्तर रुपमा भइ रहेको छ। नेपालको संविधान (२०७२) को धारा २४९ को उपधारा (१) बमोजिम संवैधानिक निकायले आफुले गरेको काम कारबाहीको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष प्रस्तुत गर्न लगाउने व्यवस्था रहेको छ। त्यस्तै धारा २९४ को उपधारा (३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा छुट्टा-छुट्टै प्रतिवेदन तयार पारी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था गरेको छ। एकातर्फ संवैधानिक निकायका प्रदेश कार्यालयहरुले गरेका काम कारबाही उपर आम सर्वसाधारणको चासो रहन्छ भने अर्कोतर्फ यसका गतिबिधिले प्रदेश सरकारसंग नजिकको सम्बन्ध पनि स्थापित हुन्छ। राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले विगत आ.ब. २०७७/७८ र आ.व. २०७८/७९ मा समेत आफ्नो प्रतिवेदन प्रदेश प्रमुख माननीय यादवचन्द्र शर्मा समक्ष पेश गरेको थियो। प्रदेशको मानव अधिकार अवस्थावारे सरोकारवाला विच जानकारी पुर्‍याउने उद्धेश्यले सो प्रतिवेदन तयार पारिएको छ।

## १.२. संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र

संघीय संरचना अनुसार आयोगको बागमती प्रदेश कार्यालयको भौगोलिक क्षेत्राधिकार भित्र बागमती प्रदेश अर्न्तगतका १३ वटा जिल्लाहरु रहेका छन् । यस कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण अनुसुची-१ मा राखिएको छ । यस प्रदेश कार्यालय अर्न्तगतका जिल्लाहरुको विवरण अनुसूची-२ मा संलग्न गरिएको छ । आयोगको मिति २०७९ असार ३० गतेको निर्णयानुसार बागमती प्रदेश कार्यालय सानेपा ललितपुरबाट स्थानान्तरण गरी मिति २०७९ कातिक १ गतेबाट बागमती प्रदेशको राजधानी हेटौडाबाट आयोगको प्रादेशिक कार्यालय स्थापना गरी कार्य सञ्चालन हुदै आएको छ ।

## १.३ आयोगको बागमती प्रदेश कार्यालयबाट सम्पादित गतिविधि

मूलतः राष्ट्रिय मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयबाट आ.व. २०७९/८० को अवधिमा सम्पन्न गरिएका मानव अधिकार अनुगमन तथा अनुसन्धान टोलीहरूको प्रतिवेदन, प्राप्त उजुरीहरू, सम्पादित प्रवर्धनात्मक गतिविधिहरू, अन्य निकायका प्रकाशित प्रतिवेदन समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । मानव अधिकारको क्षेत्रमा क्रियाशिल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरू, पत्रकारहरू, नागरिक समाज, स्थानीय प्रशासन, सुरक्षा निकाय आदिसंग भएका अन्तर्रकृया, छलफलबाट प्राप्त तथ्य र तथ्याङ्कलाई समेत प्रतिवेदनको आधारको रूपमा लिइएको छ ।

### १.३.१ **प्रशासनिक कार्यहरु**

यस कार्यालयबाट तोकिएका जिम्मेवारी निम्नानुसार रहेका छन् ।

(क) कार्यालय व्यवस्थापन र सरसफाई ।

(ख) सार्वजनिक खरिद ।

(ग) मर्मत सम्भार तथा रेखदेख (कार्यालयका भौतिक साधनहरुको अनुगमन निरीक्षण) ।

(घ) सवारी व्यवस्थापन ।

(ङ) दर्ता चलानी (पत्राचार) ।

(च) कार्यालय व्यवस्थापन र सञ्चालनका दैनिक भैपरी आउने अन्य कार्यहरु ।

### १.३.२ **संरक्षण सम्बन्धी कार्यहरु**

बागमती प्रदेश कार्यालयको स्थापना भए पश्चात यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने १३ वटा जिल्लाहरुमा मानव अधिकार संरक्षण, सम्वर्धनका लागि उजुरी ग्रहण, अनुगमन, अनुसन्धान र उजुरी निर्णयार्थ आयोगमा प्रस्तुत गर्ने लगायतका कार्यहरु निरन्तर रुपमा भै आएका छन् । पुराना वक्यौता उजुरी अनुसन्धानलाई प्रदेश कार्यालयले प्राथमिकतामा राखेको छ ।

### १.३.३ संवर्द्धनात्मक कार्यहरु

मानव अधिकार सम्बन्धी शिक्षा र सचेतना अभिवृद्धि गर्न, मानव अधिकारको वकालत, सूचना सम्प्रेषण सम्बन्धी कार्यमा संवर्द्धनात्मक भूमिकाको विशेष महत्व हुने गर्दछ । संवैधानिक एवं कानूनी दायित्व अर्न्तगत आयोगको यस कार्यालयले आफ्नो प्रादेशिक क्षेत्रभित्र मानव अधिकार प्रवर्धन सम्बन्धी गतिविधिहरु संचालन गर्दे आएको छ । आयोगको रणनीतिक योजना तथा बार्षिक कार्ययोजनामा आधारित प्रवर्धनात्मक कार्यबाट मानव अधिकार सचेतना अभिवृद्धि एवं मानव अधिकार संस्कृतिको विकासमा टेवा पुग्न गएको छ। त्यसका लागि सम्बन्धीत जिल्लाहरुको आकस्मिक अनुगमन गरी आवश्यक ब्यवस्थापनका लागि प्रदेश सरकार  लगायत सम्बन्धित सरोकारवालाको ध्यानाकर्षण भएको छ।

मानव अधिकारको संवर्द्धन, समन्वय र सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका २०६९ जारी भई सो को कार्यान्वयन भई आएको छ । यस कार्यालयले प्रदेश सरकार तथा स्थानीय सरकारहरुसंग समन्वय र सहकार्य गरी अन्तर्रकृया, छलफल, गोष्ठी, तालिम, कार्यशाला जस्ता गतिविधिहरु सञ्चालन गर्दै आएको छ। प्रदेश कार्यालयद्वारा मानव अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था, स्थानीय निकाय र तहसंग समन्वय सहकार्य गरी निरन्तर रुपमा विविध कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। आयोगको तर्फबाट मानव अधिकार एवं पेशागत संघ संस्थाद्धारा आयोजित मानव अधिकार सम्बन्धी कार्यक्रमहरुमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा र प्रमुख अतिथि, अतिथि र सहभागी आदिको रुपमा बिभिन्न कार्यक्रममा सहभागिता जनाउँदै आएको छ । कार्यालयद्वारा सम्पादित सम्वर्द्धन सम्बन्धी कार्यक्रमहरुको विस्तृत विवरण अनुसुची-३ मा समावेश गरिएको छ।

### १.३.४ उजुरीसंग सम्बन्धित कार्यहरु

आयोगको बागमती प्रदेश कार्यालयले मानव अधिकार संरक्षण र सम्बर्द्धन गर्ने क्रममा संविधान, ऐन नियमको परिधिभित्र रही मानव अधिकार उल्लंघन तथा दुरुत्साहनसंग सम्बन्धित घटनाहरुमा पीडितबाट प्राप्त उजुरी लिने र आवश्यक्तानुसार स्वविवेकीय रुपमा समेत उजुरी ग्रहण गर्दे आएको छ। यस प्रकारका उजुरी, पीडित, पीडितको परिवार, संघ संस्था, व्यक्ति, समुदाय वा आमसञ्चार माध्यममा सम्प्रेषित समाचारका आधारमा समेत ग्रहण गर्ने गरिन्छ । कार्यालयमा प्राप्त उजुरी माथि अनुगमन, अनुसन्धान एवं छानवीन गरी पीडित तथा पीडित परिवारलाई क्षतिपूर्ति राहत र आवश्यक कानुनी कारबाहीका लागि सरकार वा सरोकारवाला निकायसंग जानकारी माग गर्ने, सिफारिसका लागि आयोगमा पेश गर्ने कार्य समेत गर्दे आएको छ। यस कार्यालयमा यस आर्थिक वर्षमा जम्मा ६६ वटा उजुरीहरु दर्ता भएका छन् । विवरण अनुसुचीहरूमा संलग्न छन् । गत आर्थिक वर्षमा  बक्यौता रहेका सहित जम्मा ५९६ थान उजुरी हाल यस कार्यालयमा विचाराधीन अवस्थामा रहेका छन् ।

**महासन्धिमा आधारित विषयगत उजुरीहरुको विवरण** (आ.व.२०७९/८०)

यस कार्यालयमा यस आर्थिक वर्षमा परेका उजुरीहरुका विषयमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी २८ वटा, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी ७ वटा, यातना र दुरर्व्यवहार सम्बन्धी ९ वटा, महिला अधिकार सम्बन्धी ४ वटा, बाल अधिकार सम्बन्धी ६ वटा र बेपत्ता सम्बन्धी १ वटा उजूरी रहेका छन् । त्यसैगरी जेष्ठ नागरिक सम्बन्धी २ वटा, अपाङ्गता सम्वन्धी ३ वातावरणको अधिकार सम्बन्धी १ वटा, आदिवासी जनजातिको अधिकार सम्बन्धी २ वटा गरी जम्मा ६६ वटा उजुरीहरु दर्ता हुन आएका छन् । प्राप्त उजुरीहरुको प्रकृति हेर्दा न्याय प्रशासन, जीवनको अधिकार, शान्तिपूर्वक भेला भई सभा सम्मेलन गर्न पाउने अधिकार, स्वास्थ्य, शिक्षा, रोजगारी, महिला अधिकार, घरेलु हिंसा, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार र जेष्ठ नागरिकको अधिकार लगायतका विषयसंग सम्बन्धित उजूरीहरु रहेको देखिन्छ ।

### १.३.५. जिल्लागत रुपमा परेका उजुरीहरु

आर्थिक बर्ष २०७९/२०८० को साउन देखि असार मसान्तसम्म यस कार्यालयमा सवैभन्दा बढी काठमाण्डौ जिल्लाका कूल ४४ थान उजुरी दर्ता भएका छन् भने मकवानपुर जिल्लाका ६, सिन्धुली, ललितपुर, चितवन, काभ्रेपलाञ्चोक जिल्लामा २/२ वटा, भक्तपुर, सिन्धुपाल्चोक जिल्लामा ३/३ वटा दोलखा, रामेछाप जिल्लामा १ वटा उजुरीहरु गरी यस आर्थिक वर्षमा जम्मा ६६ वटा उजुरीहरु दर्ता भएका छन् । रसुवा, नुवाकोट र धादिङ्ग जिल्लाबाट कुनै पनि उजुरी दर्ता भएको देखिदैन ।

### १.३.६ महासन्धिमा आधारित उजुरीहरु

महासन्धिमा आधारित उजुरीहरुको प्रकृति हेर्दा विगत वर्षदेखि यस आर्थिक वर्षसम्म यस कार्यालयको क्षेत्राधिकार भित्र जम्मा ५९७ वटा उजुरीहरु बिचाराधीन रहेकोमा यस आ.व. को अन्त्य सम्ममा ६७ उजुरी उपर अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रीय कार्यालय पठाईएको छ । यस कार्यालयमा यस आ.व. को अन्त्य सम्ममा ५९६ वटा उजुरीहरु बिचाराधीन अवस्थामा रहेका छन् । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी विषयमा १२० वटा, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी विषयमा ४४ वटा, यातना विरुद्धको अधिकार सम्बन्धी विषयमा ३४ वटा, व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकारको विषयमा २१६ वटा, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धमा ३ वटा, बाल अधिकारको सम्बन्धमा ४६ वटा, महिला अधिकार सम्बन्धमा ५३ वटा, आप्रवासी कामदारहरुको अधिकार सम्बन्धमा ५३ वटा, जातीय भेदभाव विरुद्धको अधिकार सम्बन्धी विषयमा ३ वटा, अल्पसंख्यकको अधिकार सम्बन्धमा ४ वटा, मानव वेचविखन, शरणार्थीको अधिकार सम्बन्धमा ६ वटा उजुरीहरु दर्ता रहेका छन् ।

### १.३.७ विषयगत आधारमा विगतमा परेका उजुरी

यस कार्यालयमा सबैभन्दा बढी उजूरी व्यक्ति वेपत्ता पार्ने कार्य विरुद्धको अधिकारमा २१६ वटा, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धमा १२० वटा, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारको विषयमा ४४ वटा, यातना विरुद्धको अधिकारमा ३४ वटा उजुरीहरु परेका थिए। यस बाहेक स्वतन्त्रता र सभा सम्मेलनको अधिकार, बिभेद विरुद्धको अधिकार, कैदी बन्दीको अधिकार र स्वच्छ वातावरणको अधिकार हनन् भएको लगायतका विषयहरु समेत रहेका थिए।

आयोगले मानव अधिकार हनन् भएको भनिएका घटनाहरुको सम्बन्धमा आवस्यक परामर्श सेवा पनि प्रदान गर्दै आएको छ। आयोगले आफ्नो क्षेत्राधिकार भित्र नपर्ने उजुरीहरु उपर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा कारबाहीको लागि पठाउने गर्दै आएको छ। यसका साथै उजुरीकर्तालाई कानूनी परामर्श सेवा समेत प्रदान गर्दै आएको छ। यस आ.व. मा कार्यालयले ११० वटा परामर्श सेवा उपलब्ध गराएको छ। विषयगत रुपमा दर्ता भएका उजुरीहरुको विवरण अनुसुची ७ मा राखिएको छ।

### १.३.८ अनुगमन सम्बन्धी गतिविधिहरु

मानव अधिकारको संरक्षणका लागि यस बागमती प्रदेश कार्यालयले कतिपय विषयहरुमा एकल रुपमा र कतिपय विषयहरुमा राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयसंगको समन्वयमा समेत अनुगमन गर्दै आएको छ। मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौता तथा राष्ट्रिय कानूनले प्रदान गरेका हक-अधिकार, राज्यका नीति निर्देशन, मानव अधिकार राष्ट्रिय कार्ययोजना आदि विषयहरुको कार्यान्वयनको अवस्थाको नियमित र आकस्मिक रुपमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्दै आएको छ।

अनुगमनका विषयहरुमा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, महिला अधिकार, यातना विरुद्धको अधिकार, जातीय भेदभाव विरुद्धको अधिकार आदि रहेका छन्। नागरिक तथा राजनीतिक विषयमा समग्र मानव अधिकार अवस्था, कैदीबन्दीहरुको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना लगायतका विषयमा समेत नियमित रुपमा अनुगमन गरिंदै आएको छ। त्यसैगरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सवालमा अस्पताल एवं स्वास्थ्य संस्थाहरुको अवस्था, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो) बाट विस्थापितहरुको अधिकारका अतिरिक्त जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसंख्यक/सीमान्तकृत समुदाय, अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार, आप्रवासी कामदारहरुको अधिकार, मानव वेचविखनको अवस्था लगायतका विषयमा पनि अनुगमन हुँदै आएको छ। यस आ.व. २०७९/०८० मा यस कार्यालयबाट ३१ पटक मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन सम्पन्न भएको छ। जस अन्तर्गत

बिषयगत, आकस्मिक र प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचन समेतको अनुगमन सम्पन्न भएका छन् । सम्पादन भएका कार्यहरुको विवरण अनुसुची ९ मा समावेश गरिएको छ।

### १.३.९ अनुसन्धान सम्बन्धी गतिबिधिहरु

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा, मकवानपुरले मानव अधिकार उल्लंघन र दुरुत्साहनका घटनालाई प्राथमिकतामा राखी कार्य सम्पादन गर्दै आएको छ। यस अवधिमा ६७ वटा उजुरी उपर अनुसन्धान सम्पन्न गरी निर्यणार्थ केन्द्रीय कार्यालयमा पठाइएको छ। सोको विवरण अनुसुची १२ मा समावेश गरिएको छ।

### १.३.१० समन्वय र सहकार्य

आयोगले आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र पर्ने जिल्लाहरुमा मानव अधिकार सम्बन्धी प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्दा प्रदेश सरकार, सरकारी कार्यालयहरु, स्थानीय सरकार अन्तर्गतका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिकाहरु तथा बिभिन्न संघ संस्थाहरुसंग समन्वय र सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। प्रदेश तथा स्थानीय सरकार र अन्य सरोकारवाला निकायसंगको समन्वय र सहकार्यमा सम्पन्न भएका कार्यक्रमहरु थप प्रभावकारी हुने गरेकोले ती निकायहरुसंग सहकार्य गरी समन्वयमा कार्यक्रम सञ्चालन गर्न स्थानीय निकाय र तहहरुबाट यस कार्यालयलाई पत्राचार गरी श्रोत व्यक्ति माग हुने गरेको छ।

### १.३.११ केन्द्रीय कार्यालयबाट भएका पदाधिकारीहरुको भ्रमण तथा कार्यक्रम

आयोगको यस बागमती प्रदेश कार्यालयमा यस आर्थिक वर्ष २०७९/०८० मा केन्द्रीय कार्यालयबाट तपसिल बमोजिमका पदाधिकारीहरुको भ्रमण सम्पन्न भएको छ।

| क्र.सं | पदाधिकारीहरुको नाम | मिति |
|---|---|---|
| १ | माननीय सदस्य मिहिर ठाकुर | २०७९।६।१३ |
| २ | माननीय सदस्य मिहिर ठाकुर | २०८०।१।८ |

## २. बागमती प्रदेशको मानव अधिकारको अवस्था

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयमा आर्थिक बर्ष २०७९/८० मा बार्षिक कार्ययोजना र तत्कालीन आवश्यकता अनुरुप मानव अधिकारको संरक्षण र संवर्द्धनको सवालमा मानव अधिकारको अवस्थाको नियमित अनुगमन तथा मानव अधिकार उल्लघंनका घटनाहरुको अनुगमन गरेको छ। विगत वर्ष झै यस बर्ष पनि कार्यालयले मानव अधिकार उल्लंघन सम्बन्धी उजुरीहरुको अनुसन्धानलाई प्राथमिकतामा राखी कार्य गरिरहेको छ। मानव अधिकारसंग सम्बन्धित विषयहरुमा कार्ययोजना बमोजिम अनुसन्धान अनुगमन तथा विविध कार्यक्रमहरु गरिएको थियो। २०७९ मंसिर ४ मा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को सन्दर्भमा निर्वाचन पूर्व, निर्वाचनको दिन तथा निर्वाचन पश्चात मानव अधिकार दृष्टिकोण बाट अनुगमन गरिएको थियो। त्यसैगरी बाल अधिकार, कैदीबन्दीहरुको मानव अधिकारको अवस्था, अपाङ्गता भएका व्यक्तिहरुको अवस्था, मानसिक स्वास्थ्यको अवस्था, महिला तथा बालबालिकाहरुको अवस्था लगायतका विषयमा आयोगले निरन्तर रुपमा अनुगमन गर्दै आएको छ। कार्यालयले विभिन्न समयमा आयोजित मानव अधिकारको सम्बर्द्धन सम्बन्धी विविध कार्यक्रमहरुबाट प्राप्त तथ्यहरू, सूचना तथा जानकारी लगायत कार्यालयमा प्राप्त हुन आएका उजुरीहरू र विभिन्न सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका मानव अधिकारसंग सम्वन्धित समाचारहरू, मानव अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूद्धारा प्रकाशित प्रतिवेदन समेतको आधारमा यो प्रतिवेदन तयार गरेको छ।

## २.१ नागरिक तथा राजनैतिक अधिकारको अवस्था

हरेक मानिस मर्यादित भएर सम्मानपूर्वक बाँच्न चाहन्छ। सम्मान र मर्यादा हरेक मानिसको नैसर्गिक अधिकार पनि हो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिलाई जीवनको अधिकारको प्रत्याभूति गरिएको छ। स्वेच्छाचारी ढङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने उल्लेख गरिएको छ। नेपालको संविधानले समेत मौलिक हक अन्तर्गत प्रतेक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ।[१] यस आर्थिक बर्षमा राष्ट्रिय मानव अधिकार आयोगमा परेका उजुरीहरुको अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्दा सुरक्षाकर्मीले आरोपित व्यक्तिलाई बल प्रयोग भएको देखिन्छ। नागरिकहरुमा अदालतको आदेशको परिपालनालाई

१ नेपालको संविधान (२०७२) को धारा १६

वेवास्ता गर्ने, नाराबाजी, हुलहुज्जत गर्ने प्रवृत्तिमा समेत बढोत्तरी हुदै गएको छ ।

काठमाण्डौ जिल्लाको शंखरापुर नगरपालिका वडा नं.-३ मा परापूर्वकालदेखि तामाङ्ग, आदिवासी र अन्य स्थानीय समुदाय बस्दै आएकोमा नेपाल विद्युत प्राधिकरणको तामाकोशी काठमाण्डौ २२०/४०० के.भी.विद्युत प्रसारण लाइन रामेछाप-दोलखा हुँदै काठमाण्डौको शंखरापुर नगरपालिकामा निर्माण गरिरहेको तर सोबाट प्रत्यक्ष प्रभावित आदिवासी तथा स्थानीय समुदायलाई कुनै जानकारी नदिएको तथा वातावरणीय मुल्याकन परिक्षण भएको र २०७९ पुस १७ गते शंखरापुर नगरपालिका वडानं.-३ जरसिङ्गपौवामा सवस्टेशन बनाउने भनी नेपाल प्रहरी तथा सशस्त्र प्रहरी खटाइएकोमा आदिवासी तथा स्थानीय समूदायले बिरोध प्रर्दशन गरेको र उक्त आन्दोलनमा सहभागी स्थानीयवासी माथी प्रशासनले बल प्रयोग गरेको अनुगमनबाट देखिएको छ। त्यसैगरी काठमाण्डौ जिल्लास्थित बागमती किनारमा रहेका अव्यवस्थित सुकुम्बासी बस्ती हटाउने काठमाण्डौ महानगरको कार्यप्रति सुकुम्वासीहरुले प्रतिरोध गरी विरोध जनाएका छन् । सुकुम्वासी बस्तिका कारण नदी किनारामा करिडोर निर्माण कार्य समेत प्रभावित भएको छ। सुकुम्वासी बस्ति हटाउन गएका महानगरका सुरक्षाकर्मीमाथि सुकुम्वासीहरुबाट आक्रमण हुँदा महानगरका सुरक्षाकर्मीहरु घाइते समेत भएका थिए। सो सम्बन्धमा तत्कालीन गृहमन्त्री रवि लामिछाने र काठमाण्डौं महानगरपालिकाका नगरप्रमुख बालेन्द्र साहबीच छलफल समेत भएको थियो।

काठमाडौं महानगरपालिका वडा नं.१० स्थित चक्रवर्ती हबी ल कलेजमा शैक्षिक शुल्क बढाएको बिरोधमा भएको प्रदर्शनमा सहभागी भएका मध्ये तीनजना विद्यार्थी प्रहरीको लाठी प्रहारबाट घाइते भए। पाँच वर्षे बिए.एल.एल.बी.को शैक्षिक शुल्क बढाएको भन्दै विरोध प्रदर्शनमा उत्रिएका विद्यार्थीहरुमाथि २०७९ साउन १० गते प्रहरीले लाठी प्रहार गर्दा चक्रवर्ती हबी ल कलेजका तीनजना विद्यार्थीहरु घाइते भएका थिए। कलेजले एकैपटक भारी मात्रामा शुल्क वृद्धि गरेपछि विद्यार्थी सङ्गठनहरूले शुल्क वृद्धिको बिरोधमा २०७९ साउन ८ गते कलेजको लेखा शाखामा तालाबन्दी गरेका थिए। उक्त घटनामा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले अनुगमन समेत गरेको थियो।

**राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय अन्तर्गतका जिल्लाहरुमा मिति २०७९ साउन १ गते देखि २०८० असार मसान्तसम्म भएका घटनाहरु**

| शिर्षक | | चितवन | मकवानपुर | सिन्धुली | रामेछाप | दोलखा | काभ्रेपलाञ्चोक | सिन्धुपाल्चोक | नुवाकोट | धादिङ | रसुवा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु सम्बन्धी घटना | कर्तब्य ज्यान | १० | ६ | ० | ३ | ३ | ६ | ५ | ६ | ४ | ० | ४३ |
| | सवारी ज्यान | ६२ | ४७ | २५ | ६ | ४ | ३७ | ६ | ७ | ४० | २ | २३६ |
| | भवितब्य ज्यान | ८३ | ७१ | ४१ | ३४ | ४८ | ४१ | ३१ | ३२ | ७३ | ७ | ४६१ |
| | कारण नुखलेको | १७५ | ४९ | ११ | १५ | ४ | ५४ | १३ | १९ | ७ | ७ | ३५४ |
| | आत्महत्या दुरुत्साहन | १२ | २ | ४ | ० | ० | २ | १ | १ | ४ | ० | २६ |
| | आत्महत्या | २२४ | १५२ | ९१ | ५१ | ४९ | ९७ | ९९ | ६१ | ११२ | ४ | ९४० |
| घरेलु हिंसा | | ३९५ | ४३२ | ९१ | २१ | ३५ | १८५ | ५८ | ७९ | ६० | ० | १३५६ |
| कुटपिट | | ३ | १ | ० | ० | ३ | १ | १ | ० | १ | ० | १० |
| बाल विवाह | | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ |
| कुल जम्मा | | ९६४ | ७६० | २६४ | १३० | १४६ | ४२३ | २१४ | २०५ | ३०१ | २० | ३४२७ |

*श्रोतः बागमती प्रदेश प्रहरी कार्यालय हेटौडा*

## आ.व. २०७९/८० मा काठमाण्डौ भक्तपुर र ललितपुर जिल्लामा उमेर समुह अनुसार सवारी दुर्घटनाको विवरणः

| जिल्ला | दुर्घटना संख्या | दुर्घटनामा संलग्न चालकको उमेर | | | उमेर समूह अनुसार सवारी दुर्घटना विवरण | | | | | | | | | | | | | | | | चौपाया | | इलाका अनुसार | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ६ वर्ष मुनी | | | | ६ देखि १६ | | | | १६ देखि ३५ सम्म | | | | ३५ भन्दा माथी | | | | | | | | |
| | | | | | बालक | | बालिका | | बालक | | बालिका | | पुरुष | | महिला | | पुरुष | | महिला | | | | | | |
| | | १६-२५ | २५-४० | ४० भन्दा माथि | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | मृत्यु | घाईते | घाईते | मृत्यु | शहरी सडक | ग्रामिण सडक | हाईवे सडक |
| काठमाण्डौ | ७५३७ | ३७९९ | ६५५४ | ३२६५ | ० | ६९ | ३ | ४३ | ३ | १२३ | १ | ८४ | ५७ | २७९० | १० | ९७८ | ३९ | १०८४ | १७ | ५३९ | १ | ३ | ६९३४ | २५ | ५७८ |
| ललितपुर | १९४६ | १०२० | १६५० | ७९१ | ० | २१ | ० | ११ | ० | ३३ | ० | २२ | १५ | ८२५ | ५ | २७९ | ९ | ३३३ | ४ | १६१ | ० | १ | १५९९ | ५० | २९७ |
| भक्तपुर | ११९२ | ७०१ | १०१३ | ४४७ | २ | २१ | ० | १० | १ | २६ | ० | १४ | ११ | ५८० | २ | १९३ | ६ | २२९ | २ | ९३ | ० | ० | ५८१ | ७२ | ५३९ |
| जम्मा | १०६७५ | ५५२० | ९२१७ | ४५०३ | २ | १११ | ३ | ६४ | ४ | १८२ | १ | १२० | ८३ | ४१९५ | १७ | १४५० | ५४ | १६४६ | २३ | ७९३ | १ | ४ | ९११४ | १४७ | १४१४ |

*श्रोतः काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथ, काठमाण्डौ*

**आ.व. २०७९/८० मा जिल्लागत रुपमा भएको सवारी दुर्घटनाको विवरण:**

| क्र. सं | जिल्ला | मृत्यु | | | | | गम्भीर घाईते | साधारण घाईते | जम्मा घाईते | दुर्घटना संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | बालक | बालिका | जम्मा | जम्मा | जम्मा | | |
| १ | चितवन | ६६ | ६ | १ | ३ | ७६ | १६९ | ४१२ | ५८१ | ३०६ |
| २ | मकवानपुर | ५२ | ९ | २ | ० | ६३ | १८३ | ४१२ | ५९५ | २५५ |
| ३ | सिन्धुली | २६ | ४ | २ | २ | ३४ | ७१ | ३१५ | ३८६ | १८२ |
| ४ | रामेछाप | ४ | ४ | ० | १ | ९ | २७ | ७१ | ९८ | ३३ |
| ५ | दोलखा | ३ | १ | ० | ० | ४ | २६ | २६ | ५२ | २७ |
| ६ | काभ्रेपलाञ्चोक | ३२ | १० | ३ | २ | ४७ | १०८ | २१९ | ३२७ | १५६ |
| ७ | सिन्धुपाल्चोक | ७ | २ | १ | ० | १० | ३५ | ७४ | १०९ | ५० |
| ८ | नुवाकोट | ११ | ३ | ० | १ | १५ | २६ | १८४ | २१० | ८१ |
| ९ | धादिङ | २९ | ४ | ३ | १ | ३७ | ७८ | ४१९ | ४९७ | २४९ |
| १० | रसुवा | ४ | ० | ० | ० | ४ | ६ | ३० | ३६ | २२ |
| | जम्मा | २३४ | ३४ | १२ | १० | २९९ | ७२९ | २१६२ | २८९१ | १३६१ |

**आ.व २०७९।०८० मा सवारी दुर्घटनामा बाट बागमती प्रदेशमा भएको क्षतीको विवरण:**

| क्र.स | घटना विवरण | संख्या |
|---|---|---|
| १ | दुर्घटना | १२३७ |
| २ | मृत्यु संख्या | ४८२ |
| ३ | गम्भिर घाईते | ९८७ |
| ४ | सामान्य घाईते | १०४६१ |

*श्रोतः राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर चितवन*

## २.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को नेपाल पक्ष राष्ट्र हो । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले व्यक्तिको खाद्य, स्वास्थ्य, शिक्षा, आवास र रोजगारीको अधिकारलाई सुनिश्चित गर्दछ। नेपालको संविधानमा मौलिक हक अन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रिय सन्धिको अनुमोदन पश्चात पक्ष राष्ट्रले उक्त सन्धिका प्रावधानहरुलाई आफ्नो घरेलु कानून सरह कार्यान्वयनमा ल्याउनु राज्यको दायित्व हो । मौलिक हकको रुपमा शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास र रोजगारीको हक, कानून, नीति, तथा कार्यक्रम र योजनाको अभावमा थप चुनौतिपुर्ण देखिंदै आएको छ। संविधान प्रद्धत हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ।  साथै कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने ब्यवस्था छ। त्यस्तै प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ।

नेपाल सरकारले विपन्न नागरिकको उपचार खर्चको भुक्तानी रोकिंदा स्वास्थ्य विमा कार्यक्रममा आवद्ध विरामीहरुको उपचारमा अस्पतालले सेवा बन्द गर्दा विपन्न नागरिकहरू स्वास्थ्य सेवाबाट बञ्चित हुनु परेको छ । विपन्न नागरिककालागि सरकारले उपलब्ध गराउने रकम स्वास्थ सेवा विभागको नसिंङ तथा सामाजिक सुरक्षा महाशाखाले भुक्तानी गर्दै आएको थियो। बागमती प्रदेशका अधिकांश स्वास्थ्य संस्थाहरुले श्रावण महिनादेखि हालसम्म भुक्तानी पाएका छैनन्। बीर अस्पताल, गंगालाल राष्ट्रिय केन्द्रमा समेत रकम भुक्तानी नहुँदा उपचारमा समस्या देखिएको छ । गंगालाल अस्पतालमा विपन्नहरुमा सेवा लिन आउने दैनिक १० देखि १५ जना सेवाग्राहीमध्ये ८ देखि १० जनाको अप्रेसन नै गर्नु पर्ने अवस्था रहेको छ । नुवाकोट जिल्ला अस्पताल, त्रिशुलीले २०७९ असोजबाट ५ वटा मेसिन मार्फत डाइलसिस सेवा शुरु गरेको थियो । उक्त अस्पतालमा धादिंङ, काठमाण्डौ, रसुवा र नुवाकोट जिल्लाबाट मृगौला रोगका बिमारीहरु डायलसिसका लागि आउने गरेको पाइन्छ। अस्पताल विकास समिति त्रिशुलीका अध्यक्ष राजु पण्डितले समितिले खर्च व्यहोरेर सेवा उपलब्ध गराएको बताए। त्रिशुली अस्पतालमा डाइलसिसका लागि दैनिक ४ देखि ६ जना सम्म विरामी उपचारका लागि आउने गरेको पाइयो। २०७२ सालदेखि स्वास्थ्य वीमा कार्यक्रम लागू भएका जिल्लाहरुमा भुक्तानी नभएका कारण अस्पतालले स्वास्थ्य वीमा कार्यक्रम बेला बेलामा स्थगन गर्दै आएको छ। यसबाट नागरिकको स्वास्थ्यको अधिकारमा प्रत्यक्ष प्रभाव समेत परेको पाइयो।

सिन्धुपाल्चोक जिल्लाका गाउँमा स्वास्थ्यचौकी भए पनि औषधीको अभावमा जुगल गाउँपालिका-३ तेम्बाथानका नागरिकहरू बिरामी हुँदा उपचारको लागि हेलिकोप्टर चार्टड गरेर काठमाडौं पुग्नुपर्ने वा जङ्गली जडिबुटीमै भर पर्नुपर्ने अवस्था रहेको छ। सामान्य उपचारको लागि तेम्बाथानमा स्वास्थ्य चौकी भए पनि त्यहाँ सिटामोल बाहेक अरु औषधी पाइदैंन। बिरामी भएकै

दिन अस्पताल पुऱ्याउन कठिनाई हुन्छ । अस्पताल जानै परे पनि दुई दिनको बाटो भएर कात्तिके बजारमा रहेको मेडिकल पुग्नुपर्छ । शेर्पा समुदायको बसोवास रहेको यस गाउँमा सुत्केरी ब्यथा लाग्दासमेत हेलिकप्टर खोज्नुपर्ने वा जङ्गली जडीबुटीकै भर गर्नुपर्ने बाध्यता रहेको पाइएको छ ।[२]

## २.३ जातीय भेदभाव विरुद्धको अधिकारको अवस्था

नेपालले जातीय भेदभाव विरूद्धको महासन्धिलाई अनुमोदन गरी राष्ट्रिय कानूनद्वारा छुवाछुत तथा जातीय भेदभावलाई दण्डनीय बनाइएको छ । कानूनी रुपमा दण्डनीय अपराध भएतापनि व्यवहारतः अझै पनि जातीय आधारमा छुवाछुत र विभेद हुने गरेको पाइन्छ । राष्ट्रिय दलित आयोगले आ.व. २०७८/७९ को दोश्रो वार्षिक प्रतिवेदन २०७९ मसिर २५ गते बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्मा समक्ष प्रस्तुत गरेको छ । सो प्रतिवेदन अनुसार दलित समूदायको शिक्षाको अवस्था तर्फ कक्षा ८ उतिर्ण गर्ने २५ प्रतिशत एसइइ उतिर्ण गर्ने १.६ प्रतिशत र साक्षरता ४९ प्रतिशत रहेको, स्वास्थ्य तथा सरसफाइमा न्यून पहुँच, रोजगारीको अवसरमा ४२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको र १.९४ प्रतिशतमा मात्र रोजगारीको अवसर रहेकोले दलित समूदाय चरम गरिबीमा रहेको देखिन्छ ।[३]

## २.४. महिला अधिकारको अवस्था

नेपालमा जनसंख्याको आधा भन्दा बढी महिलाहरुको जनसंख्या रहेको छ । जबसम्म महिलाहरुको समग्र अवस्थामा सुधार आउँदैन, तबसम्म मुलुकले विकासको गतिलाई अघि बढाउन सक्दैन् । महिला उपर हुने सवै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ ले महिला उपर हुने शारीरिक, मानसिक, सामाजिक, राजनीतिक विभेद अन्त्य गर्नुपर्ने कुरामा जोड दिएको छ । नेपालको संविधान र नेपालको अन्य कानूनले महिला अधिकार संरक्षित र सुरक्षित गरेको भएतापनि कार्यान्वयन पक्ष अझै कमजोर रहेको छ । बागमती प्रदेशमा अझै पनि महिलालाई घर परिवार र समाजले विभेद गर्ने गरेको छ । दाइजो नल्याएको वा कम ल्याएको नाममा घरबाट निकाला गर्ने, मानसिक र शारीरिक यातना दिने तथा हत्या गर्ने सम्मका घटनाहरु हुने गरेको पाइन्छ । महिलाहरुको अपहरण गर्ने, घरेलु हिंसा तथा दुर्व्यवहार गर्ने लगायत यौनजन्य हिंसाका घटनाहरुमा दिनानुदिन बृद्धि भैरहेको देखिन्छ । परिवारभित्र महिलाहरुको निर्णय प्रकृयामा भूमिका न्यून हुने, सम्पत्तिमा पहुँचको कमि रहेको देखिन्छ । यस प्रदेश भित्र चेपाङ्ग, जिरेल, दलित, माझी, दनुवार आदि समुदायमा बालविवाह हालसम्म पनि प्रमुख समस्याका रुपमा देखिएका छन् । महिलाले घरमा गरेको काम र श्रम शक्तिको आर्थिकरुपमा मूल्याङ्कन नहुँदा महिलाहरुको आर्थिक पर-निर्भरतामा बृद्धि हुनु, संविधान कानूनी रुपमा समान कामका लागि समान ज्याला भनिएता पनि अनौपचारिक क्षेत्रमा यो ब्यवस्था लागु भएको पाइदैंन । [४]

२ राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले अनुगमन प्रतिवेदन

३ राष्ट्रिय दलित आयोगले आर्थिक बर्ष २०७८/२०७९ को दोस्रो बार्षिक प्रतिवेदन पृष्ठ नं ९

४ कान्तिपुर दैनिक २०७९ मंसिर २३

काठमाण्डौ महानगरपालिका स्थित धुम्बाराहीका सुधन संग्रौलासंग इङ्गेजमेण्ट (टिकाटालो) गरेपनि केटापक्षले सम्झौता तोडेपछि २०७९ मंसिर २१ गते पुष्पा न्यौपानले सुधन संग्रौलाको घरको मूल गेटमै आत्मदाह गरिन् । गत भाद्रमा परम्परा अनुसार टिकाटालो भई एक बर्ष भित्रमा विवाह गर्ने सहमति गरिएकोमा सुधनले पुष्पाको घरमा गएर इङ्गेजमेण्ट (टिकाटालो) मा भएको सहमति तोडिएको बताएका थिए । २०८० मंसिर १८ गते केटापक्षले घरमा बोलाई थप मानसिक यातना दिएपछि दुई पक्षवीच विवाद भएको र पुष्पाले सुधनको घरअगाडि आत्मदाह गरेकी थिइन् । आत्मदाह पश्चात घाइते पुष्पालाई उपचारको लागि किर्तिपुरस्थित बर्निङ्ग सेण्टर भर्ना गरिएकोमा उपचारको क्रममा निजको निधन भएको थियो ।[५]

यसैगरी ललितपुरस्थित एक कलेजको अनुशासन उल्लंघन गरेको भन्दै कलेजले अनुशासनमा रहन चेतावनी दिएपश्चात सप्तरी जिल्ला घर भई ललितपुर जिल्लास्थित सानेपा डेरा गरी बस्ने १६ बर्षिया सदिक्षा चौधरीले आत्महत्या गरेको जानकारी प्राप्त हुन आएको छ । [६]निज छात्रा २०७९ मंसिर २२ गते आफ्नै कोठामा झुण्डिएको अवस्थामा फेला परेकी थिइन् । उपचारको लागि निजलाई पाटन अस्पताल पुऱ्याइएकोमा उपचारको क्रममा निजको मृत्यु भएको थियो ।

घरेलु हिंसा घरपरिवार भित्र हुने हिंसा हो । घर परिवारका सदस्यबाट नै हुने हिंसा हो । हरेक वर्ष घरेलु हिंसाका उजुरी दिने क्रम बढेको छ । प्रहरीको तथ्याङ्क अनुसार महिलामाथि हुने घरेलु हिंसाको उजुरी गएको पाँच वर्षमा दोब्बर भएको छ । हाम्रो घर परिवारका हिंसा जति उजुरी आएका छन्, त्यो भन्दा बढी त अझ सहने गुपचुप राख्ने प्रवृत्ति आज पनि व्यापक छ । घरेलु हिंसा मानवीय संवेदनाविरुद्धको आक्रमण हो । घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६ ले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ भनी परिभाषित गरेको छ ।[७] घरेलु हिंसाको मारमा बढी महिला नै परेका छन् । त्यसको हिस्सा बालबालिका र ज्येष्ठ नागरिकमा पनि छ । यसको प्रभाव अशिक्षित, गरिब र पिछडिएको क्षेत्रमा बढी छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले समेत घरेलु हिंसा नियन्त्रणका लागि आवश्यक पर्ने अधिकार संरक्षण गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ ले सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार छ । त्यसै गरी महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को समेत नेपाल पक्ष राष्ट्र बनेको छ । नेपालको संविधानमा नै स्वतन्त्रताको हक, महिलाको हक, अपराध पीडितको हक लगायतका हकलाई मौलिक हकका रूपमा राखिएको छ । यसका लागि कानुन भएर मात्र पनि हुँदैन । यसका लागि त सबैमा हिंसारहित मानसिकता निर्माण गर्नु जरुरी छ । हिंसालाई प्रतिकार गर्न र तुरुन्त कानुनी उपचार भई पीडितले न्याय र पीडकले सजाय पाउने व्यावहारिक अभ्यासको खाँचो

५ कान्तिपुर राष्ट्रिय दैनिक २०७९ मंसिर २३

६ राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले अनुगमन प्रतिवेदन २०७९

७ घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६ दफा २

छ। महिलाले गर्ने घर भित्रको कामको आर्थिक मूल्य कायम हुनु पर्छ। अर्कोतिर समावेशिताको अभ्यास भान्छाकोठाको कामबाट सुरु हुनु पर्छ। जसले गर्दा परिवारका हरेक सदस्यमा समान अवसर र पहुँचको अवस्था निर्माण हुन्छ। घरेलु हिंसा सबै भन्दा बढी हुने र सबै भन्दा कम देखिने हिंसाको किसिम हो। यो घर भित्रै अदृश्य र गुपचुप रहेको हुन्छ। हामी सबैको साझा प्रयासबाट घरेलु हिंसाको रोकथाम र न्यूनीकरण गर्न सम्भव छ।[८] त्यसका लागि समाजका सबै तहका र क्षेत्रबाट अभियान नै सञ्चालन गरीनुपर्दछ। बागमती प्रदेश सरकारले आ.ब.२०८०/२०८१ को निति योजना र बजेट कार्यक्रममा घरेलु हिंसा न्यूनिकरणका लागि कार्यक्रम समावेश गरेको छ।[९]

घरेलु हिंसा घरमा हुने हिंसा हो। घर परिवारका सदस्यबाट हुने हिंसा हो। घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६ ले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ भनी परिभाषित गरेको छ। घरेलु हिंसाको मारमा बढी महिला परेका छन्। त्यसको हिस्सा बालबालिका र ज्येष्ठ नागरिकमा पनि छ। यसको प्रभाव अशिक्षित, गरिब र पिछडिएको क्षेत्रमा बढी छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ ले सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार छ। त्यसै गरी महिलाविरुद्ध हुने सबैप्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, १९७९ को समेत नेपाल पक्ष राष्ट्र बनेको छ। नेपालको संविधानमा नै स्वतन्त्रताको हक, महिलाको हक, अपराध पीडितको हक लगायतका हकलाई मौलिक हकका रूपमा राखिएको छ । त्यसको प्रभावकारी कार्यान्वयन नै अहिलेको आवश्यकता हो।

## २.५ बाल अधिकारको अवस्था

बालबालिका मुलुकका भविष्य हुन्। मानिसका अधिकार सरह बालबालिकाका पनि आधारभुत अधिकारहरु हुन्छन्। बालबालिकाले बालबालिका भएको कारण अन्य व्यक्ति सरह पाउनु पर्ने अधिकार नै बाल अधिकार हो। नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक सम्बन्धी ब्यवस्था गरिएको छ। जसमा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्म दर्ताको हक हुने, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार-सम्भार प्राप्त गर्ने, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने ब्यवस्था रहेको छ। कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, प्रारम्भिक बाल विकास तथा बाल-सहभागिताको हक हुने, सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने, घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने,

---

८ गायत्री लम्साल गोरखापत्र दैनिक २०८० असार ३१ पृष्ठ ५

९ बागमती प्रदेश सरकारको निति योजना र बजेट २०८०

बाल अनुकूल न्यायको हक हुने, असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने उल्लेख छ। यसप्रकार संविधानले निर्देशित गरे विपरितका कार्य गरेमा त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम न्यायोचित क्षतिपूर्ति पाउने हक हुने कुरा समेत मौलिक हकमा समावेश गरिएको छ। नेपालले बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,१९८९ लाई अनुमोदन गरेको छ। संविधानको मौलिक हक एवं बाल अधिकार महासन्धिको दायित्व पुरा गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ जारी भएको छ।

बालबालिकाको जीवनको अधिकार, संरक्षित हुने अधिकार, विकास तथा सहभागिताको अधिकारलाई संरक्षण गर्न सरकारी तहमा विभिन्न सकारात्मक प्रयासहरु थालनी हुन लागेका छन्। निःशुल्क शिक्षाको लागि राज्यबाट लगानी बढेको देखिएको छ। सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा, बालमैत्री पठन पाठन, दण्डरहित विद्यालयमा पठन-पाठन गर्ने लगायतका सरकारी एवं गैरसरकारी तवरमा प्रयास भैरहेको पाइन्छ। सरकारी विद्यालयतर्फ यसको समुचित व्यवस्थापन र प्रभावकारी अनुगमन, मूल्याङ्कनको अभावले सरकारी विद्यालयतर्फ अभिभावकको आस्था र विश्वासमा खासै बढोत्तरी हुन सकेको छैन। विद्यालयमा विद्यार्थीलाई अनुशासनको नाममा दिइने शारीरिक र मानसिक यातना, सार्वजनिक विद्यालयले विभिन्न शीर्षक अन्तर्गत उठाउने शुल्क निर्धारण गरी रकम लिने कार्यबाट निःशुल्क शिक्षालाई चुनौती नै थपिदिएको छ।

मकवानपुर जिल्लाको बकैया गाउँपालिका वडा नं.-१२ ठिंगनका श्रीजल थिङले विद्यालय टाढा भएको कारण आफ्नो पढाइ विचमै छाड्न बाध्य भएको जानकारी प्राप्त हुन आयो। थप अध्ययन गर्ने चाहना हुँदा हुदै पनि उक्त स्थानका कलिला बालबालिकालाई तीन घण्टा सम्म पैदल हिडेर विद्यालय जानु पर्ने अवस्था रहेकोले निमावि अध्ययनका लागि दिनदिनै हिड्न सम्भव नभएको विद्यार्थीहरु डेरा नै बस्नु पर्ने भएकाले विच मै पढाइ छाड्ने गरेको समेत पाइयो।[१०] मकवानपुर जिल्लाकै भीमफेदी गाउँपालिका वडा नं.६ स्थित महेन्द्र माध्यमिक विद्यालयका छात्रहरू माथि २०७९ पुस १८ गते भएको दुर्व्यवहारको घटनाको सम्बन्धमा मिति २०७९ पुस १९ गते आयोग समेतको टोलीले अनुगमन गर्दा विद्यालयको कक्षा ८ मा अध्ययनरत एक छात्रलाई सोही विद्यालयमा अध्यनरत कक्षा ९ र १० मा अध्ययनरत तीन जना छात्रहरूले कुटपिट गरेर घाइते बनाएपछि विद्यालय प्रशासनले ईलाका प्रहरी कार्यालय, भीमफेदीमा उजुरी गरेको र उक्त घटनामा संलग्न विद्यार्थीबीच भएको विवाद समाधान गर्न प्रहरी समेतको संलग्नतामा विद्यार्थीलाई सजाय दिने बहानामा कक्षा ८, ९ र १० मा अध्यनरत २८ जना विद्यार्थिहरुको कपाल काटिदिएको थियो। आयोगको नेतृत्वमा सिविन, इन्सेक सहितको टोलीको अनुगमन पश्चात उक्त विवादको समाधान भएको थियो।[११]

१०	राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले अनुगमन प्रतिवेदन२०७९

११	राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले अनुगमन प्रतिवेदन २०७९

विगत सात वर्षदेखि दोलखा जिल्लाको पुरानो मध्येको एक जिरी माध्यामिक विद्यालयमा जस्ताको टहरामा पठनपाठन हुँदै आएको र उक्त विद्यालयमा हाल ६ सय ५० भन्दाबढी विद्यार्थी हरेक दिन सकसपूर्ण रुपमा जीर्ण अस्थायी टहरामा पढन् बाध्य रहेका छन् । नेपाल सरकार अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पहलमा चीन सरकारले जिरी माध्यामिक विद्यालयको २०६९ सालमा सर्वेक्षण गरेर २०७४ सालमा विद्यालय भवन निर्माण गरिसक्ने सहमति पत्रमा हस्ताक्षर भएपनि सहमति बमोजिम हालसम्म विद्यालय भवनको जग समेत खनिएको छैन ।

सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका वडा नं.-६ अमारेस्थित ग्रामकाली माध्यमिक विद्यालयमा कक्षा ७ मा अध्ययनरत ११ बर्षिया बालिका गोमा विकलाई २०७९ कात्तिक २१ गते सामाजिक शिक्षाका शिक्षक मिलन दाहालले कुटपिट गरेको र कुटपिटपछि निज बालिका घरमा पुगि सोही दिन दिउँसो करिव १६:४० बजे आत्महत्या गरेको पाइयो । सो घटनामा प्रहरीले आत्महत्या दुरुत्साहनको जाहेरी लिई अनुसन्धान प्रारम्भ गरेको छ ।[१२]

काभ्रेपलाञ्चोक जिल्ला बेथानचोक गाउँपालिका वडा नं.-३ स्थित बेथानचोक आधारभुत बिद्यालयका शिक्षकहरु भरत बहादुर के.सी र गणेश प्रसाद दाहालबाट यौन दुर्व्यवहार हुने गरेको भनी २०७९ मंसिर १३ गते विद्यालयमा अविभावकहरुले उजुरी गरेका थिए ।

ललितपुर जिल्लास्थित विश्व निकेतन सेकेन्डरी स्कूल त्रिपुरेश्वरमा होटल म्यानेजमेन्ट विषयमा कक्षा ११ मा अध्ययन १६ बर्षिया बालिकालाई २०७८ मंसिर ५ गते कलेज जाँदा कलेजका अनुशासन प्रमुखले विभिन्न लाञ्छना लगाई मानसिक तनाव दिइएकोले मिति २०७९ असोज २१ गते करिब विहान १०:१० बजे सुसाइड नोट लेखि झुण्डी आत्महत्या गरेको भनी मृतककी आमा शारदा विष्टले उजूरी दर्ता गरेको पाइयो । [१३]

मकवानपुर जिल्ला बकैया गाँउ पालिका वडानं.-५ स्थित पावस गाँउमा रहेको गितावर आधारभुत विद्यालयका शिक्षकशरुले गाउँपालिकाका अध्यक्षयका छोराको विवाहमा जन्ती जानका लागि विद्यालय नै बन्द गरी बिवाहमा गएको भनी ग्यालेक्सी फोर के टेलिभिजनमा प्रशारण भएको समाचार प्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भिर ध्यान आर्कषण भई सो बिषयमा आयोगको टोलीले मिति २०७९ चैत्र १ गते बकैया गाउँ पालिका वडा नं.-५ मा रहेको श्री गितावर आधारभुत विद्यालयमा अनुगमन गरेको थियो । आयोगको नेतृत्वमा सिविन, इन्सेक सहितको टोलीको अनुगमन पश्चात उक्त विवादको समाधान भएको थियो ।[१४]

---

१२ राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले अनुगमन प्रतिवेदन २०७९

१३ आयोगको बागमती प्रदेश कार्यालयलको उनुरी विवरण अनुसार

१४ राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले अनुगमन प्रतिवेदन२०७९

## २.६ बलपूर्वक बेपत्ता विरुद्धको अधिकारको अवस्था

सशस्त्र द्वन्द्वको अबधिमा राज्य पक्षवाट बेपत्ता पारिएका र तत्कालीन विद्रोही पक्षवाट अपहरण गरी अवस्था अज्ञात रहेका व्यक्तिहरूको विस्तृत शान्ति सम्झौता पश्चात पनि अवस्था सार्वजनिक हुन सकेन। यसैगरी बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था ३० दिन भित्र सार्वजनिक गर्ने सहमति भए पनि सो सहमति कार्यान्वयन हुन सकेन। राज्यले सशस्त्र द्वन्दको अबधिमा घटेका घट्नाहरुको सम्बोधन गर्न बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापना गर्‍यो। दुवै आयोगलाई दुईबर्षे कार्यकाल दिइएको र अर्को दुई बर्ष अवधि थप गरिएको भए पनि छानवीन मार्फत सत्य स्थापित तथा बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक हुन सकेन्। द्वन्द्व पीडितका परिवारलाई राज्यको तर्फबाट प्रदान गरिदैं आएको राहत रकम पाए नपाएको सम्बन्धमा यस बागमती प्रदेश कार्यालय अर्न्तगतका १३ वटै जिल्लाका जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिएको थियो। जिल्लाहरुवाट प्राप्त तथ्याङ्कको आधारमा हेर्दा मृतक परिवार, बेपत्ता परिवारका अधिकांश आफन्तहरुले राहत रकम प्राप्त गरी सकेको अभिलेखबाट देखिन आउँछ। यस आर्थिक बर्षको अन्त्यतिर मात्र सशस्त्र द्वन्द्वका घटनासंग सम्बन्धित ऐनलाई संशोधन गर्न संसदमा विधेयक दर्ता भएको छ। पीडितमैत्री संशोधन नभएको भनी नागरिक समाजले उक्त विधेयकको विरोध गरेका छन्। प्रतिनिधि सभाको विघटन पश्चात २०७९ असोज मसान्तसम्म संसदमा छलफलका लागि प्रस्तुत गर्ने भनिएको विधेयक संसदमा दर्ता हुन सकेन। प्रतिनिधि सभाको निर्वाचन पछि गठित सरकारले उक्त विधेयक लाई प्रथामिकतामा राखी संसदमा प्रस्तुत गरी हाल विधायन समितिमा विचाराधिन रहेको छ।

## २.७ यातना विरुद्धको अधिकार

नेपालको सविधानले यातना विरुद्धको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले पनि प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान तथा अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन निषेध गरेको छ। त्यस्तो कार्य गरेमा कसुरको गाम्भीर्यता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा ७ ले पनि यातनालाई निषेध गरेको छ। यातना, क्रुर र अमानवीय एवं अपमानजनक व्यवहार विरुद्धको महासन्धि, १९८४ लाई नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा नीति, कानूनी संरचना बन्न ढिला भइ सकेको छ। अभियुक्तको सावितिको आधारमा प्रमाण संकलन गर्ने पुरानो अनुसन्धान पद्धतिको निरन्तरताका कारण प्रहरी हिरासतमा यातना, कुटपिट, दुर्व्यवहार भएको

भनि आरोपित  घटना सम्बन्धमा आयोगको यस कार्यालयमा उजुरी दर्ता भई अनुसन्धानको क्रममा रहेका छन् ।[१५]

## २.८. मानव बेचविखन तथा अप्रवासनको अवस्था

बैदेशिक रोजगारीको बहानामा महिलालाई यौन शोषण गरी भारत लगायत विश्वका विभिन्न देशहरुमा पुर्‍याई बेचविखन गर्ने प्रचलन रहेको देखिन्छ। बैदेशिक रोजगारीको वहानामा विभिन्न मुलुकमा राम्रो कामको आश्वासनमा मानव तस्करी हुने गरेको पाइन्छ। अस्ट्रेलियास्थित सरकारी निकाय अस्ट्रेलियन इन्स्टिच्युट अफ हेल्थ एन्ड वेलफेयरले सार्वजनिक गरेको सन् २०२१ को तथ्याङ्क अनुसार हरेक ५ जना मध्ये १ जनामा मानसिक रोगको समस्या रहेको उल्लेख गरिएको छ । जनसंख्या बढेसंगै नेपालबाट आउने युवाहरुको संख्या बढ्दै गएको र सोचेभन्दा पृथक वास्तविकता हुने गरेको, परिवार तथा सामाजिक सम्पर्कबाट टाढा हुने, दुर्व्यसनमा फँस्ने, स्वास्थ्यमा ध्यान दिन नसकेको कारण आप्रवासी नेपाली हरुमा मानसिक स्वास्थ्यको समस्या बढ्दै गएको पाइएको छ। [१६]

## २.९. अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको अवस्था

नेपालमा अपाङ्गता भएका ब्यक्तिहरुको आफ्नै पीडा र समस्या रहेको छ। नेपालको संविधान (२०७२) ले अपाङ्गता भएका ब्यक्तिको अधिकारलाई मौलिक हकमा राखेको पाइन्छ। त्यसैगरी अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७५ नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७७/७८–०८१/८२), अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण निर्देशिका,२०७३, अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ लगायत कानूनी र संरचना तथा व्यवस्था रहेका छन् । नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण सम्वन्धी महासन्धि अनुमोदन गरिसकेको छ । सन्धिका प्रावधान बमोजिम सरकारी, सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचकोलागि पुरा गर्नुपर्ने आधारभूत पूर्वाधारको विकास हुन सकेको छैन। राज्यबाट अपाङ्गता भत्ताको व्यवस्था गरेतापनि अपाङ्गता भएका सवै बर्ग र व्यक्तिमा पहुँच पुग्न सकेको छैन । यसै सन्दर्भमा अपाङ्गता भएका ब्यक्तिहरुलाई काठमाण्डौ उपत्यकाका सार्वजनिक यातायातमा चढ्न र ओर्लन समस्या भएको भनी यस कार्यालयमा परेको उजूरीको सम्बन्धमा आयोगको यस कार्यालयले सरोकारवाला निकायसंग परामर्श छलफल सम्पन्न गरी अपाङ्गता भएका व्यक्तिहरुलाई सहज रुपमा सार्वजनीक सवारी साधनमा सहज पहुँचका लागि आवश्यक प्रबन्ध मिलाउने पहल गरेको छ।

---

१५ राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको उजुरी २०८०

१६ अस्ट्रेलियास्थित सरकारी निकाय अस्ट्रेलियन इन्स्टिच्युट अफ हेल्थ एन्ड वेलफेयरले सार्वजनिक गरेको सन् २०२१

रामेछाप जिल्लामा अपाङ्गता भएका महिला र बालिकाहरू बलात्कारका घटनामा पीडित हुनेको संख्या बढ्दो क्रममा पाइएको छ। सन २०२२ मा जिल्लामा अभिलेख गरिएका मानव अधिकार उल्लंङ्घन तथा ज्यादतीका घटनालाई हेर्दा बलात्कारका घटनामा पीडित महिला र बालिकाहरूमा पूर्णरूपमा अपाङ्गता भएकासम्म पीडित भएका छन् । जिल्लामा वर्षभरीमा भएका १८ ओटा बलात्कारका घटना अभिलेख भएकोमा ६ जना अपाङ्गता भएका महिला र बालिका बलात्कारका घटनामा पीडित भएका छन् । बागमती प्रदेश सभाबाट पारित प्रदेश निजामति सेवा ऐन २०७९ ले अपाङताको लागि संघिय निजामती सेवा ऐन बमोजिम छुटयाउनुपर्ने पाँच प्रतिशतबाट घटाएर ३ प्रतिशत कोटा निधारण गर्ने कार्यबाट यस प्रदेशका अपाङ्गता भएका व्यक्तिको संविधानको सामानता, समावेशीता र सहभागीताको मौलिक हक हनन् भएको पाइन्छ[१७] ।

भरतपुर महानगरपालिका-१३ ब्रम्हापुरी निवासी १३ वर्षीय बालक अविशेक सुनार बौदिक अपाङ्गता रोगबाट पीडितभइ स्वास्थ्य उपचारको अभावमा बिगत चार वर्ष देखि घर भित्रै दाम्लोमा शिर्षककम नयाँपत्रिका दैनिकमा[1] समाचार प्रकाशन भए पश्चात आयोगका बागमती प्रदेश कार्यालयले २०८० जेठ १६ गते राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १०(३) तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतीपुर्ति निर्धारण नियम( ावली २०६९ को नियम ३ (११) बमोजिम स्वविवेकमा उजुरी ग्रहण गरी घटनाको अनुसन्धान प्रारम्भ गरेको थियो ।

अनुसन्धानको क्रममा पीडित बालकका बुवा धर्मराज सुनार र आमा संगिता सुनारले पीडित बालक सहित तीन जना  बच्चा जन्मिए पश्चात बुवाले अर्को विवाह गरेको र आमाले पनि अर्को विवाह गरेर हिडे पश्चात पीडित बालक ५५ बर्षिय हजुरबा मैते सुनार र हजुरआमा सुकुमाया सुनारको संरक्षणमा रहेको, घरको आर्थिक अवस्था कम्जोर रहेकोले निजको स्वास्थ्य उपचार हुन नसक्दा स्वास्थ्य अवस्था जटिल हुदै गएको र हजुरबा हजुआमा दैनिक जिविकोपार्जनका लागि ज्याला, मजदुरी गर्न जाँदा बालकलाई घर भित्रै दाम्लोले बाधेर हिड्ने गरेको पाईयो । आयोगको पहलमा भरतपुर महानगरपालिको मिति २०८०।२।२१ गतेको बालमैत्री स्थानीय नगर समितिको बैठकले स्वास्थ्य तथा सामाजिक विकास महाशाखाको टोली खटाई बालकको स्वास्थ्य अवस्था बुझ्नुका साथै नीजको पूर्ण अपाङ्गताको परिचय पत्र जारी गरी अटिजम केयर सेन्टर चितवनको सहयोगमा निजको संरक्षक हजुरआमाको नाममा बैक खाता खोली राज्यबाट पाउने सामाजिक सुरक्षा भत्ता उपलब्ध गराएको पाईयो । साथै अछिटजम केयर सेन्टर चितवनको सहयोगमा सहयोगी शिक्षकले बालकलाई घर मै पुगेर दैनिक क्रियाकलापमा सहयोग गर्नुका साथै उक्त संस्थाले व्हीलचियर र अपाङ्ग मैत्री सौचालय निर्माण गरेको पाईयो ।

१७ इन्सेक रामेछाप जिल्ला प्रतिवेदन २०८०

## २.१० स्वास्थ्यको अधिकार

नेपालको संविधानले स्वास्थ्यको अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। कुनै पनि मानिसले स्वास्थ्य सुरक्षाबाट बन्चितीकरणमा जीवन बिताउनु नपरोस् भनी सरकारले प्रत्येक स्थानीय निकायमा स्वास्थ्य चौकी बनाउने र ती स्वास्थ्य संस्थाहरुबाट नागरिकले सहज रुपमा ९८ प्रकारका औषधी नि.शुल्क रुपमा पाउने व्यवस्था गरेता पनि त्यसको प्रभावकारी कार्यान्वयन भएको छैन[१८]। प्रतिसांसद ५ करोड छर्ने जस्तो अपारदर्शी कार्यक्रम ल्याउने सरकार मृलुक र जनताको स्वास्थ्यका खातिर अलिकति मुट्ठी फुकाउन तयार देखिदैन[१९]।

बागमती प्रदेशमा डेंगु रोग संक्रमणका बिरामीको संख्या बढदो रुपमा रहेको छ। पछिल्लो तथ्याङ्क अनुसार प्रदेशको १३ जिल्लामा डेंगु संक्रमणका बिरामीहरुको ग्राफ उकालो लाग्ले क्रममा रहेको छ। बागमती प्रदेशका १३ जिल्लामा गत जुन महिना सम्ममा ४२ हजार बढी जनामा डेंगु संक्रमण देखिएको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार सन २०२२ जुलाई देखी हाल सम्म ४२ हजार ७१४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ। हाल २०२३ को जुन महिनामा मात्र प्रदेश भर ११७ जनामा डेंगु संक्रमण देखिएको मन्त्रालयका सुचना अधिकारी डा.रविन भुषालले जानकारी दिनु भएको छ[२०]।

यसै गरी यस आ.व. मा बागमती प्रदेशको राजधानी नजिकै रहेको मकवानपुरको राक्सिराङ गाउँपालिकाको चेपाङ बस्तीमा पछिल्लो समयमा कुपोषणको समस्या जटिल बन्दै गएको छ। तीनै तहको सरकारले बालबालिका लक्षित पोषण कार्यक्रम संचालन गर्दै आए पनि चेपाङ बालबालिकामा कुपोषणको समस्या घटेको छैन। राक्सिराङ गाउँपालिकामा सङ्घीय सरकारले केही वर्ष देखि चेपाङ समुदायका बालबालिकालाई लक्षित गरी चेपाङ स्वास्थ्य सुधार अन्तर्गत कुपोषण न्यूनीकरणका लागि बालबालिकाको पोषण अवस्था लेखाजोखा तथा सुधार कार्यक्रम सञ्चालन गर्दै आएको छ। चेपाङ समुदायको बालबालिकामा कुपोषणको समस्यमा सुधार आउन सकेकोछैन। चेपाङ स्वास्थ्य सुधार अन्तर्गत कुपोषण न्यूनीकरणका लागि कार्यक्रम सञ्चालनमा आएको लामो समयपछि राक्सिराङ गाउँपालिकाको स्वास्थ्य शाखाले पहिलो पटक चेपाङ बालबालिकाको पोषण अवस्था जाँच गर्न टोल र बस्तीस्तरमा स्वास्थ्यकर्मी परिचालन गरको छ। गाउँपालिकाको स्वास्थ्य शाखाका स्वास्थ्य संयोजक विजयकुमार कापरीले विकट बस्तीमा खाद्यान्न अभाव देखिएपछि अभियानका रूपमा टोल र बस्तीस्तरमा बालबालिकाको पोषणको अवस्था जाँच गर्न थालिएको जानकारी दिनुभयो। गाउँपालिकाको नौ वटै वडामा सुरु गरिएको अभियान अन्तर्गत छ महिनादेखि ५९ महिना मुनिका चेपाङ बालबालिकालाई लक्षितगरी स्वास्थ्यकर्मीले पोपाणको अवस्था जाँच गरिरहेका छन्। स्वास्थ्यकर्मीले बालबालिकाको तौल, उचाइ र पाखुराको नाप

---

१८ प्रशान्त माली कान्तिपुर दैनिक २०८० असार १३ गते

१९ अजय रिसाल, कान्तिपुर दैनिक २०८० असार १३ गते

२० प्रदेश राष्ट्रिय दैनिक हेटौडा, २०८० असार २८

लिएर बालबालिकाको कुपोषणको अवस्था पत्ता लगाउने बताउँदै गाउँपालिकाभित्र रहेका ७१ वटा टोलमा परीक्षण कार्य २०८० असार ७ गते सम्म सञ्चालन भएको थियो। २५ वटा टोलमा ७३४ जना बालबालिकाको पोषण लेखाजोखा गरिएकामा ६६ जना अर्थात नौ प्रतिशतमा कडा सिघ्र कुपोषण र ९४ जनामा मध्यम सिघ्र कुपोषण देखिएको छ। ७३४ जना बालबालिकाको लेखाजोखा गर्दा १६० जना अर्थात २२ प्रतिशतमा कुपोषण देखिएको छ। पोषणको दृष्टिले यो बालबालिकाको जटिल अवस्था हो । पाँच जनाको पोषण लेखाजोखा गर्दा दुई जनामा कुपोषण देखिएको छ। पोषणको अवस्था सुधार गर्न बालबालिका बिच स्वास्थ्य प्रतियोगिता, सरसफाइ, मातृ तथा नवजात शिशु मृत्यु न्यूनीकरण कार्यक्रम चेपाङ आमाहरूलाई पोषण सम्बन्धी तालिम प्रदान गर्दै आएको र कुपोषण भएकाहरूका लागि बालबालिकाको अवस्था अनुसार उपचारात्मक खाना प्रदान गरिँदै आएको छ। उपचारात्मक खानाको प्रयोगमा ४२ दिनसम्ममा पनि कुपोषण भएका बालबालिकाको अवस्थामा सुधार नआएमा सदरमुकाम हेटौडामा रहेको पोषण पुनर्स्थापना केन्द्रमा पठाइने गरिएको छ। चेपाङ स्वास्थ्य सुधार अन्तर्गत कुपोषण न्यूनीकरणका लागि बालबालिकाको पोषण अवस्था लेखाजोखा तथा सुधार कार्यक्रम चेपाङ बालबालिका लक्षित हो । तर गाउँपालिकामा कुपोषणको समस्या रहेकाले अन्य समुदायका बालबालिकाको पनि पोषण अवस्था लेखाजोखा गर्ने र अवस्था अनुसार उपचारात्मक खाना प्रदान गर्ने गरिएको छ। गाउँपालिकाको वडानं.-७ मा २०८ जनाको जाँच गर्दा २५ जनामा कडा कुपोषण र ४४ जनामा मध्यम कुपोषणको अवस्था रहेको पाइएको छ। यस्तै वडानं.-८ मा ४५ जना चेपाङ बालबालिकाको पोषण अवस्था लेखाजोखा गर्दा २८ जनामा कुपोषण भएको पाइएको थियो। तीमध्ये १६ जना बालबालिकालाई कडा सिघ्र कुपोषण र १२ जना बालबालिकालाई मध्यम सिघ्र कुपोषण भएको भेटिएको गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ। कुपोषण भएका बालबालिकालाई प्रदान गर्ने गरिए पनि चेपाङ समुदायको आम्दानीको स्रोत नभएको, आर्थिक अवस्था कमजोर र चरम खाद्यान्न अभाव बेहोर्दै आएकाले दीर्घकालीन समस्याको समाधान बन्न नसकेकाले विकल्पको खोजी गर्नुपर्ने अवस्था छ[२१] ।

## २.११ किसानको अधिकार

नेपाल एक कृषि प्रदान मुलुक हो। ६६ प्रतिशत जनता आज पनि कृषि पेशामा आवद्ध रहेका छन। आ.व. २०७९।८० को बजेटको प्रक्षेपण अनुसार कुल बजेटको २३.८ प्रतिशत रकम कुल ग्राहयस्थ उत्पादनमा योग्दान रहेको छ। यती हुदाँ हुदै पनि नेपाल सरकारले बजेट कृषि नीति, रणनीति तथा कार्ययोजना अनुसार काम गर्ने नसकेको जनगुनासो रहेको छ[२२]। हाल नेपालमा झन्डै ८ लाख पशु लम्पी संक्रमण र ४० हजार भन्दा बढी चौपाया मरिसकेको भएता पनि यस बिषयमा सरकार, राजनीतिक दल तथा संसदले गम्भीर छलफल हुन सकेको छैन[२३] । तर बागमती प्रदेश

२१ गोरखापत्र दैनिक २०८० अषाढ ४ गते पृ. २

२२ कान्तिपुर राष्ट्रिय दैनिक सम्पादकीय २०८० असार २९ गते

२३ प्रदेश राष्ट्रिय दैनिक हेटौडा, २०८० असार २९

सरकारले चालु आर्थिक बर्षमा विपद् प्रभावित ४१ जना किसानहरुलाई राहत रकम विवरण पेश गरेको छ । बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आर्थिक बर्ष २०७९।८० को बार्षिक स्विकृत कार्यक्रम अनुसार कृषकहरुलाई १ करोड ५७ लाख ७५ हजार रुपैयाँ राहत रकम वितरण गरेको छ । नेपालमा नै पहिलो पटक प्रदेश सरकारले कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा प्रतिकुल असर पार्ने प्रकृतिक र गैर प्राकृतिक विपद्बाट प्रभावित किसानलाई राहत रकम प्रदान गरेको हो[२४] । यो कार्यक्रमले कृषकलाई कृषि पेशा प्रति प्रोत्साहीत गरेको छ। यसरी आगामी बर्षहरु पनि प्रदेश सरकारले विपद् प्रभावित कृषकलाई राहत उपलब्ध गराँउदा पीडितको पहिचान गरी राहत वितरण भएमा अझ प्रभावकारी हुने देखिन्छ ।

## २.१२ तेश्रो लिङ्गीको अधिकार

नेपालको संविधान २०७२ को धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूवर्क बाँच्न पाउने हक हुनेछ भनी ब्यवस्था गरेको छ। त्यसैगरी ऐनको धारा १७ (ङ) ले नेपालको कुनै पनि भागमा आवत-जावत र बसोबास गर्ने स्वतन्त्रताको हक रहेको कुरा उल्लेख छ। धारा १७ (च) ले नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था गरेको छ । यद्पी तेश्रो लिङ्गी समुदायका मानिसहरुले आफ्नो अधिकारको उपभोग गर्न पाएका छैनन् । काठमाडौंका बसपार्क क्षेत्रहरुमा पारलैङ्गिक व्यक्तिहरूमाथि प्रहरीले पत्राउ गरी कुटपिट समेत गरेको भन्ने उजूरीहरु यस कार्यालयमा आउने गरेका पाइन्छन् । प्रहरीको रेकर्ड र भनाईलाई आधार मान्ने हो भने तेश्रो लिङ्गी समुदायका मानिसहरु कामको लागि भनी रातविरात हिंड्ने र होहल्ला गर्ने कार्यले तेश्रो लिङ्गीहरुलाई स्थानीय मानिसहरुको उजूरीको आधारमा पत्राउ गरी कारवाही चलाउन प्रहरी प्रशासन बाध्य रहेको छ । काठमाण्डौंमा एक जोडी तेश्रो लिङ्गीलाई परिवारले छुट्टयाएको घटनाको सम्बन्धमा नीलहीरा समाजले यस कार्यालयमा जानकारी गराई आवश्यक परामर्श माग गरेकोमा कार्यालयले परामर्श उपलब्ध गराएको थियो । यस आर्थिक बर्षमा तेश्रो लिङ्गी ब्यक्तिहरुको उजूरी सम्बन्धमा आवश्यक पत्राचार गरी थप अनुसन्धानको कार्य अघि बढाई न्यायको प्रत्याभूति गराउन निरन्तर प्रयासरत रहेको छ । सम्मानीत सर्वोच्च अदालतको अन्तरिम आदेशले समलिङ्गी विवाह गर्न दर्ताको बाटो खुलेको छ । समलिङ्गी विवाह दर्ता गर्ने कानूनी ब्यवस्था गरिपाउँ भन्दै पिंकी गुरुङ्ग (सञ्जीव गुरुङ्ग) समेतले दायर गरेको निवेदनमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतका न्यायाधीश तिल प्रसाद श्रेष्ठको इजलाशले २०८० असार १२ गते अन्तरिम आदेश दिएको थियो । सर्वोच्च अदालतले संविधान प्रदत्त लैंङ्गिक पहिचान सहितको नेपालको नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको र विवाह गर्ने स्वतन्त्रता हुने गरी ब्यवस्था भएको तथा मुलुकी देवानी संहिता २०७४ को दफा ६९(१) मा प्रत्येक नागरिकलाई विवाह गर्ने स्वतन्त्रता हुने ब्यवस्था रहेको छ। साथै संविधानको धारा १२ मा लैंङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने ब्यवस्था रहेको तथा संविधानकै धारा १८ (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने

---

२४ प्रदेश राष्ट्रिय दैनिक हेटौडा, २०८० असार २९

ब्यवस्था रहेको देखिंदा सर्वोच्च अदालतले प्रस्तुत रिट निवेदनको अन्तिम किनारा लगाउँदाका बखत अन्यथा हुने ठहरेमा सोही बमोजिम हुने गरी हाललाई प्रस्तुत रिट निवेदनका निवेदकहरु र निवेदक सरहका जोडीहरुले निवेदन माग गरेमा विवाहको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने ब्यवस्था गर्नु, गराउनु भन्ने आदेश दिएको छ । सर्वोच्च अदालतको आदेशसंगै समलिङ्गी विवाह दर्ताको ब्यवस्था गर्नुपर्ने भएको छ। सर्वोच्च अदालतको आदेशसबैलाई मान्य हुनुपर्ने र न्यायालयले नागरिकलाई अधिकार प्रदान गरी कानून निर्माणको आधार तय गर्नुका साथै समुदायको माग पनि सम्बोधन गरि दिएको छ[२५] ।

## २.१३ वातावरण र विकासको अधिकार

सिन्धुपाल्चोक जिल्लाको मुख्य बजारबाट निस्कने फोहोर, मैला सिधै नदी र खोलामा फालिएको स्थानमा प्रदुषण बढ्न थालेको पाइयो । बाह्रविसे, लामोसाँघु, खाडीचौर लगायतका बजार क्षेत्रका फोहोर प्रशोधन नगरिकन नदीमा मिसाइँदा कतिपय व्यक्तिहरु उक्त क्षेत्रमा बिरामी समेत पर्न थालेकाछन् । पानीको श्रोत र पर्यावरण संरक्षणकालागि खोलानदी सफा राख्नुपर्छ भन्ने सचेतनाको कमीले ढलहरु खोलामा फालिने र अन्य फोहोरहरु पनि खोलाको किनारमा थुपारेर छाडिएको पाइएको छ। त्यसैगरी अवैध रुपमा संञ्चाालित क्रसर र बालुवा उद्योग बन्द गर्न गृह मन्त्रालयको निर्देशन रहेको पाईयो । बागमती प्रदेशका विना दर्ता संञ्चालनमा रहेका र मापदण्ड पुरा नभएका सवै क्रसर २०७९ पुस २५ गतेबाट बन्द भएका छन । यसबाट वातावरण संरक्षणको लागि थप योगदान पुग्न सक्ने देखिन्छ।

विपद व्यवस्थापन गर्न नेपाल सरकार सक्रिय भएको छ। यस बर्ष हुन सक्ने सम्भावित प्रकृतिक प्रकोपबाट हुने क्षेती न्युनीकरण गर्ने गृहमन्त्री नारायणकाजी श्रेष्ठ सम्वन्धीत विभिन्न मन्त्रालयसँग समन्वयमा कार्ययोजना बनाउने तयारी गर्नुभएको छ। [२६]

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक प्रदान गरिएको छ। धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने, धारा ३० (२) मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने उल्लेख गरिएको छ।

आ.व २०७८/०७९ भन्दा आ.व २०७९/०८० मा बजेटको आकार घट्दै छ भनी विभिन्न स्थानिय तहका प्रमुख तथा प्रतिनिधीको भनाई आएको छ । मकवानपुर जिल्लाको कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिका, भिमफेदी गाउँपालिका, बकैया गाउँपालिका, बागमती गाउँपालिका, इन्द्रशरोवर गाउँपालिका तथा हेटौडा उपमहानगरपालिका लगायत सम्पुर्ण स्थानिय तहले यस आ.व. मा कृषि, शिक्षा र स्वास्थ्यमा प्रथामिकता दिइने बताएका छन ।[२७]

२५ राप्तीपुर दैनिक २०८० असार १३ गते

२६ गोरखापत्र दैनिक २०८० असार ६ गते

२७ राममणी दाहाल गोरखापत्र दैनिक २०८० असार ६

असारे विकासको बषौदेखीको गलत परम्परा र प्रवृतिबाट मुक्त हुन सकेको छैन। आ.व. को नौ महिना प्रक्रियालगायतमै लाग्ने गरेको स्थानिय तहहरु २०८० वैशाख देखी ३ महिना बजेट खर्चमा व्यस्त हुने गरेका छन् । पछिल्लो समय जलवायु परिर्वतनको असर, मानविय क्रियाकलापका कारण हुने विपद् वातावरण विरोधी विकास लगायतका कारण मनसुनजन्य विपद्का घटनाहरु दिनानुदिन बढिरहेका छन् । साथै नदीका जल प्रवाह मार्गमा अतिक्रमण र बाढी प्रभावित तथा जलाधार क्षेत्रमा भूमिको अव्यवस्थित प्रयोगले गर्दा यस्ता समस्या अझ जटिल बन्दै गइरहेको छ।

बागमती प्रदेशका १३ जिल्ला मध्ये ९ जिल्ला पहिरोको उच्च जोखिममा रहेका छन् । बागमती प्रदेशका सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट र मकवानपुर जिल्ला पहिरोको उच्च जोखिममा रहेको छ। काठमाण्डौ, चितवन, सिन्धुली र मकवानपुर जिल्लामा बाढीको जोखिम रहेको छन् । प्रदेशमा रहेका हिमाली जिल्लाहरु हिमताल विस्फोटन र बाढीको समेत जोखिममा रहेको छन ।

बागमती प्रदेश सरकारले स्थापनाको ६ बर्षको अवधिमा विपद् व्यवस्थापनका लागि प्रदेश व्यवस्थापन ऐन, २०७५, प्रदेश विपद् व्यवस्थापन नीति २०७६, प्रदेश विपद् व्यवस्थापन रणनीतिक कार्ययोजना (२०७६-२०८७) लगायतका कानुनहरु तर्जुमा गरी कार्यान्वयन गरेको प्रदेशको आन्तिरीक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ। प्रदेश सरकारले विपद्को पुर्व तयारी तथा प्रतिकार्यका लागि २० करोड रुपैयाँ भन्दा बढी बजेट विनियोजन गरेको छ। विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने समाग्री तथा स्रोतका लागि प्रदेश विपद् व्यवस्थापन कोषमा २० करोड ८८ लाख १२ हजार रुपैयाँ बजेट मौज्दात रहेको मन्त्रालयले जनाएको छ[२८] ।

## २.१४ श्रमिकको अधिकार

राष्ट्रिय मानव अधिकार आयोगको छैठौ रणनीतिक योजना (२०२१-२०२६) मा श्रमिकहरुको मानव अधिकार अवस्था अध्ययन गर्ने उल्लेख छ। नेपालको संविधानको मौलिक हक अर्न्तगत धारा २९ शोषण विरुद्धको हक, धारा ३३ रोजगारीको हक, धारा ३४ श्रमको हक, धारा ३५ स्वास्थ्य सम्बन्धी हक, धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ। आयोगले यस आर्थिक वर्षमा सात वटै प्रदेशबाट प्रदेशिक क्षेत्राधिकार भित्रका जिल्लाहरुमा श्रमिकहरुको मानव अधिकार अवस्था बारेमा अध्ययन गरी दक्ष जनशक्तिको अवस्था, रोजगारीको अवस्था, वार्षिक आयको अवस्था, कानुन बमोजिम न्यूनतम पारिश्रमिकको अवस्था, श्रमिकका अधिकारको बारेमा जानकारीको अवस्था, कार्यस्थलमा हुने भेदभावको अवस्था, सामाजिक सुरक्षाको अवस्था, ट्रेड युनियन अधिकारको अवस्था, महिला श्रमिकहरुको अधिकारको अवस्था, रोजगारदाता कम्पनी तथा रोजगारदाता संस्था र प्रतिष्ठानको अवस्था कार्यस्थलमा श्रमिकहरुको सुरक्षा प्रबन्ध लगायतका विषयमा खोजमुलक अनुसन्धान गरिएको छ। श्रम ऐन २०७४ को दफा १३१ र १४५ ले रोजगारदाता प्रतिष्ठान र श्रमिकहरु बीच नकरात्मक परिस्थिति सिर्जना

२८ प्रदेश राष्ट्रिय दैनिक हेटौडा, २०८० असार ३०

भएको देखिन्छ। कुनै विषयको अध्ययन रिसर्चको अभिप्राय नै वर्तमान परिस्थितिको अवलोकन गरी त्यसका परिणामहरुको लेखाजोखा गर्नु र कुनै समस्या देखिएमा त्यसको समाधानको लागि उचित उपायको खोजि गर्नु रहेको छ। यसर्थ आयोगबाट देशभरका श्रमिकहरुको अधिकारहरुको अध्ययनले अनुगमनका क्रममा हेरीनु पर्ने कुराहरुको सूची तय गरी अनुगमन गरेको छ। यस्ता मुख्य सूचिहरुमा दक्ष जनशक्तिको अवस्था, रोजगारी कार्य अवस्था, वार्षिक आयको अवस्था, कानुन बमोजिम न्यूनतम पारिश्रमिकको अवस्था, श्रमिकको अधिकारको विषयमा जानकारीको अवस्था, कार्यस्थलमा हुने भेदभावको अवस्था, सामाजिक सुरक्षाको अवस्था, श्रम ऐन २०७४ का प्रावधानहरु, कार्यान्वयनको अवस्था ट्रेड युनियन अधिकारको अवस्था, महिला श्रमिकहरुको अधिकारको अवस्था, रोजगारदाता कम्पनी तथा रोजगारदाता संस्थाहरुको अवस्था, रोजगारदाता कम्पनी, प्रतिष्ठानको अवस्था, कार्यस्थलमा श्रमिकहरुको सुरक्षा प्रबन्ध र त्यसबाट पेरको असर प्रभाव लगायतका विषय र रोजगारदाता प्रतिष्ठानको नियमन गर्ने निकायको भूमिका विषयमा अनुगमन गरेको थियो। अनुगमनका क्रममा टोलीले १७ भन्दा बढी उद्योग प्रतिष्ठानका करिव ६५ जना भन्दा बढी श्रमिक तथा रोजगारदातासंग श्रमिकहरुको सामाजिक सुरक्षाको अवस्थाका बारेमा अनुगमन गरी जानकारी लिएको थियो।

**आयोगको बागमती प्रदेश कार्यालयले खोजमुलक अध्ययन रिसर्च गरेका उद्योग प्रतिष्ठानहरु देहाय बमोजिम रहेका छन्।**

- **क्यूरेक्स फार्मेसिक्टिकल प्रा.लि. वनेपा नगरपालिका–१० जनगाल, काभ्रेपलाञ्चोक।**
- **महाचण्डी शुभश्री इन्डष्ट्री प्रा.लि.धुलिखेल, काभ्रेपलाञ्चोक।**
- **सिर मेमोरियल अस्पताल धुलिखेल, काभ्रेपलाञ्चोक।**
- **क्रन्चि बर्गर हाउस धुलीखेल नगरपालिका–३, काभ्रेपलाञ्चोक।**
- **वाराही रिसोर्ट प्रा.लि.भरतपुर महानगरपालिका–२८, चितवन।**
- **न्यू होप नेपाल भरतपुर महानगरपालिका–१५, चितवन।**
- **पाटन औद्योगिक क्षेत्र ललितपुर महानगरपालिका–६, ललितपुर।**
- **एग्रो थाई फ्रुड्स प्रा.लि. ललितपुर महानगरपालिका–६, ललितपुर।**
- **बालाजु औद्योगिक क्षेत्र काठमाण्डौ महानगरपालिका।**
- **नेपाल ग्यास प्रा.लि. काठमाण्डौ महानगरपालिका।**
- **योन्जन इलोक्ट्रिकल प्रा.लि. काठमाण्डौ महानगरपालिका।**
- **बोटल्यर्स नेपाल तराइ प्रा.लि. भरतपुर, चितवन।**
- **शिवम सिमेन्ट, हेटौडा, मकवानपुर।**
- **एसियन पेन्टस हेटौडा, मकवानपुर।**
- **हेटौडा औद्योगिक क्षेत्र।**

निचोडमा अध्ययन गरिएका उद्योग प्रतिष्ठानहरुमा सामाजिक सुरक्षाको अवस्था सन्तोषजनक नै देखिएको छ। मजदुर र कर्मचारीहरुको नियुक्ती, परिचय पत्र, न्यूनतम पारीश्रमिक, ट्रेड यूनियन अधिकारको अवस्था प्रभावकारी रुपमा कार्यान्वयनमा रहेको देखिन्छ। असल औद्योगिक सम्बन्धबाट नै श्रमिकको अधिकार संरक्षण हुन गई श्रमिकका आधारभूत मानव अधिकार संरक्षण हुने तर्फ सरोकारवालाको ध्यानाकर्षण गराउनु पर्ने देखिन्छ।

**बागमती प्रदेशको नीति, योजना, बजेट र मानव अधिकार**

बागमती प्रदेश सभाको बैठकमा माननीय प्रदेश प्रमुख श्री यादवचन्द्र शर्माले आ.व.२०८०/८१ को बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम २०८० जेठ १४ गते प्रस्तुत गर्नु भएको थियो। नीति तथा कार्यक्रममा समावेश भएका मानव अधिकार विषय सारसंक्षेप निम्नानुसार रहेको छ।

- बागमती प्रदेशका विषयगत नीतिहरुलाई स्वास्थ्यमैत्री बनाउनका लागि सवै नीतिमा स्वास्थ्य सबै नीतिहरुमा स्वास्थ्य भन्ने अवधारणा लागू गरिने छ।
- सुरक्षित मातृत्व, बाल स्वास्थ्य किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य लगायतका सेवालाई संघ तथा स्थानीय तहसंगको सहकार्यमा उच्च प्राथमिकताका साथ संचालन गरिने छ।
- अति सिमान्तकृत तथा लोपोन्मुख जाति, आश्रित व्यक्तिहरु तथा पूर्ण अशक्त, अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्धता गरिने छ।
- आत्महत्याको बढ्दो दरलाई न्यूनिकरण गर्न मानसिक स्वास्थ्य सेवाको विस्तार र प्रर्वधन गर्दै लगिने छ।
- एक माध्यामिक विद्यालय एक नर्श कार्यक्रमलाई बिस्तार गरी कक्षा १२ सम्म संचालन भएका प्रदेशका सवै माध्यामिक विद्यालयमा पुऱ्याईने छ।
- नेपाल सरकार पक्ष भएको बिभिन्न अन्तराष्ट्रिय अभिसन्धी तथा प्रतिवद्धता कार्यान्वयनलाई प्राथमिकता दिईने छ। मानव अधिकारको संरक्षण सर्म्बधनका लागि मानव अधिकारको राष्ट्रिय कार्ययोजना कार्यान्वयनका कार्यक्रमहरु संचालन गरिने छ।

**बागमती प्रदेश सरकारको आ.व. २०८०/८१ को नीति योजना र कार्यक्रम तथा बजेटमा समावेश गरिएका मानव अधिकारको विषयः-**

- बागमती प्रदेश सभाको २०८० असार १ गते शुक्रबारको बैठकमा माननीय आर्थिक मामीला तथा योजना मन्त्री बहादुर सिंह लामा (तामाङ) ले आ.व. २०८०/८१ को बजेट प्रस्तुत गर्नु भयो। उक्त बजेट बक्तव्यमा उल्लेखित मानव अधिकारसंग सम्बन्धीत विषय देहाय वमोजिम रहेको छ।
- संघीय शासन व्यवस्थाको सुदृढिकरण तथा सन्तुलित आर्थिक विकासबाट मात्र नेपालको सविधानले परिकल्पना गरेको दिगो शान्ति, शुसाशन विकास र संस्कृतिको आकांक्षा पुरा हुन सक्ने।

**बजेटका उदेश्यहरुः-**

- प्रदेशको सवलीकरण र संस्थागत सदृढिकरण तथा शुसाशन प्रर्वधन गर्ने।
- कृषि क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना र गरिवी निवारण गर्ने।
- प्राकृतिक श्रोतको संरक्षण र उपयोग गर्ने।
- सरकारी खर्चमा मिन्तब्ययिता र आर्थिक अनुशासन कायम गर्ने।

**बजेटका प्राथमिकताः-**

- भौतिक पूर्वाधार र सामाजिक क्षेत्रको विकास।
- कृषि क्षेत्रको रुपान्तरण र बन श्रेत्रको व्यवसायीकरण।
- वातावरण संरक्षण र बिपद व्यवस्थापन।
- उपभोक्ताको अधिकार।

**उपभोक्ताको गुणस्तरीय बस्तुको उपभोग गर्ने हक सुनिश्चित गर्ने :**

- संघीय सरकार र स्थानीय तहसंगको सहकार्यमा बजार अनुगमन र उपभोक्ता सचेतना कार्यक्रम संचालन गर्न बजेट बिनियोजन गरेका प्रदेशस्तरीय गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गर्न रु. १ करोड बजेट बिनियोजन गरेको छ।

**साँस्कृतिक अधिकारः**

- प्रदेश भित्रका जातजातिको मात्रृभाषा, कला साहित्य, र संस्कृतिको संरक्षण र सर्म्बधनलाई उच्च प्राथमिकतामा राखेको छ।
- बागमती प्रदेशमा तामाङ र नेपाल भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रचलनमा ल्याईने छ। संस्कृत भाषालाई प्रोत्साहन गरिने छ।
- धार्मिक, सांस्कृतिक, जनजाति र ऐतिहासिक संग्राहलयहरु निर्माण गर्दे लगिने छ।

- होमस्टेको प्रर्वधन तथा पर्यकटीय पूर्वाधार र सेवा सुविधा विस्तार गरिने नीति लिइएको छ।
- प्रदेश भित्रका लोपोन्मुख तथा सिमान्तीकृत जाति समुदायको भाषा एवं साहित्यिक लोकोक्तिलाई लिपीवद्ध र अध्ययन अनुसन्धान एवं विकासकालागि सम्बद्ध संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरिने छ।
- प्रदेशका बिभिन्न साँस्कृतिक सम्पदाहरु संरक्षण र प्रर्वधन गर्न प्रदेश प्रर्वधन गुरुयोजना तयार गरिने छ। [२९]

**वातावरण र दीगो विकासको अधिकारः**

- वन जैविक बिविधता तथा जलाधार क्षेत्रको दीगो व्यवस्थापनबाट वातावरणीय सन्तुलन एवं दिगो विकास हाँसिल गर्न र जैविक विविधताको संरक्षण गरी रोजगारी तथा आय आर्जनका क्रियाकलाप मार्फत जनताको जीवनस्तरमा गुणतमक परिवर्तन गर्न सहयोग पुऱ्याउन लक्षित वर्ग कार्यक्रम संचालन गरिने छ।
- स्वच्छ पानी, खोलाको फोहोर आफ्नै झोलामा भन्ने नाराका साथ काठमाण्डौ उपत्यका लगायत प्रदेश भित्रका अन्य प्रदुषित खोलाहरुमा नमुनाको रुपमा व्यापक सरसफाई कार्यक्रम अभियानको रुपमा संचालन गरिने छ।
- स्वच्छ सहरका लागि सामुदायिक पहल भन्ने नारा सहित काठमाण्डौ उपत्यका, भरतपुर महानगर र हेटौडा उपमहानगरपालिका लगायत प्रमुख शहरी क्षेत्रमा फोहोर मैला व्यवस्थापन, बाल, युवा र जेष्ठनागरिकमैत्री उधान निर्माण र व्यवस्थापन गरिने छ।
- जलबायु परिवर्तनका नकारातमक असरबाट बच्नका लागि कार्वन प्रशोधन जलवायु उधनशिलता तथा अनुकुलन कार्यक्रम कार्यान्वयन गरिने छ।
- मानव र बन्यजन्तु बीचको द्वन्द न्यूनिकरण गर्न प्रर्वधनात्मक, उपचारात्मक र निरोधात्मक कार्यक्रम संचालन गरिने छ।
- बिभिन्न बन्यजन्तुबाट कृषिबालीमा हुने क्षती न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न रकम बिनियोजन भएको छ।

**श्रम र रोजगारीको अधिकारः**

- स्थानीय तह संगको समन्वय र साझेदारीमा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको ज्ञान सीप र क्षमतालाई उपयोग गर्दै उत्पादनलाई बजारीकरण गर्ने कार्यक्रम संचालन गरिने छ।
- स्थानीय तह संगको समन्वयमा वैदेशिक रोजगारीमा समस्यामा परी फर्केका श्रमिकको पुनःस्थापना गर्ने कार्यक्रमका लागि वजेट बिनियोजन भएको छ।

२९ बागमती प्रदेश सरकारको आ.व. २०८०/८१ को नीति योजना तथा बजेट कार्यक्रम

- आगामी आ.व. भित्र प्रदेश श्रम तथा रोजगार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ।
- बागमती प्रदेशलाई श्रममैत्री प्रदेशको रुपमा स्थापीत गरी श्रमको उच्च सम्मान गर्ने संस्कृतिको विकास गरिने छ। साथै प्रदेश भित्रका मजदुर श्रमिकको पंञ्जिकरण गर्ने कार्यक्रम प्रारम्भ गरिने छ।

**स्वास्थ्यको अधिकारः–**

- गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको सहज र सरल पहुँच सुनिश्चीत गर्न प्रादेशिक स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धी गर्दे लगिने छ।
- गुणस्तरीय स्वास्थ्यसेवा प्रदान गर्न थप बिशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मी जनशक्ति औषधी स्वास्थ्य औजार तथा उपकरणको व्यवस्थापन गरिने छ।
- बिशेषज्ञ चिकित्सक लगायत स्वास्थ्यकर्मीलाई दुर्गम क्षेत्रमा सेवागर्न उत्प्रेरीत हुने बिशेष व्यवस्था बजेटले गरेको छ।
- बागमती प्रदेश स्वास्थ्य प्रदेश भन्ने नाराका साथ मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत नागरिकको स्वास्थ्य प्रर्वधनको लागि विबिध कार्यक्रम संचालन गरिने छ।
- क्यान्सर, मुटु रोग, मधुमेह, दीर्घ स्वास प्रश्वास जस्ता नसर्ने रोगको उपचार महङ्गो रहेको र वर्षेनी ठुलो संख्यामा नागरिकले ज्यान गुमाउनु परेकोले त्यस्ता रोगको समय मै पहिचान गरी रोकथाम र निराकरण गर्न प्रदेश भित्रका अस्पताल, आर्युवेद स्वास्थ्य केन्द्र र स्थानीय तहका स्वास्थ्य संस्था मार्फत २ हजार २ सय पचास रुपैया वरावरको निःशुल्क स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईएको छ।
- प्रदेश भित्रका विपन्न नागरिकलाई क्यान्सर हृदयघात, मस्तिष्कघात, पाठेघरको रुग्णता तथा अवष्ट्रेटिक फिस्टुला, उपचारमा प्रदान हुँदै आएको आर्थिक सहायतालाई निरन्तरता दिदै दुर्गम स्थानमा सुरक्षित मात्रृत्व सेवा उपलब्ध गराउन, डेंगु लगायत महामारीजन्य सरुवा रोग नियन्त्रण तथा रोकथामका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ।
- किशोर किशोरीको स्वास्थ्य सेवा प्रर्वधन तथा परामर्श र प्राथमिक उपचार सेवा प्रवाह गर्ने उदेश्यका साथ संचालित एक माध्यामिक विद्यालयः एक नर्श कार्यक्रमलाई प्रदेश भित्रका दश जोड दुई अध्यायपन गराउने सवै विद्यालयमा विस्तार गरिएको छ।
- लोपोन्मुख तथा सिमान्तीकृत जातिहरु आश्रममा आश्रित नागरिकलाई आकस्मिक तथा आईसियू उपचार सेवा निःशुलक रुपमा उपलब्ध गराईने छ।
- आत्महत्या, सडक दुर्घटना लगायतका समस्याको न्यूनिकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिने नीति योजनामा उल्लेख गरिएको छ।

**शिक्षाको अधिकार**

- बागमती प्रदेश स्तरमा शिक्षालाई थप व्यवस्थित र योजनाबद्ध रुपमा संचालन गर्न प्रादेशिक शिक्षा नीति तथा एकिकृत बाल विकास र शिक्षा सम्बन्धी रणनीति तर्जुमा गरी कार्यान्वयन गरिने छ।
- सामूदायिक विद्यालयका प्रधानाध्यापकको नेत्रृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि तथा विषयगत शिक्षकको पेशागत क्षमता विकास तालिम संचालनको लागि बजेट बिनियोजन गरिएको छ।
- अल्पसंख्यक लोपोन्मुख अति सिमान्तकृत, दलित र आर्थिक रुपमा पीछडिएको समूदायका छात्र छात्राको शिक्षामा पहुँच अभिवृद्धिका लागि आवासीय विद्यालय संचालनको लागि वजेट बिनियोजन भएको छ।
- विद्यालय शिक्षा देखि नै विद्यार्थिलाई जीवनोपयोगी तथा व्यवहारिक ज्ञान र सीप सिकाउन सामूदायिक विद्यालयमा सिक्दै, कमाउदै, कमाउदै सिक्दै कार्यक्रम संचालन गरिने छ।

**महिला अधिकार**

- महिला शसक्तिकरणका लागि सचेतना एवं सिपमुलक तालिम तथा लैङ्गिक समानता सम्बन्धी कार्यक्रमहरु संचालन गरी बागमती प्रदेशमा महिला पहिला भन्ने नीतिलाई व्यबहारिक रुपमा कार्यान्वयन गरिने छ।
- लैङ्गिक हिंसाबाट प्रभावितहरुको सिघ्र उद्धार, उचित राहत, मनोसामाजिक परामर्श र पूनस्थापना सम्बन्धी सामाजिक सुरक्षा विशेष कायक्रम संचालन गरिने छ।

**अपाङ्गता भएका व्यक्तिको अधिकार**

- आ.व. २०८०/८१ मा अपांङ्गतासम्बन्धी प्रादेशिक नीति तर्जुमा गरिने छ। सार्वजनिक सरचनाहरु अपाङ्गता मैत्री बनाउदै लगिने छ। अपाङ्ता भएका व्यक्तिहरुको शसक्तीकरणका लागि बिभिन्न सिपमुलक तालिम संचालन गरिने छ।

**जेष्ठ नागरिकको अधिकारः–**

- जेष्ठ नागरिकहरुको ज्ञान, सिप र अनुभव हस्तान्तरण गरी प्रदेशको विकासमा उपयोग गर्ने नीति बागमती प्रदेश सरकारले लिएको छ।
- जेष्ठ नागरिक भवन निर्माण र संचालनमा स्थानीय तह र सामाजिक संघ संस्थासंग सहकार्य गरिने छ।
- सहयोगापेक्षी सडक मानव मुक्त बागमती प्रदेश अभियानका लागि सामाजिक संघ संस्थसंग सहकार्य गर्ने नीति लिएको छ। आर्थिक सामाजिक र सांस्कृतिक रुपमा सिमान्तकृत (बनकरिया, चेपाङ, थामी, जिरेल, माझी, हायू दनुवार, सुरेल, बोटे) महिलाहरुको

सशक्तीकरणका लागि सिपमुलक तालिम कार्यक्रम संचालन गरिने छ।

**यौनिक अल्पसंख्यकको अधिकारः–**

- यौनिक लैङ्गिक तथा अल्प संख्यक समुदायलाई मर्यादित र सुरक्षित जीवन यापनका लागि शसक्तीकरण कार्यक्रम संचालन गरिने छ।

**बाल अधिकारः–**

- आमा र बाबु दुवै नभएका बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन गरिने छ। बाल बिवाह मुक्त प्रदेश अभियान र बाल मैत्री स्थानीय तह घोषणाका लागि बजेटको ब्यवस्थापन गरिएको छ।

**आवासको अधिकारः–**

- एकिकृत विकास गुरुयोजना तर्जुमा गरी प्रदेशका शहरी तथा ग्रामिण बस्तीलाई व्यवस्थित सुन्दर र पर्यावरण मैत्री बस्तीको रुपमा विकासित गर्दै लगिने नीति योजना र बजेटमा उल्लेख छ।
- ठुला बस्ती तथा सडकको पहुँचबाट टाढा छरिएर रहेका एकल असुरक्षित बसोवासलाई सुरक्षित र एकिकृत बस्तीको रुपमा विकास गर्न मानव विकास सुचांङ्कमा पछाडी परेका स्थानीय तहको भौतिक पूर्वाधार सहितको एकिकृत विकास आयोजना संचालनका लागि बजेट बिनियोजन गरेको छ।
- खरको छानामुक्त बागमती प्रदेश अभियान कार्यलाई निरन्तरता दिदै जनता आवास कार्यक्रम तथा चेपाङ, बोटे, बनकरिया, जातिका आवास विहिन नागरिकको लागि एकिकृत बिस्ती तथा आवास कार्यक्रम मार्फत थप घरहरु निर्माण गरी लाभग्राहीलाई हस्तान्तरण गर्दै लगिने छ।

**विपद ब्यवस्थापन र मानव अधिकारः–**

- विपद व्यवस्थापन सम्बन्धी कृयाकलापको प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्ने विषयगत मन्त्रालयको संरचनागत सुधार गरिने छ। विपद जोखिम न्यूनिकरणलाई जीवन पद्धतीको अभिन्न अंगको रुपमा स्थापित गर्न आवश्यक कार्यक्रम संचालन गर्ने नीति कार्यक्रम उल्लेख छ।

**मानव अधिकार कार्ययोजना कार्यान्वयनः–**

- दीगो विकास लक्ष्य, नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना तथा नेपाल सरकारलाई पक्ष राष्ट्र भएको सन्धी सम्झौताको कार्यान्वयन र प्रतिवेदन प्रणालीलाई थप व्यवस्थीत गर्न बजेट बिनियोजन भएको छ।

**खाद्य सुरक्षाको अधिकारः-**

- कृषि क्षेत्रमा गरिएको लगानी विस्तारले कृषिजन्य उपयोगको विकास मार्फत थप रोजगारी सिर्जना हुने र प्रदेशको खाद्य सुरक्षा र आत्म निर्भरता कायम गर्नमा योगदान दिने विश्वास बजेटले लिएको छ । सामाजिक क्षेत्रमा गरिएको लगानीबाट सिपयुक्त, क्षेमतावान जनशक्तिको आपुर्ति भई प्रदेशको समृद्धि र समावेशी विकासको आधार निर्माणको अपेक्षा लिएको देखिन्छ ।

## ३. प्रवर्धनात्मक गतिविधि

मानव अधिकार सम्बन्धी शिक्षा र सचेतना अभिवृद्धि गर्दै मानव अधिकारको वकालत, सूचना सम्प्रेषण सम्बन्धी कार्यमा संवर्द्धनात्मक कार्यको विशेष महत्व हुने गर्दछ। संवैधानिक एवं कानुनी दायित्व अर्न्तगत आयोगको यस कार्यालयले आफ्नो प्रादेशिक क्षेत्रभित्र मानव अधिकार प्रवर्धन सम्बन्धी गतिविधिहरु संञ्चालन गर्दे आएको छ। आयोगको रणनीतिक योजना तथा बार्षिक कार्ययोजनामा आधारित प्रवर्धनात्मक क्रियाकलापबाट मानव अधिकार सचेतना अभिवृद्धि एवं मानव अधिकार संस्कृतिको विकासमा टेवा पुगेको छ। मानव अधिकारको संवर्द्धन, मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९ जारी भई कार्यान्वयनमा आएको छ। यस कार्यालयले प्रदेश सरकार तथा स्थानीय सरकारहरुसंग समन्वय र सहकार्य गरी अन्तर्क्रिया, छलफल, गोष्ठी, तालिम, कार्यशालाजस्ता गतिविधिहरु सञ्चालन गर्दै आएको छ।

मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था र स्थानीय तह संग समन्वय र सहकार्य गरी निरन्तर रुपमा कार्यक्रमहरु संञ्चालन गर्दै आएको छ। विभिन्न संबैधानिक आयोग, मानव अधिकार एवं पेसागत संघ संस्थाद्धारा आयोजित मानव अधिकार सम्बन्धी कार्यक्रमहरुमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा र प्रमुख अतिथि, अतिथि र सहभागी बिभिन्न कार्यक्रममा सहभागिता जनाउनुको साथै संम्वर्द्धन सम्बन्धी कार्यक्रमहरु संञ्चालन भएका छन्। प्रवर्धनात्मक कार्यक्रमहरुको विवरण निम्न अनुसार समेटिएको छ।

### ३.१ ब्यवसाय र मानव अधिकार सम्बन्धमा अन्तर्क्रिया

उद्योग बाणिज्य संघ, नेपाल चेम्बर अफ कमर्स लगायत नीजि क्षेत्रका उद्योग व्यवसायीले बागमती प्रदेशका बिभिन्न जिल्लाहरुमा नेपालको वर्तमान अर्थ व्यवस्था विग्रनुको कारण अर्थतन्त्र र राष्ट्र वैंकको नीति, निर्देशिकाको कारण रहेको र उद्योग व्यवसाय क्षेत्रमा गम्भीर असर परेको भन्दै बिभिन्न चरणमा गरेको शान्तिपूर्ण आन्दोलनको राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा मकवानपुरका कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी नेतृत्वको टोलीले २०७९ पुस १४ गते अनुगमन गरी उद्योग वाणिज्य संघ मकवानपुरका अध्यक्ष कृष्णकुमार गुप्ता लगायत पदाधिकारीहरुसंग छलफल गरेको छ। छलफलमा बार्ताद्वारा शान्तिपूर्ण रुपमा समस्या समाधानका लागि आवश्यक पहल गर्न र आगामी दिनमा व्यवसाय र मानव अधिकारका विषयमा थप सहकार्य गरी अगाडि बढ्ने उद्योग वाणिज्य संघ मकवानपुरबाट प्रतिवद्धता जनाइएको थियो। छलफल कार्यक्रममा आयोगका अधिकृत कर्मचारी तथा उद्योग वाणिज्य संघका पदाधिकारीहरुको

समेत सहभागिता रहेको थियो ।[३०]

## ३.२. अपाङ्गताको अधिकार सम्बन्धी अन्तरसम्वाद कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा, मकवानपुर र राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश कार्यालयका पदाधिकारीबीच २०७९ पुस १२ गते बागमती प्रदेशमा अपाङ्गता भएका व्यक्तिको मानव अधिकार अवस्थाको विषयमा छलफल कार्यक्रमको आयोजना गरिएको छ । छलफलमा अपाङ्गता भएका व्यक्तिहरुको भौतिक पहुँच, बैंकिङ्ग क्षेत्र, नीजि क्षेत्र, व्यवसायिक क्षेत्रका अतिरिक्त न्यायमा पहुँच अभिवृद्धिका विषयमा छलफल भएको थियो । छलफलमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका सहसचिव यज्ञप्रसाद अधिकारीले आयोगका गतिविधि, सीमान्तकृत नागरिकको अधिकार प्रत्याभूतिका लागि प्राथमिकता प्रदान गरिने जानकारी गराउनु भयो । कार्यक्रममा आयोगका अधिकृत कर्मचारी तथा राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश कार्यालयका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

## ३.३ अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सम्बन्धी कार्यशाला गोष्ठी

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौंडा, मकवानपुर र राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश कार्यालयको आयोजनामा २०७९ पौष १ र २ गते अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचका अवरोध बिषयमा दुई दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । गोष्ठीमा उच्च अदालत पाटन अस्थायी इजालस हेटौडाका मुख्य न्यायाधीश अब्दुल अजिज मुसलमान, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका लोकनाथ घिमिरे, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका कृष्ण मुरारी दाहाल, इन्सेक बागमती प्रदेशका गणेश भण्डारीले कार्यपत्र पेश गर्नु भएको थियो । कार्यक्रममा न्यायिक र अर्धन्यायिक निकायका १६ जनाको सहभागिता रहेको थियो ।

## ३.४ बागमती प्रदेशमा दलित समुदायको अधिकार सम्बन्धी अन्तर्क्रिया

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयमा राष्ट्रिय दलित आयोगका माननीय सदस्य सुन्दर पुर्कुटी सहितको विज्ञ समूहबीच २०७९ मंसिर २६ गते “बागमती प्रदेशमा दलित समुदायको अधिकार” विषयक छलफल कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा माननीय सदस्य सुन्दर पुर्कुटीले दलित समुदायले अझसम्म पनि आत्मसम्मानका साथ बाँच्न कठिनाई रहेको, दलितको आर्थिक सामाजिक र राजनीतिक अधिकार हनन भईरहेको विचार व्यक्त गर्नु भयो । मानव अधिकार आयोगका सहसचिव यज्ञप्रसाद अधिकारीले दलित समूदायको अधिकारलाई आयोगले प्राथमिकतामा राखेको, मानव अधिकार कार्ययोजनाको संयन्त्रमा दलित समूदायको प्रतिनिधित्व गराउँदै दुवै आयोगले प्रदेश स्तरमा सहकार्य गरी अगाडि बढ्न सकेमा मानव अधिकार प्रवर्धनमा फड्को मार्न सकिने विचार व्यक्त गर्दै स्थानीय दलित अधिकारकर्मीको सशक्तिकरणमा निरन्तर कार्य गर्ने बताउनु भयो ।

३० राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको अनुगमन

## ३.५ मानव अधिकार कार्ययोजना सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा, मकवानपुरका कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी नेतृत्वको टोलीले २०७९ मङ्सिर २६ गते जिल्ला समन्वय समितिका प्रमुख ललित घलानसंग जिल्लाको मानव अधिकार अवस्थाको विषयमा छलफल कार्यक्रम सम्पन्न गरेको छ । छलफलका क्रममा समन्वय समिति प्रमुख ललित घलानले आयोगसंगको समन्वय र सहकार्यमा मकवानपुर जिल्लाको मानव अधिकारको अवस्था सुधारमा भूमिका निर्वाह गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

## ३.६ बागमती प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन प्रस्तुत

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा,मकवानपुरले आ.व. २०७८/ ७९ को वार्षिक प्रतिवेदन मिति २०७९ मंसिर २५ गते प्रदेश प्रमुख माननीय श्री यादवचन्द्र शर्माज्यू समक्ष पेश गरेको छ । संविधानको धारा २४९ को उपधारा २ बमोजिम बागमती प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले बागमती प्रदेशको मानव अधिकार अवस्था समेटिएको दोश्रो बार्षिक प्रतिवेदन पेश गर्नु भएको हो । उक्त समारोहमा प्रदेश प्रमुख कार्यालयका सचिव ओमबहादुर खड्का, प्रदेश प्रमुख कार्यालयका कर्मचारी तथा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो । आयोगको बागमती प्रदेश कार्यालयले प्रदेशको मानव अधिकारको अवस्था सम्बन्धमा प्रदेश कार्यालयमा दर्ता भएका उजुरी विवरण, उजुरी उपर अनुगमन तथा अनुसन्धान सहितको प्रगति विवरण समेटेर बार्षिक प्रतिवेदन विगत ४ वर्षदेखि प्रकाशन गर्दै आएको छ । उक्त समारोहमा आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले बागमती प्रदेशमा मानव अधिकारको अवस्था सामान्य रहको जानकारी गराउँदै लैंङ्गिक हिंसा, बाल बिवाह, मानव ओसार पसार, वैदेशिक रोजगारीमा संलग्न व्यक्ति र तिनका परिवारहरुको अवस्था, प्राकृतिक प्रकोप र मानव अधिकारको सम्वन्धमा प्रस्तुतीकरण समेत गर्नु भएको थियो । आयोगको बागमती प्रदेशको वार्षिक प्रतिवेदन ग्रहण गर्दै बागमती प्रदेश प्रमुख माननीय यादवचन्द्र शर्माले मानव अधिकारको विषय सवैको चासो र सरोकारको विषय रहेको उल्लेख गर्दै आयोगको प्रदेश कार्यालयले आफुबाट सम्पादित कार्यहरुको प्रतिवेदन प्रकाशन गरी सर्वसाधारणको लागि समेत सु-सूचित गर्ने प्रशंसनीय कार्य गरेको भनी वधाई तथा धन्यवाद ब्यक्त गर्नु भएको थियो ।

## ३.७ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा मकवानपुर र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय हेटौडाको संयुक्त आयोजनामा २०७९ मंसिर २४ गते ७४ औं विश्व मानव अधिकार दिवसको अवसरमा विशेष कार्यक्रमको आयोजना गरिएको छ ।

कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा सपन्न भएको थियो । भौतिक पूर्वाधार विकास राज्यमन्त्री माननीय सन्तबहादुर प्रजाको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा प्रदेश सरकारका सचिवहरु, कार्यालय प्रमुखहरु, बिभिन्न गैर सरकारी संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा कार्यालय प्रमुख अधिकारीले मानव अधिकार संस्कृति विकासको लागि सवैको समन्वय, सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै उपस्थित सहभागीहरुलाई स्वागत गर्नु भएको थियो । प्रमुख अतिथि माननीय सन्तबहादुर प्रजाले राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार संरक्षण र प्रवर्धनमा उल्लेख्य भूमिका निर्वाह गरेको विचार ब्यक्त गर्दै बागमती प्रदेश राजधानीमा आयोगको कार्यालय स्थापनाले यस प्रदेशको मानव अधिकार संरक्षण र प्रर्वधनमा उल्लेखनीय सफलता हासिल हुने धारणा राख्नु भयो । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ललितवहादुर घलान, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव विनोद कुमार भट्टराई, प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, गैर सरकारी संस्था महासंघ मकवानपुरका अध्यक्ष डा.कृष्णप्रसाद धिताल लगायतले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसले मानव अधिकार संस्कृतिको विकासका लागि सवैलाई एकतावद्ध हुन आग्रह गर्नु भएको थियो ।

## ३.८ बागमती प्रदेश कार्यालयमा पत्रकार सम्मेलन

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा मकवानपुरले मिति २०७९ मंसिर १५ गते संगमचोक बासुदेवमार्ग स्थित कार्यालयमा पत्रकार सम्मेलन सम्पन्न गरेको छ । पत्रकार सम्मेलनमा बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले बागमती प्रदेश राजधानीमा आयोगको कार्यालय स्थापना भए संगै यस क्षेत्रको मानव अधिकार अवस्थामा गुणात्मक सुधार हुने अपेक्षा रहेकोले आयोगको यस कार्यालयले प्रदेश सरकार अन्तर्रगतका निकाय, स्थानीय तह, सुरक्षा निकाय अतिरिक्त मानव अधिकार संघ संस्था, सञ्चारकर्मी, नेपाल वार एशोसिएशन, गैर सरकारी संघसंस्था लगायतका संस्थासंग सहकार्य र समन्वय गर्दे मानव अधिकार संरक्षण र सम्वर्धनकालागि प्रभावकारी रुपमा कार्यान्वयनका लागि पहल गर्ने बताउनु भयो । पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, बरिष्ट पत्रकार प्रताप विष्ट लगायत २१ जना संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

## ३.९ मानव अधिकार प्रशिक्षण कार्यक्रम

राष्ट्रिय मानव अधिकार बागमती प्रदेश कार्यालय हेटौडा मकवानपुरका कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले २०७९ कार्तिक २ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जद्धारा आयोजित मानव अधिकार प्रशिक्षण कार्यक्रममा मानव अधिकार संरक्षणमा अदालत र मानव अधिकार आयोगको सिफारिस सम्बन्धमा प्रशिक्षण दिनुभयो । प्रशिक्षणमा सुरक्षाकर्मीले पालना गर्नु पर्ने मानव अधिकारका सिद्धान्त, निर्वाचनमा अवलम्बन गर्नुपर्ने आचरण, नागरिक मैत्री व्यवहार, सिमान्तकृत मतदाताहरुको अधिकार संरक्षणमा प्रहरीको भुमिका लगायतका विषयमा

प्रशिक्षण दिनु भएको थियो । प्रशिक्षण कार्यक्रममा प्रहरी उपरीक्षक, प्रहरी नायव उपरीक्षक तथा प्रहरी निरीक्षकहरु समेत गरी ४५ जनाको सहभागिता रहेको थियो ।

## ३.१० आयोग र कारागारका पदाधिकारी तथा कर्मचारीवीच अन्तर्क्रिया

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजनामा मिति २०७९ असोज १३ गते राष्ट्रिय मानव अधिकार आयोगका सदस्य माननीय मिहिर ठाकुरको प्रमुख आतिथ्यतामा कैदी बन्दीहरुको मानव अधिकार अवस्था विषयक छलफल कार्यक्रमको आयोजना गरिएको छ । कार्यक्रममा कारागार व्यवस्थापन विभागका निर्देशक श्री झंकनाथ ढकाल, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका सहसचिव यज्ञप्रसाद अधिकारी, केन्द्रीय कारागारका जेलर उपसचिव ईश्वरीप्रसाद पाण्डे, सूचना अधिकारी मोहन प्रसाद कोईराला, कारागार कार्यालय डिल्लीबजारका जेलर उपसचिव बसन्तराज पुरी, सूचना अधिकारी सुनिता अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौका शाखा अधिकृत प्रकाश पोखरेल र आयोगका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## ३.११ जोखिम व्यवस्थापन सम्बन्धी अनुगमन

मिति २०७९ भदौ १९ गते राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको टोली र गोकर्णेश्वर नगरपालिका काठमाण्डौका नगर प्रमुख दिपकप्रसाद रिसाल, वडानं.१ का वडाध्यक्ष द्धारिका श्रेष्ठ बीच सुन्दरीजलको पुलदेखि सुन्दरीजल माईमन्दिरसम्म करिव २ कि.मी. खोंच दुर्घटनाग्रस्त क्षेत्र रहेकोमा सो क्षेत्रमा मानवीय क्षति न्यूनीकरणकालागि छलफल सम्पन्न भएको छ । छलफल पश्चात उक्त क्षेत्रमा तत्काल सचेतना अभिवृद्धिका लागि डिजिटल वोर्ड, मुख्य द्ववारमा तार जाली र जोखिम क्षेत्रमा निषेधित क्षेत्र घोषणा गर्ने नगरपालिकाले जनाएको छ । उक्त क्षेत्रमा वर्षायाममा प्रत्येक वर्ष ३ देखि ५ जना सम्म मानिसको ज्यान जाने गरेकोले उक्त क्षेत्रको संरक्षणका लागि आवश्यक पहलका लागि आयोगमा उजुरी प्राप्त भए पश्चात आयोगले उक्त स्थानको अनुगमन गरी जानकारी लिएको हो । आयोगको अनुगमन पश्चात नगरपालिकाले सुरक्षा प्रणाली विकास गर्दै लगेको पाइएको छ ।

## ३.१२ मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना सम्बन्धमा अन्तर्क्रिया

पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्ला समन्वय संयन्त्र गठन पश्चात काभ्रेपलाञ्चोक जिल्लाका ६ नगरपालिका र ७ गाउँपालिकामा मानव अधिकार कार्ययोजना स्थानीय तह समन्वय समिति गठन सम्बन्धमा जिल्ला समन्वय समितिका प्रमुख दिपक कुमार गौतम जिल्ला समन्वय अधिकारी शान्तिराज प्रसाईं, धुलिखेल नगरपालिकाका कार्यवाहक नगरप्रमुख निराजन जंगम प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रकुमार मगर र राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका (प्रमुख) सहसचिव यज्ञप्रसाद अधिकारी सहितको टोलीबीच नेपाल सरकारको मानवअधिका कार्ययोजना स्थानीय तह समन्वय समितिको गठन तथा जिल्लाको समग्र मानव

अधिकार अवस्थाका सम्वन्धमा २०७९ साउन २९ गते गते छलफल सम्पन्न भएको छ । टोलीले पनौती नगरपालिका, बनेपा नगरपालिका र रोशी गाँउपालिकामा समेत छलफल सम्पन्न गरेको छ। स्थानीय तहका प्रमुखहरुले मानव अधिकार अनुगमन समिति गठन गरी स्थानीय सरकार आ- आफ्नो पालिकाको मानव अधिकार संरक्षण र प्रवर्धनमा योगदान गर्दै राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयसंग सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

## ३.१३ न्याय दिवसको सन्दर्भमा अन्तर्क्रिया

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजनामा २०७९ साउन १ गते अन्तर्राष्ट्रिय न्याय दिवसको सन्र्दभमा छलफल कार्यक्रम सम्पन्न गरेको छ। छलफलमा आयोगको बागमती प्रदेश कार्यालय प्रमुख यज्ञप्रसाद अधिकारी र इन्सेक बागमती प्रदेश संयोजक कृष्ण गौतमले अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम विधान र वर्तमान नेपाली फौज्दारी कानूनका सन्दर्भमा चर्चा गर्नु भएको थियो । कार्यक्रममा बागमती प्रदेश कार्यालयका कर्मचारीहरुको सहभागिता रहेको थियो।

## ३.१४ संक्रमणकालीन न्याय र मानव अधिकार सम्बन्धी कार्यशाला

संक्रमणकालीन न्याय सम्बन्धी नीतिगत व्यवस्था र भावी कार्यदिशा विषयक एक दिने कार्यशाला मिति २०७९ कार्तिक २३ गते ललितपुरमा सम्पन्न भएको छ। राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य लिली थापाको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा आयोगका पूर्व सदस्य सुदिप पाठक, वेपत्ता पारिएका ब्यक्ति सम्बन्धी छानवीन आयोगका सचिव श्यामकुमार भट्टराई, सत्य निरुपण तथा मेलमिलाप आयोगका प्रतिनिधि, द्धन्द विज्ञ, मानव अधिकार रक्षक, प्राध्यापक लगायतको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले कार्यपत्र पेश गर्नु भएको थियो। बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगका सचिव श्यामकुमार भट्टराई, Nepal Peace Building Initiative का प्रतिनिधि विज्ञ सुविन्द्र बोगटी लगायतका बक्ताले पीडित केन्द्रीत न्यायमा जोड दिदै विश्वका द्वन्द्वग्रस्त मुलुकमा भएका अभ्यासबारे चर्चा गर्नु भएको थियो। छलफलमा संक्रमणकालीन न्यायलाई छिटो छरितो बनाउन नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधनको प्रयास भैरहेको भन्ने भएपनि संशोधित ऐन पीडितमैत्री नभएको भनी नागरिक समाजवाट विरोधको स्वार सुनिएको छ। सशस्त्र द्वन्द्वपीडितले न्याय प्राप्त गर्ने अधिकार संक्रमणकालीन न्यायको प्रमुख विषय हो। यस प्रकारको गम्भीर विषयमा पीडित तथा पीडितका परिवार तथा सरोकारवाला निकायसंग छलफल नै नगरी ऐन ल्याइएको भनी मानव अधिकारकर्मीहरु विरोधमा उत्रिएको पाइएको छ। सर्वोच्च अदालतको फैसला, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस, संक्रमणकालीन न्याय, मानव अधिकारका अन्तर्राष्ट्रिय मान्यता बमोजिम स्वीकार्य हुने गरी ऐन संशोधन हुनु पर्ने विज्ञहरुको सुझाव रहेको थियो।

## ४. बिभिन्न निकायहरु संगाको समन्वय सहकार्यमा कार्यक्रम संचालन

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले बिभिन्न निकायहरुसंग समन्वय र सहकार्यमा मानव अधिकारको सम्मान र संरक्षणका लागि विविध कार्यक्रमको आयोजना गरेको छ।

- राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा मकवानपुर र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय हेटौडाको आयोजनामा २०७९ मंसिर २४ गते ७४औ विश्व मानव अधिकार दिवसको अवसरमा विशेष कार्यक्रम सम्पन्न गरेको छ। कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षता तथा भौतिक पूर्वाधार विकास मन्त्रालयका राज्यमन्त्री मा.सन्तबहादुर प्रजाको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा प्रदेश सरकारका सचिवहरु, कार्यालय प्रमुखहरु बिभिन्न गैर सरकारी संघ संस्थाका प्रमुख प्रतिनिधिको सहभागिता रहेको थियो ।
- राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा मकवानपुर र राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेश कार्यालयको आयोजनामा २०७९ पौष १ र २ गते अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँचका अवरोध बिषयमा दुई दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । गोष्ठीमा उच्च अदालत पाटन अस्थायी इजालस हेटौडाका मुख्य न्यायाधीश अब्दुल अजिज मुसलमान, राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका लोकनाथ घिमिरे, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका कृष्ण मुरारी दाहाल, इन्सेक बागमती प्रदेशका गणेश भण्डारीले कार्यपत्र पेश गर्नु भएको थियो । कार्यक्रममा न्यायीक र अर्धन्यायीक निकायका २६ जनाको सहभागिता रहेको थियो ।
- राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्याल हेटौडा मकवानपुरको आयोजना तथा राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन (कोशिश) नेपालको सहकार्यमा मिति २०७९ माघ १७ गते होटल एभोकाडो रिसोर्टमा “बागमती प्रदेशमा मानसिक स्वास्थ्य र मानव अधिकार सम्बन्धी परामर्श बैठक” सम्पन्न भएको छ। आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा भएको उक्त परामर्श बैठकमा स्वास्थ्य निर्देशनालय हेटौडाका निर्देशक महेश्वर श्रेष्ठ, राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव यज्ञपसाद अधिकारी र कोशिश नेपालका निर्देशक मात्रिका प्रसाद देवकोटाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा बागमती प्रदेश सरकारका बिभिन्न मन्त्रालय, निर्देशनालय, अस्पताल तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु संञ्चारकर्मी समेत ६० जनाको सहभागिता रहेको थियो ।
- राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडाले राष्ट्रिय अपाङ् महासंघ बागमती प्रदेश हेटौडाको समन्वयमा २०७९ चैत १६ गते अपाङ्ता भएका व्यक्तिहरुको न्यायमा पँहुचका अवरोध पहिचान सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गरेको

छ । आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा भएको मकवानपुर जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश ऋषिराम निरौलाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, गैसस महासंघ मकवानपुरका अध्यक्ष रमिला सापकोटा, राष्ट्रिय अपाङ् महासंघ बागमती प्रदेशका अध्यक्ष आश्विन लम्साल,बागमती प्रदेश प्रहरी कार्यालय, सामाजिक विकास मन्त्रालय लगायतका प्रमुख प्रतिनिधीहरुको सहभागिता रहेको थियो । कार्यक्रमका सहभागिहरुले प्रतिवेदनमा उल्लेख भएका विषयहरुलाई प्रभावकारी रुपमा आ आफ्नो कार्यालयमा कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

- राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले इन्सेक हेटौडाको समन्वयमा २०७९ चैत २४ गते मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यन्वयनको अवस्था विषयक अन्तर्रक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, बकैया गाँउपालिका अध्यक्ष धर्मराज लामिछाने, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका उपसचिव सुर्दशन ढकाल, प्रदेश नीति योजना आयोगका बीरबहादुर खड्गी, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका बबिता कार्की नेपाल बार एसोसिएशन मकवानपुरका अध्यक्ष अधिवक्ता अप्सरा वस्नेत, बिभिन्न संघ संस्थाका प्रतिनिधि, संञ्चारकर्मी गरी ४५ जनाको सहभागिता रहेको थियो ।

- राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा मकवानपुरले कोशिश नेपालको सहकार्यमा २०८० बैशाख ७ गते मानव अधिकारकर्मी, नागरिक समाजसंग मकवानपुर जिल्लाको मानव अधिकार अवस्थाका बारेमा छलफल सम्पन्न गरेको छ । कार्यक्रममा आयोगको बागमती प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी, गैसस महासंघ मकवानपुरका अध्यक्ष रमिला सापकोटा, इन्सेक बागमती प्रदेश संयोजक गणेश भण्डारी, कोशिस नेपालका थमकुमारी कुँबर मानव अधिकार संगठन मकवानपुरका सभापति सर्मिला श्रेष्ठ लगायतको सहभागिता रहेको थियो । छलफलका सहभागिहरुले मकवानपुर जिल्लाको समग्र मानव अधिकार अवस्थामा सुधार गर्नका लागि आआफ्नो क्षेत्रबाट पहल कदमी गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

- नेपाल पत्रकारमहासंघ भरतपुर चितवनका पदाधिकारीहरुसंग चितवन जिल्लाको समग्र मानव अधिकार अवस्था तथा प्रतिनिधि सभा सदस्य उपनिर्वाचनको विषयमा छलफल पश्चात राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मिहिर ठाकुर, आयोगका पूर्व सदस्य शुशिल प्याकुरेल, आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख यज्ञप्रसाद अधिकारी सहितको टोलीले २०८० बैशाख ८ गते भरतपुमा पत्रकारहरुसंग भेटघाट गरेको थियौं ।

- जिल्ला समन्वय समिति चितवनको आयोजनामा राष्ट्रिय मानव अधिकार आयोग बागमती

प्रदेश कार्यालय हेटौडा मकवानपुरका कार्यालय प्रमुख यज्ञप्रसाद अधिकारीको उपस्थितिमा २०८० बैशाख २७ गते मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना जिल्ला समन्वय समिति चितवनको गठन भएको छ। जिल्ला समन्वय समितिका चितवनका प्रमुख नारायण प्रसाद अधिकारीको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका पदाधिकारीहरु, जिल्ला स्थित महानगरपालिका, नगरपालिका प्रमुखहरु र गाँउपालिका अध्यक्ष, जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ सदस्य स्वास्थ्य कार्यालयका प्रमुख, जिल्ला न्यायधिबक्ता जिल्ला स्थित सुरक्षा निकायका प्रमुख प्रतिनिधिहरुको सहभागिता रहेको थियो। कार्यक्रमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडाका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यन्वयनको अवस्था विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

- जिल्ला समन्वय समिति सिन्धुलीको आयोजनामा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा, इन्सेक बागमती प्रदेश कार्यालय र स्वाधीन खवर पत्रिकाकाको समन्वयमा २०८० जेठ ४ गते मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था विषयक एक दिवसीय गोष्ठी सिन्धुलीमा सम्पन्न भएको छ। जिल्ला समन्वय समिति सिन्धुलीका प्रमुख कारसाङ लामाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयाल, दुधौली नगरपालिकाका नगर प्रमुख दिनेश अधिकारी, प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल, गोलञ्जोर गाँउपालिकाका अध्यक्ष शंकरराज बराल, घ्याङलेक गाँउपालिकाका अध्यक्ष जगतबहादुर भोलन, गैसस महासंघका अध्यक्ष रेवतीराज अधिकारी लगायतको सहभागिता रहेको थियो। कार्यक्रमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडाका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले मानव अधिकार राष्ट्रिय कार्य योजना कार्यन्वयनको अवस्था विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुयालले मानव अधिकार राष्ट्रिय कार्ययोजनामा समावेश विषयलाई विकास योजनासंग समन्वय गरी अगाडी बढ्न सवै स्थानीय तहका प्रमुखहरुलाई आग्रह गर्नु भयो। गोष्ठी समापन संगै जिल्ला समन्वय समिति सिन्धुलीका प्रमुख कारसाङ लामाको संम्योजकत्वमा मानव अधिकार राष्ट्रिय कार्ययोजना अनुगमन संयन्त्र गठन गरेको छ। समिति गठन पश्चात संयोजक लामाले सिन्धुली जिल्लाको समग्र मानव अधिकार अवस्थामा गुणात्मक सुधार ल्याउने प्रतिवद्धता व्यक्त गर्नु भयो। कार्यक्रममा स्वाधीन खवर पत्रिकाका प्रधान सम्पादक रुद्रबहादुर खड्का, इन्सेक बागमती प्रदेश संयोजक गणेश भण्डारीले समेत आफ्नो विचार राख्नु भएको थियो।
- राष्ट्रिय मानव अधिकार आयोगले २०८० जेठ २२ गते हेटौडा स्थित होटल सामनामा एचआइभी संक्रमितको मानव अधिकार सम्बन्धमा एक दिवसीय अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ। आयोगका सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न

उक्त कार्यक्रममा मकवानपुर जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश ऋषिराम निरौला, प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, प्रहरी उपरिक्षक बामदेव गौतम, हेटौडा अस्पतालका डा. लवकुमार कार्की, मकवानपुर समुहका अध्यक्ष राजुप्रसाद सुवेदी, विष्णु गुरुङलगायतका वक्ताहरुले सिमान्तीकृत संक्रमितको स्वास्थ्य सहित सम्मान पूर्वक बाँच्न पाउने अधिकारको संरक्षणमा सवै पक्षले ध्यान दिनु पर्ने बताउनु भयो । उक्त कार्यक्रममा आयोगका सहसचिव यज्ञप्रसाद अधिकारी र उपसचिव बुद्धनारायण सहनीले सहजिकरण गर्नु भएको थियो । कार्यक्रममा ५५ जनाको सहभागिता रहेको थियो । आयोगको टोलीले हेटौडा अस्पतालको (ART) सेन्टरको समेत अनुगमन गरेको छ ।

- राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको आयोजनामा २०८० जेठ २४ गते भरतपुर चितवनमा एचआइभी संक्रमित र जोखीममा परेका व्यक्तिको मानव अधिकार सम्बन्धी एक दिवसीय अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ । आयोगका सहसचिव यज्ञप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका चितवनका प्रमुख नारायण प्रसाद अधिकारीले जोखीममा परेका नागरिकको मानव अधिकार संरक्षणमा सवैले जोड दिनु पर्ने बताउनु भयो । उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, प्रहरी उपरिक्षक राजेश कार्की, गैसस महासंघका अध्यक्ष पार्वती घिमिरे, भरतपुर अस्पतालका मेडिकल सुपरिटेण्डेन प्रा.डा.कृष्ण प्रसाद पौडेल सकृय समाज चितवनका कविता शर्मा (ART) का कृष्ण पौडेल, मानव अधिकारकर्मी सिताराम भट्ट, मानव अधिकार सचेत अभियानका अध्यक्ष नविना गुरुङ लगायतका वक्ताहरुले जोखिममा परेका समुदायको सहभागिता, सुरक्षा, रोजगारी लगायतमा भेदभाव रहेकोले सरकारको वजेट नीति योजनामा मानव अधिकार विषय समावेश गर्न आग्रह गर्नु भएको थियो । अभिमुखिकरणमा सहसचिव यज्ञप्रसाद अधिकारी, उपसचिव बुद्धनारायण सहनी र SCNHRC परियोजना अधिकृत पुनम थपलियाले प्रस्तुतीकरण गर्नु भएको थियो ।

# परिच्छेद-४

## बागमती प्रदेश कार्यालयका उपलब्धि, चुनौती र समाधानका सम्भावित उपायहरु

### ४.१ प्रदेश कार्यालयको उपलब्धि

आयोगको बागमती प्रदेश कार्यालयको लागि विनियोजित आ.व. २०७९/८० को बजेट शीर्षक अन्तर्गत १० वटा अनुसन्धान मिसन मार्फत यस आ.व मा ६७ फाइलमा अनुसन्धान कार्य सम्पन्न गरी निर्णयका लागि केन्द्रिय कार्यालय पठाईएको छ। श्रोत साधनले भ्याएसम्म प्रत्येक घटनामा आयोगको उपस्थिति हुने गरेको छ। प्रवर्धनात्मक कार्यक्रम तर्फ बागमती प्रदेश कार्यपालिका, व्यबस्थापिकासंग मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सम्बन्धमा प्रदेश सरकार र स्थानीय सरकारसंग पत्राचार भएका छन्। यस प्रदेश अन्तर्गत प्रादेशिक क्षेत्राधिकार भित्रका १३ वटै जिल्लाहरुमा अनुसन्धान, अनुगमन तथा सचेतना कार्यक्रम गर्ने लक्ष्य लिइएको छ। त्यसैगरी न्यायिक समितिका पदाधिकारीहरुको लागि मानव अधिकार सम्बन्धी कार्यक्रमबाट निष्पक्ष, स्वतन्त्र र छिटो छरितो न्याय सम्पादन गर्नकोलागि मद्धत पुगेको छ। मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८–२०८०/०८१) को कार्यान्वयन अवस्था, अनुगमन, संयन्त्र गठन सम्बन्धमा बागमती प्रदेश र स्थानीय पालिकासंगको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन भएको छ। बागमती प्रदेश अन्तर्गतका प्रहरीलाई सञ्चालित मानव अधिकार सम्बन्धी तालिममा सहभागी भइ आयोगको पहुँच विस्तार गर्दै मानव अधिकार संस्कृति विकासको लागि उल्लेख्य उपलब्धी हाँसिल भएको छ। गैरसरकारी संस्था, मानव अधिकार रक्षकसंग समन्वय र सहकार्यमा भएका कार्यक्रमबाट सहकार्य विस्तारमा उल्लेख्य योगदान पुग्न गएको छ। संविधानप्रदत्त दायित्व बमोजिम मानव अधिकार सम्वर्द्धन र संरक्षणमा अग्रपङ्गतिमा रहनुलाई राज्यका निकाय, पदाधिकारी र नागरिक समाजले प्रशंसा गरेको पाइएको छ।

### ४.२ चुनौति

मानव अधिकार र मानव विकास सूचकांङ्कको आधारमा हेर्दा बागमती प्रदेशका १३ जिल्लाको भौगोलिक अवस्था, आम-नागरिकको जीवनस्तर हेर्दा धनी र गरीब वीचको खाडल फराकिलो रहेको देखिन्छ। यस प्रदेशका जिल्लाहरु काठमाण्डौ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर र चितवन बाहेकका जिल्लाको मानव अधिकार अवस्था हेर्दा सीमान्तकृत वर्गको अधिकार र भौगोलिक विकटता आदिको कारण नागरिकको मानव अधिकार चुनौतिपूर्ण रहेको छ। सीमान्तकृत वर्गको मानव अधिकार संरक्षणकोलागि दीगो विकासको मूलधारमा सीमान्तकृत र भौगोलिक रुपमा विकट ठाउँमा रहेका नागरिकको अधिकार संरक्षण चुनौतिपूर्ण रहेको छ। बागमती प्रदेश सरकारले प्रदेश निजामती सेवा ऐन निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरुले

पाउने आरक्षण प्रतिशत प्रदेश निजामती सेवामा संघीय निजामती सेवा ऐनले दिएको आरक्षणको कोटा ५ प्रतिशत बाट घटाएर ३ प्रतिशत पुऱ्याएको छ। बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन संघीय कानुनसँग पुर्ण रुपमा बाझिएको देखिन्छ। यस कार्यालयमा विचाराधीन उजुरीको अनुसन्धानको लागि श्रोत साधनमा कमि भएकोले उजुरीको अनुपातमा श्रोत साधनयुक्त बनाइनु पर्ने हुन्छ। दरबन्दी बमोजिम कर्मचारी सहित भौतिक श्रोत साधन अपर्याप्त भएकोले आशातीत प्रतिफल प्राप्त गर्न कठिनाइ हुनु स्वभाविकै हो। तसर्थ आयोगले योजना तर्जुमा गर्दा विचाराधीन उजुरीको अनुपातमा सवारी साधन सहित कर्मचारीको व्यवस्थापन हुन नसक्नु चुनौतिको रुपमा रहेको छ। यसका अतिरिक्त ग्रामीण तहमा मानव अधिकार सम्बन्धी सचेतना विस्तारको लागि प्रत्येक जिल्लामा सम्पर्क विन्दु नहुँदा आमनागरिकको पहुँच विस्तारमा चुनौति थपिएको महसुस भएको छ।

## ४.३ चुनौती समाधानका उपायहरु

प्रदेश निजामती सेवा ऐन निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरुले पाउने आरक्षण प्रतिशत प्रदेश निजामती सेवामा संघीय निजामती सेवा ऐनले दिएको आरक्षणको कोटा ५ प्रतिशतबाट घटाएर ३ प्रतिशत पुऱ्याएको छ। बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन संघीय कानुनसँग बाझिएको देखिदा यस समस्याको समाधानकालागि पहल गर्नु पर्ने देखिन्छ। हाल आयोगको बागमती प्रदेश कार्यालयमा विचाराधीन उजुरी अनुसन्धान फछ्र्यौटकोलागि कम्तिमा एक पटकमा दुइ वटा फिल्डमा जाने सवारी साधनको तत्काल व्यवस्था हुनु पर्ने देखिन्छ। देशमा विद्यमान दण्डहीनता अन्त्यका लागि राज्यका निकायसंग नियमित छलफल, परामर्श हुनु पर्ने देखिन्छ। त्यसैगरी नागरिक अधिकार र कर्तव्यका सवालमा समेत मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयबाट चेतनामूलक कार्यक्रम सञ्चालनकालागि मानव अधिकार रक्षक सहित मानव अधिकारकर्मीसंग समन्वय हुनुपर्ने देखिन्छ।

आयोगको बागमती प्रदेश कार्यालय अन्तर्गतका जिल्लामा मानव अधिकार रक्षकलाई अवैतनिक सम्पर्क सूत्रको रुपमा तोक्नु पर्ने देखिन्छ जसले गर्दा उजुरी ग्रहणमा सहजता हुने देखिन्छ। स्थायी राजधानी हेटौंडामा कायम भएको आयोगको कार्यालय हेटौंडामा सञ्चालनको लागि आयोगबाट तत्काल बजेट विनियोजन गरी घर जग्गाको लागि प्रदेश सरकार र स्थानीय सरकारसंग पनि समन्वय गर्दै जानुपर्ने देखिन्छ। त्यसैगरी मानव अधिकार सचेतना अभिवृद्धिका लागि आयोगका गतिविधिहरु ग्रामीण तहसम्म पुऱ्याउनु पर्ने देखिन्छ। प्रवर्धन कार्यक्रमबाट पनि मानव अधिकार संरक्षणमा थप योगदान पुग्न जाने देखिन्छ।

बागमती प्रदेश सभामा माननीय प्रदेश प्रमुख यादवचन्द्र शर्माद्धारा प्रस्तुत नीति तथा कार्यक्रम र माननीय आर्थिक मामिला योजना मन्त्री बहादुर सिं लामा (तमाङ) ले प्रस्तुत गर्नु भएको बजेटको समग्र अवस्था विश्लेषण गर्दा सिमान्तीकृत नागरिक, गरिबिको रेखामुनी रहेका व्यक्तिलाई प्राथमिकता राखेको पाईन्छ। मुलतः नागरिकको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको

अधिकार, वातावरण र दीगो विकास लक्ष्य, मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि जोड दिएको देखिन्छ। नेपालको संविधानको मौलिक हकको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहलाई अनुसूचीमा उल्लेख गरेको एकल तथा साझा अधिकारको सूचीमा उल्लेखीत अधिकारको प्रभावकारी कार्यान्वयनमा प्रतिवद्धता व्यक्त गरेको पाईन्छ । देशको राजधानीमा रहेको बागमती प्रदेशमा नागरिकको अवस्था एकैखालको भने देखिदैन । नीति कार्यक्रममा उल्लेखित विषय अनुसार वजेट बिनियोजन तर्फ हेर्दा भने बागमती प्रदेशका १३ वटै जिल्लामा समानुपातिक वितरण भएको देखिदैन। बागमती प्रदेशका दुर्गम जिल्लाहरु रसुवा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक आदि जिल्लाहरुमा बिनियोजित बजेट न्यून रहेको देखिन्छ। भौगोलिक रुपमा बिकट रहेका नागरिकको आधारभूत मानव अधिकार अझै पनि चुनौतिपूर्ण अवस्थामा रहेको देखिन्छ। त्यस तर्फ आगामी दिनमा बागमती प्रदेश सरकारले ध्यान दिन जरुरी देखिन्छ। अन्तमा नीति तथा कार्यक्रम र बजेटको सफल कार्यान्वयनबाट नै नागरिकको मानव अधिकार सुनिश्चीत हुनेमा बिश्वास राख्न सकिन्छ।

## ४.४ प्रदेश र स्थानीय सरकारलाई सुझाव

बागमती प्रदेश सरकार र प्रदेश अर्न्तगत रहेका ११९ वटा स्थानीय तहका सरकारले बजेट बिनियोजन गर्दा मानव अधिकारमुखी विकास पद्धतिलाई केन्द्रबिन्दुमा राख्नुपर्ने देखिन्छ । विकासको केन्द्रबिन्दु मानिस भएकोले सरकारको नीति, योजना, बजेट कार्यक्रम आम नागरिकको सार्थक सहभागितालाई जोड दिंदै विकास निर्माणका कार्यमा योगदान गर्ने वातावरण निर्माण गर्नु पर्दछ । त्यसैगरी विकासको प्रतिफल भौगोलिक रुपमा विकट रहेका जिल्ला र ग्रामीण तहसम्म पुऱ्याउनु पर्ने देखिन्छ। सीमान्तिकृत र आवाजविहिनका आवाजलाई सरकारी निकायबाट सम्बोधन गरिनु पर्दछ। आम जनताप्रति जवाफदेही सरकार र जिम्मेवार नागरिकबाट नै मानव अधिकार सुनिश्चित र संरक्षित सम्भव भएकोले मानव अधिकार चेतना विस्तारका लागि समेत यथोचित वजेट बिनियोजन गरिनु पर्ने देखिन्छ।

## अनुसूची १


## राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुरका कर्मचारी सम्बन्धी विवरण

**(सांगठनिक संरचना)**


| क्र.स. | नाम | पद |
|---|---|---|
| १ | यज्ञप्रसाद अधिकारी | सहसचिव |
| २ | जायश्वर चापागाई | मानव अधिकार अधिकृत (असाधारण विदा) |
| ३ | रारा कर्माचार्य | लेखा अधिकृत |
| ४ | रेवा रेग्मी | मानव अधिकार अधिकृत |
| ५ | विजया उप्रेती मैनाली | लेखा अधिकृत (केन्द्रीय कार्यालय काज) |
| ६ | लक्ष्मी पौडेल | मानव अधिकार अधिकृत |
| ७ | पवित्रा भण्डारी | मानव अधिकार अधिकृत |
| ८ | कृष्ण प्रसाद मिश्र | मानव अधिकार अधिकृत (काज) |
| ९ | लोकनाथ घिमिरे | लेखापाल/मा.अ.अ. |
| १० | निर्मला बोगटी | सहायक प्रथम |
| ११ | अस्मिता पोखरेल | सूचना प्रविधि तथा अभिलेख सहायक (केन्द्रीय कार्यालय काज) |
| १२ | मनोजकुमार बुढा मगर | सवारी चालक |
| १३ | प्रेमकुमार चौधरी | सुरक्षागार्ड |
| १४ | अविन पौडेल | सुरक्षा गार्ड |
| १५ | प्रदिप सुवेदी | कार्यालय सहायक |
| १६ | रीताकुमारी शाह | कार्यालय सहायक |
| १७ | लक्ष्मी नेपाल पौडेल | सुरक्षा गार्ड |
| १८ | पाशाङ लामा | सवारी चालक |

**अनुसूची-२**

**प्रादेशिक क्षेत्राधिकार रहेका जिल्लाहरु**
**बागमती प्रदेश कार्यालय हेटौडा**




**प्रदेशिक क्षेत्राधिकार रहेका स्थानीय तह संख्या ११९**




श्रोत:www.mofaga.gov.np

## अनुसुची- ३

### अन्य संस्थाले आयोजना गरेको प्रबर्द्धनात्मक तथा अन्तर्क्रिया कार्यक्रममा भएको सहभागिताको विवरण

| क्र. सं | कार्यक्रमको विषय | आयोजकको नाम | मिति | सहभागी कर्मचारीको नाम |
|---|---|---|---|---|
| १ | लैंगिक हिंसा न्यूनीकरण अन्तर्क्रिया कार्यक्रम | राष्ट्रिय मानव अधिकार आयोग, के.का. हरिहरभवन | २०७९।४।५ | यज्ञप्रसाद अधिकारी |
| २ | मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम | स्वास्थ्य निर्देशनालय, हेटौडा | २०७९।९।६ | लोकनाथ घिमिरे |
| ३ | अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सम्बन्धी कार्यक्रम | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल | २०७९।९।१२ | यज्ञप्रसाद अधिकारी<br>रेवा रेग्मी |
| ४ | मानसिक स्वास्थ्य र मानव अधिकार सम्बन्धी कार्यशाला | बागमती प्रदेश कार्यालय र कोशिससंगको सहकार्य, हेटौडा। | २०७९।१०।१७ | यज्ञप्रसाद अधिकारी<br>रेवा रेग्मी<br>लक्ष्मी पौडेल<br>रारा कर्माचार्य<br>लोकनाथ घिमिरे |
| ५ | आर्थिक,सामाजिक अधिकार | फियान नेपाल,बागमती प्रदेश हेटौडा। | २०७९।११।१६ | रेवा रेग्मी |
| ६ | राष्ट्रिय अपाङ्ग महासंघको प्रदेशिक सम्मेलन | राष्ट्रिय अपाङ्ग महासंघ | २०७९।१२। | रेवा रेग्मी |
| ७ | बाल अधिकार संरक्षणका लागि प्रादेशिक भेला | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | | रेवा रेग्मी,<br>लोकनाथ घिमिरे |
| ८ | मानसिक स्वास्थ्य र मानव अधिकार सम्बन्धी कार्यशाला | बागमती प्रदेश कार्यालय र कोसिससंगको सहकार्य , हेटौडा | २०७९।१०।१७ | यज्ञप्रसाद अधिकारी<br>रेवा रेग्मी<br>लक्ष्मी पौडेल<br>रारा कर्माचार्य<br>लोकनाथ घिमिरे |

| | | | | |
|---|---|---|---|---|
| ९ | आर्थिक, सामाजिक अधिकार सम्बन्धी बार्षिक गतिविधि प्रतिवेदन सार्वजनिक कार्यक्रम | काहुराष्ट नेपाल | २०७८।१२।१७ | यज्ञप्रसाद अधिकारी |
| १० | मानव अधिकार उल्लंघनका घटनाहरुको अभिलेखीकरण | रा.मा.अ.आयोग के.का. | २०८०।१।१३ देखि २० सम्म | यज्ञप्रसाद अधिकारी |
| ११ | मानव अधिकार तालिम | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | २०८०।१।२५ | यज्ञ प्रसाद अधिकारी |
| १२ | नेपाल सरकारको मानव अधिकार सम्बन्धी कार्ययोजना अभिमुखीकरण कार्यक्रम | जिल्ला समन्वय समिति सिन्धुली, इन्सेक बागमती प्रदेश | २०८०।०२।४ | यज्ञप्रसाद अधिकारी |
| १३ | सामुदायिक प्रणाली सशक्तिकरण वकालत कार्यक्रम | जागृति महिला महासंघ, काठमाण्डौ | २०८०।२।९ | यज्ञप्रसाद अधिकारी, लोकनाथ घिमिरे |
| १४ | दुर्व्यसन विरुद्ध युवाको अधिकार र दायित्व सम्बन्धी कार्यत्रम | गै.स.स महासंघ हेटौडा, जिसस हेटौडा र हेटौडा महानगरपालीका । | २०८०।३।११ | यज्ञप्रसाद अधिकारी |
| १५ | मदन भण्डारी स्वास्थ विज्ञान प्रतिष्ठानको बार्षिकोत्सवको कार्यक्रम | मदन भण्डारी स्वास्थ विज्ञान प्रतिष्ठान हेटौडा , | २०८०।३।१४ | यज्ञप्रसाद अधिकारी |
| १६ | मानप अधिकारको अवस्था सम्बन्धी कार्यक्रम | गै.स.स महासंघ हेटौडा, | २०८०।३।२६ | यज्ञप्रसाद अधिकारी |

## अनुसुची- ४

### अन्य संस्थाले आयोजना गरेको कार्यक्रममा श्रोत व्यक्तिको रुपमा भाग लिएको विवरण

| क्र. सं | तालिमको विषय | संचालन गर्ने निकायको नाम | रा.मा.अ. आयोगको तर्फबाट भाग लिने कर्मचारीको नाम | तालिमको अबधि मिति र दिन समेत |
|---|---|---|---|---|
| १ | मानव अधिकार कार्यक्रममा प्रशिक्षक | एच आइभी एड्स संक्रमीत एकल समूह | यज्ञप्रसाद अधिकारी | २०७८।४।१३-१६ |
| २ | सत्यको खोजी नामक अनुसन्धानात्मक पुस्तक प्रकाशन समितिको बैठक | बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग | सहसचिव यज्ञप्रसाद अधिकारी | २०७९।५।२० |
| ३ | मानव अधिकार कार्ययोजना र विकासमुखी पद्धति विषयमा प्रशिक्षण | मन्थली नगरपालिका, रामेछाप | यज्ञप्रसाद अधिकारी मनोज बुढामगर | २०७९।५।२४-२६ |
| ४ | बेपत्ता पारिएका व्यक्तिको हक अधिकार सम्बन्धमा परामर्श छलफल | बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग | मा. डा. सूर्य ढुंगेल, मा. मनोज दुवाडी, यज्ञप्रसाद अधिकारी, दिपकजंगध्वज कार्की, खिमानन्द बस्याल | २०७९।५।२७ |
| ५ | सत्य निरुपण मेलमिलाप आयोग परामर्श छलफल | सत्य निरुपण मेलमिलाप आयोग, काठमाण्डौ | मा. डा. सूर्य ढुंगेल, मा. मनोज दुवाडी, यज्ञप्रसाद अधिकारी, दिपकजंगध्वज कार्की, खिमानन्द बस्याल | २०७९।५।२९ |
| ६ | मानव अधिकार रक्षकको अवस्था र चुनौति | अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक | यज्ञप्रसाद अधिकारी | २०७९।६।४ |
| ७ | सूचनाको अधिकार | राष्ट्रिय सूचना आयोग | सरिता ज्ञवाली | २०७९।६।१२ |

| | | | | |
|---|---|---|---|---|
| ८ | Moot Court प्रतियोगितामा Judge को भूमिका | ICRC | यज्ञप्रसाद अधिकारी | २०७९।६।१२ |
| ९ | संक्रमणकालीन न्याय र भावी कार्यदिशा कार्यशाला | National Peace Building Initiative (NPBI) | यज्ञप्रसाद अधिकारी | २०७९।७।२३ |
| १० | संक्रमणकालीन न्याय सम्बन्धी भावी कार्यदिशा सम्बन्धमा नीतिगत सम्वाद | Peace Building Initiative (PBI) Nepal ललितपुर | यज्ञप्रसाद अधिकारी | २०७९।८।१६-१७ |
| ११ | बाल अधिकार, बाल संरक्षण विषयक प्रादेशिक सम्मेलन | सिविन/ बाल कल्याण परिषद्, मकवानपुर | रेवा रेग्मी | २०७९।८।१९ |
| १२ | लैङ्गिक हिंसा न्यूनीकरणमा सञ्चार माध्यमको भूमिका विषयक अन्तर्क्रिया | नेपाल मानव अधिकार संगठन, मकवानपुर | रेवा रेग्मी | २०७९।८।२० |
| १३ | मानव अधिकार शिक्षा कार्यक्रम | महिला तथा बालबालिका सरोकार केन्द्र, चितवन | लोकनाथ घिमिरे | २०७९।९।२१ |
| १४ | नेपालमा कमैया श्रमिक पुनस्थापना र सामाजिक सुरक्षा सम्वन्धी कानुनी संरचना र नीतिगत | आर आर एन काठमाडौ । | यज्ञप्रसाद अधिकार | २०७९।१०। ०५ |
| १५ | ब्यवसाय र मानव अधिकार | रा.मा.अ.आयोग केन्द्रीय कार्यालय | यज्ञप्रसाद अधिकारी | २०७९।१२।१ देखि ५ सम्म |
| १६ | दक्षिण यसियाली फोरम अन विजनेस एण्ड ह्युमन राईटस | युएनडीपी नेपाल | यज्ञप्रसाद अधिकारी | २०७९।६ देखि ८ सम्म |

| | | | | |
|---|---|---|---|---|
| १७ | Regional Environmental Policy Dialogue in South Asia | भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय | यज्ञप्रसाद अधिकारी | २०७९।१२।२१ देखि २३ |
| १८ | बालबालिकाको आपतकालीन राहत पुनस्थापन सम्बन्धी बाल हेल्पलाईन | सिविन नेपाल | कृष्णप्रसाद मिश्र | २०७९।१२।१६ |
| १९ | लैङ्गिक हिंसा र मानव अधिकार | एचआईभी संक्रमित र प्रभावित समूह मकवानपुर | यज्ञप्रसाद अधिकारी | २०८०।१।६ |
| २० | मानसिक स्वास्थ्य र मानव अधिकार अन्तर्क्रिया | कोशिस नेपाल | सवै कर्मचारी | २०८०।१।७ |
| २१ | अधिकार तथा आर्थिक विकास मार्फत महिला सशक्तिकरण कार्यक्रम मानव अधिकार तथा कानुनी संयन्त्र सम्बन्धी अभिमुखीकरण कार्यक्रम | इन्सेक, काठमाडौ | यज्ञ प्रसाद अधिकारी | २०८०/०२/१८–१९ |
| २२ | मानव अधिकार प्रशिक्षण तालीम | सशस्त्र प्रहरीवल हलचोक काठमाण्डौ । | यज्ञप्रसाद अधिकारी | २०८०/०३/२४ |

## अनुसूची–५

### जिल्लागत विवरण

| क्रम संख्या | जिल्ला | उजुरी संख्या |
|---|---|---|
| १ | काठमाण्डौ | ४४ |
| २ | भक्तपुर | ३ |
| ३ | ललितपुर | २ |
| ४ | काभ्रेपलाञ्चोक | २ |
| ५ | सिन्धुपाल्चोक | ३ |
| ६ | दोलखा | १ |
| ७ | रामेछाप | १ |
| ८ | सिन्धुली | २ |
| ९ | रसुवा | ० |
| १० | नुवाकोट | ० |
| ११ | धादिंग | ० |
| १२ | चितवन | २ |
| १३ | मकवानपुर | ६ |
| १४ | जम्मा | ६६ |

## अनुसूची–६

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा, मकवानपुरमा आ.व. २०७९/८० मा मासिक रुपमा परेका विषयगत उजुरीहरुको विवरण

| विषयगत उजुरीहरु | साउन | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | | फागुन | चैत | वैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नागरिक तथा राजनीतिक अधिकार | २ | ६ | – | २ | ३ | ५ | १ | | - | १ | ४ | ३ | ४ | ३० |
| आर्थिक समाजिक तथा साँस्कृतिक अधिकार | . | १ | – | १ | १ | – | १ | | – | ३ | १ | – | – | ८ |
| यातना तथा क्रुर अमानवीय व्यवहार विरुद्धको अधिकार | १ | – | – | – | २ | १ | १ | | – | – | १ | २ | | ८ |
| बालबालिका सम्बन्धी अधिकार | – | – | – | – | २ | – | – | | – | २ | १ | १ | | ६ |
| महिलाको अधिकार | – | – | – | – | २ | – | . | | – | २ | १ | १ | – | ४ |
| आप्रवासी कामदार हरुको अधिकार | – | – | – | – | – | – | – | | – | – | . | – | . | |
| व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार | १ | – | – | – | – | – | – | | – | – | – | – | – | १ |
| सवै किसिमका जातीय भेदभाव विरुद्धको अधिकार | – | – | – | – | – | – | १ | | – | – | – | १ | – | २ |
| जेष्ठ नागरिकको अधिकार | | १ | | | | | | | | | १ | | | २ |
| अपाङ्गता भएका व्यक्तिहरुको अधिकार | – | | – | – | – | – | – | | – | – | – | ३ | – | ३ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आदिवासी जनजातिको अधिकार | | | | | | | | | | २ | | | | २ |
| वातावरणको अधिकार | | | | | | | १ | | | | | | | १ |
| व्यक्ति हराएको तथा दुर्व्यवहार | | | | | | | | | | | | | २ | २ |
| **जम्मा** | ४ | ८ | ० | ४ | ८ | ६ | ३ | | ० | ८ | ९ | ११ | ५ | ६६ |

| क्र.स. | महासन्धि | विषय | जम्मा |
|---|---|---|---|
| १ | **नागरिक, राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि** | न्याय प्रशासन | ११ |
| | | स्वच्छ सुनुवाइको हक | ४ |
| | | हत्या | |
| | | गैरकानुनी थुना | ३ |
| | | प्रहरीले जाहेरी नलिएको | १ |
| | | निर्वाचनमा प्रहरीको गोली लागि मृत्यु | ० |
| | | दुर्व्यवहार | १ |
| २ | **आर्थिक, सांस्कृतिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि** | जिल्ला वन कार्यालयबाट घरबार विहिन | ० |
| | | कैदी वन्दीको परिवारको लालन पानलनमा समस्या | ० |
| | | उपभोक्ताको अधिकार | १ |
| | | शिक्षाको अधिकार | १ |
| | | सांस्कृतिक अधिकार | ० |
| | | सम्पत्तिको अधिकार | १ |
| | | स्वास्थ्यकर्मीको लापर्वाहीको कारणले मृत्यू | ० |
| | | आवासको अधिकार | १ |
| | | सेवा सुविधाबाट वञ्चित | ० |
| | | रोजगारीको अधिकार | ० |
| | | पारिश्रमिक नपाएको | ० |

| क्र.स. | महासन्धि | विषय | जम्मा |
|---|---|---|---|
| ३ | **यातना तथा क्रुर अमानवीय व्यवहार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि** | प्रहरीद्वारा यातना | ८ |
| | | यातना | ० |
| ४ | **बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि** | बेवारिसे वमले बालबालिहरुको मृत्यु र घाइते | ० |
| | | बाल विवाह | ० |
| | | बाल अधिकार | ४ |
| | | बालबालिका यौन दुर्व्यवहार | २ |
| | | बालवालिकालाई कुटपीट | २ |
| ५ | **महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि** | घरेलु हिंसा | ० |
| | | बहुविवाह | ० |
| | | दुर्व्यवहार | २ |
| | | महिला हिंसा | २ |
| ६ | **आप्रवासी कामदार र तिनका परिवारको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि** | | ० |
| ७ | **व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि** | | १ |
| ८ | **सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि** | भेदभाव | ० |
| ९ | **अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि** | | ३ |
| १० | **आदिवासीको अधिकार आइएलओ (169)** | | २ |
| ११ | **वातावरण** | | १ |
| १२ | **अन्य** | जेष्ठ नागरिकको अधिकार | १ |
| | **जम्मा** | | ६६ |

## अनुसूची-७

**राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा,मकवानपुरमा विषयगत आधारमा विचाराधिन उजुरीहरुको विवरण**

| बिषय | ICCPR | ESCR | CRC | CEDAW | MGW | Disappearance | CERD | CRPD | CAT | Refugee | Minority | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा २०७९ श्रावण सम्म** | ११७ | ४९ | ४४ | ५३ | ५३ | २१६ | ३ | १५ | ३७ | ६ | ४ | ५९७ |
| **आ.व. ०७९।८०** | ३४ | ८ | ६ | ४ | ० | १ | २ | ३ | ८ | ० | ० | ६६ |
| | | | | | | | | | | | | ६६३ |
| **केन्द्रीय कार्यालय निर्णयको लागि पठाइएको** | ३१ | १३ | ४ | ४ | ० | १ | २ | ० | १२ | ० | ० | ६७ |
| **जम्मा** | १२० | ४४ | ४६ | ५३ | ५३ | २१६ | ३ | १८ | ३३ | ६ | ४ | ५९६ |

## अनुसुची-८

### बागमती प्रदेश कार्यालय, हेटौडा अन्तर्गतका उजूरीहरूमा राष्ट्रिय मानव अधिकार आयोगबाट भएको निर्णय विवरण

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रीय कार्यालयमा पेश भएका उजुरी मध्ये आ.व. २०७९ साउन देखि २०८० असार मसान्त सम्मा उजुरीगत सिफारिस २१ तामेलीमा ४६, खारेज लगत कट्टा २, फछ्र्योट ६९, पुनः पेश गर्ने ११ गरी जम्मा ८१ उजुरी उपर निर्णय भएको छ।

१. **उजुरी नं. १९९५, सुरक्षाकर्मीद्वारा कुटपिट/यातना**

**उजुरकर्ताः** सुदर्शन रेग्मी, नौविसे गा.वि.स. २, धादिङ,

**पीडितः** उजुरकर्ता स्वयं, ऐ.ऐ. ।

आयोग समक्ष निर्णयार्थ पेश भएको प्रस्तुत उजूरी फाइलमा छलफल गरियो । धादिङ जिल्ला

नौविसे गा.वि.स.-२ निवासी सुदर्शन रेग्मीलाई मिति २०६०।७।१२ गते राती गस्तीमा रहेको सुरक्षाफौजले गिरफ्तार गरी काठमाडौं लैजादै गर्दा बाटोदेखि नै कुटपिट गर्दै यातना दिएको र काठमाडौं स्थित छाउनीमा रहेको जगदल गणमा राखेर पनि यातना दिएको साथै म सँग भएको नगद रु.४९३५।– खोसी लगेकाले दोषीलाई कारवाही गरी उपचार खर्च र क्षतिपूर्ति पाउँ भनि दर्ता भएको उजुरीको अनुसन्धान सम्पन्न भई प्रतिवेदन संलग्न रहेको ।

मिसिल संलग्न थुना मुक्त भएपछि उपचार गराएको कागजातहरु रक्षा मन्त्रालयको मिति २०६७।६।११ च.नं. ५० को पत्र, यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) को मिति २०७३।८।२० च.नं. ०१६/२५४ को पत्र तथा यस आयोगबाट भएको स्थलगत अनुसन्धानको प्रतिवेदनको निष्कर्ष समेतका आधारमा धादिङ जिल्ला साविक नौविसे गा.वि.स. वडा नं.-२ हाल धुनिवेशी नगरपालिका-८ निवासी सुदर्शन रेग्मीलाई सैनिकहरुले मिति २०६०।७।१२ गते निःशस्त्र अवस्थामा नियन्त्रणमा लिई काठमाडौंको विभिन्न सेनाका व्यारेकहरु, धादिङ्गको वैरेनी र गजुरी स्थित व्यारेकहरुमा राखी यातना दिएको पुष्टि हुन आयो । सुरक्षाकर्मी (सैनिक) हरुको उल्लेखित कार्यबाट निज सुदर्शन रेग्मीको नेपाल संविधान, कानून, यातना तथा अन्य क्रुर, अमानविय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धी (CAT) द्वारा प्रदत्त मानव अधिकार हनन् भएको ठहर्छ । यस आयोगबाट भएको छानविन तथा अनुसन्धानबाट कुन कुन व्यक्तिको उक्त घटनामा संलग्नता रहेको छ भनि खुल्न नआएपनि यातना जस्तो गम्भीर विषयमा सुक्ष्म अनुसन्धान गरी दोषीलाई कानूनी दायरामा नल्याउने हो भने नागरिकहरुमा मानव अधिकार तथा कानूनको साशनप्रति नै वितृष्णा पैदा हुने हुँदा सो घटनाको जिम्मेवार निकायबाट सुक्ष्म अनुसन्धान गरी वैरेनी र गजुरी व्यारेकका तत्कालीन दोषी सुरक्षाकर्मीहरुको पहिचान गरी कानून बमोजिम कारवाही गर्न नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (क) बमोजिम र यातना पीडित निज सुदर्शन रेग्मीलाई क्षतिपूर्ति स्वरुप रु २,००,०००।– (दुई लाख मात्र) उपलब्ध गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने ।

२. **उजुरी नं**. १७०१, **सम्पत्ति क्षति** (**माओवादीबाट**),
**उजूरकर्ता**ः तेज बहादुर डोटेल, देउपुर गौरीविसौना गा.वि.स.-३, काभ्रेपलाञ्चोक,
**पीडित**ः उजूरकर्ता **स्वयं**, **ऐ.ऐ. ।**

आयोग समक्ष निर्णयार्थ पेश भएको प्रस्तुत उजूरी फाइलमा छलफल गरियो । काभ्रेपलाञ्चोक जिल्ला साविक देउपुर गौरीविसौना गा.वि.स.-३ निवासी तेज वहादुर डोटेलको ऐ. स्थित घरमा ने.क.पा. माओवादीका कार्यकर्ताहरुले मिति २०६०।१२।२३ गते आगो लगाई तथा बम विष्फोट गरी पूर्ण रुपमा क्षति गरिदिएकाले क्षतिपूर्ति दिलाई पाउँ भनि दर्ता भएको उजुरीको अनुसन्धान सम्पन्न भई प्रतिवेदन मिसिल संलग्न रहेको ।

मिसिल संलग्न पीडित तथा साक्षीहरुले दिएको लिखित जानकारी, जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको मिति २०६१।२।११ च.नं. ३८३९ को पत्र, विभिन्न पत्रपत्रिकाहरुमा सो घटनाका

सम्बन्धमा प्रकाशित समाचारहरुको प्रतिलिपि (कटिङ) सरकारी स्तरबाट भएको क्षति मूल्यांकन प्रतिवेदनको प्रतिलिपि, जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको मिति २०६१।४।२४ च.नं. २२० को पत्र, नेपाल कम्युनिष्ट पार्टी (माओवादी, तत्कालीन) को मिति २०६०।१२।३० को प्रेस वक्तव्य तथा यस आयोगबाट भएको स्थलगत अनुसन्धान प्रतिवेदनको निष्कर्ष समेतको आधारमा मिति २०६०।१२।२३ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरुले काभ्रेपलाञ्चोक जिल्ला साविक देउपुर गौरीविसौना गा.वि.स. वडानं. ३ हाल मण्डन देउपुर गरपालिका वडानं. ६ निवासी तेज वहादुर डोटेलको घर बम विष्फोट गराई र आगजनी गरी ध्वस्त वनाई सम्पत्ति क्षति गरेको पुष्टि हुन आयो । यसरी सशस्त्र द्वन्दको समयमा द्वन्दरत पक्षबाट निजको सम्पत्ति क्षति गराइएको पुष्टि भएको अवस्था र यस्ता पीडितहरुलाई राज्यले क्षतिपूर्तिको माध्यमबाट उक्त पीडाको संबोधान गर्दै आएतापनि निज तेज वहादुर डोटेललाई क्षतिपूर्ति उपलब्ध गराएको देखिएन । यस्तो अवस्थामा निजलाई क्षतिपूर्ति उपलब्ध गराई निजको पीडालाई संवोधान गर्न उपयुक्त देखिए पनि निज तेज वहादुर डोटेल र निजको पत्नी समेतको मृत्यु भईसकेको देखिदा निजका हकवाला परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम क्षतिपूर्ति स्वरुप जम्मा रु ३,००,०००।– (तीन लाख मात्र) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने ।

३. **उजुरी नं**. ४७३३, **हत्या** (**नेकपा माओवादीबाट**),

**उजूरकर्ता**ः हिमराइट्स, काठमाडौं,

**पीडित**ः राजु थिङ भन्ने राजकुमार थिङ, डाडागाउँ गा.वि.स. वडानं.-७ (हाल खानीखोला गा.वि.स.वडानं-३, काभ्रेपलाञ्चोक ।

आयोग समक्ष निर्णयार्थ पेश भएको काभ्रेपलाञ्चोक जिल्ला डाडागाउँ गा.वि.स. वडा नं. ७ निवासी दल वहादुर थिङलाई नेकपा माओवादीले मिति २०६१।९।८ गते घरबाटै अपहरण गरी छेउको जंगलमा लगि हत्या गरेपछि निजका १२ वर्षिय छोरा राजु थिङ र १६ वर्षिय छोरा भीम वहादुर थिङ टुहुरो हुन पुगेको । आर्थिक अभावका कारण शहरमा आई ज्यालादारी काम गर्ने क्रममा वालुवा खानीमा पुरिएर निजको श्रीमती चञ्चलीमाया थिङको पनि मृत्यु भएको । हालसम्म कुनै क्षतिपूर्ति पनि नपाएको भन्ने समेत व्यहोराको उजुरी दर्ता भई सोको अनुसन्धान सम्पन्न भई प्रतिवेदन मिसिल संलग्न रहेको ।

मिसिल संलग्न प्रमाण कागजात तथा नाबालकहरुको वयान समेतका आधारमा मृतक दल वहादुर थिङको कान्छो छोराको नाम राजु थिङ नभई राजकुमार थिङ रहेको देखिएको । त्यस्तै गरी मिसिल संलग्न मृतकका छोरा तथा अन्य साक्षीहरुले दिएको लिखित जानकारी तथा यस आयोगबाट भएको स्थलगत अनुसन्धान प्रतिवेदनको निष्कर्ष समेतका आधारमा काभ्रेपलाञ्चोक जिल्ला साविक डाडागाउँ गा.वि.स. वडानं.-७ स्थित खानीखोला गाउँपालिका वडानं.-३ घर भएका दलबहादुर थिङलाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरुले मिति २०६१।९।८ गते घरबाटै निशस्त्र अवस्थामा नियन्त्रणमा लिई नजिकैको जंगलमा लगि हत्या गरेको पुष्टि हुन आयो ।

तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरुको उल्लेखित कार्यबाट मृतक दल वहादुर थिङको नेपालको संविधान, कानून, नागरिक तथा राजनितिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) द्वारा प्रदत्त बाँच्न पाउने अधिकार हनन् भएको ठहर्छ। यस आयोगबाट भएको छानविन तथा अनुसन्धानबाट के कसको प्रत्यक्ष संलग्नतामा उक्त घटना भएको हो भनि खुल्न नआएपनि यस्तो संवेदनशील विषयमा राज्यका जिम्मेवार निकायबाट सुक्ष्म अनुसन्धान गरी घटनामा संलग्न दोषी उपर कानून बमोजिम कारवाही नगर्ने हो भने आम नागरिकहरुमा मानव अधिकार र विधिको शासनप्रति नै वितृष्णा पैदा हुने हुँदा सो घटनाको सुक्ष्म अनुसन्धान गरी दोषी तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरुको पहिचान गरी कानून बमोजिम कारवाही गर्न र मृतक दल वहादुर थिङका कानून बमोजिमको हकवालालाई क्षतिपूर्ति स्वरुप रु ३,००,०००।– (तीन लाख मात्र) उपलब्ध गराउन नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड क र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने

४. **उजुरी नं**. २३३, **हत्या** (**सैनिकद्वारा**),

**उजुरकर्ता-** देवीबहादुर कार्की, सिजुवा गा.वि.स. वडान-५, मोरङ्ग,

**पीडित**ः हरिबहादुर कार्की, ऐ.ऐ.

आयोग समक्ष निर्णयार्थ पेश भएको प्रस्तुत मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडानं-५ स्थायी घर भै ललितपुर जिल्लामा डेरा गरी बस्ने हरिबहादुर कार्की २०५९ साल भाद्र महिना देखि सम्पर्क विहिन भएको र कुनै अज्ञात व्यक्तिले टेलीफोनबाट हरिबहादुर कार्की लगायत २ जना धादिङ्ग जिल्लाको कुनै ठाउँमा सेनाको घेराउमा परी मृत्यु भएको भनी जानकारी गराएको हुँदा छानविन गरी न्याय पाउँ भनी दर्ता भएको उजुरीको अनुसन्धान सम्पन्न भई प्रतिवेदन मिसिल संलग्न रहेको, यसमा मिसिल संलग्न पीडित परिवार, प्रत्यक्षदर्शी तथा अन्य साक्षीहरुले दिएको लिखित जानकारी तथा यस आयोगबाट भएको स्थलगत अनुसन्धान प्रतिवेदनको निष्कर्ष समेतका आधारमा मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडानं-५ स्थायी घर भई ललितपुर जिल्लामा डेरा गरी बस्ने हरिबहादुर कार्की ततकालीन समयमा ने.क.पा. माओवादीको कार्यकर्ता रहेको । निजको कार्यक्षेत्र धादिङ्ग जिल्ला रहेको । पार्टीको कामको सिलसिलामा धादिङ्ग जिललाको थर्पु भन्ने स्थानमा रहेको अवस्थामा मिति २०५९।५।१० गते राती निजलाई सोही स्थानबाट सेनाहरुले नियन्त्रणमा लिई घर्ती खोलामा पुऱ्याई गोली हानी हत्या गरेको पुष्टी हुन आयो । सैनिकहरुको उल्लेखित कार्यबाट निज हरिबहादुर कार्कीको नेपालको संविधान, कानून, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) द्वारा प्रदत्त बाँच्न पाउने हक हनन् भएको ठहर्छ। यसरी मानव अधिकार हनन् भएको अवस्थामा को कसको के कस्तो कार्यबाट उक्त घटना भएको हो भनी यस आयोगबाट भएको अनुसन्धानबाट व्यक्ति खुल्न नआए पनि उक्त समयमा गस्तीमा खटिएका सेनाहरुबाट निज हरिबहादुर कार्कीको बाँच्न पाउने हक हनन् भएको देखिन्छ । हत्या जस्तो गम्भिर विषयमा राज्यका जिम्मेवार निकायहरुबाट सुक्ष्म अनुसन्धान गरी

दोषीलाई कानूनी दायरामा नल्याउने हो भने अन्य नागरिकहरुमा मानव अधिकार तथा विधिको शासन प्रति नै वितृष्णा पैदा हुने हुँदा उक्त घटनाको सुक्ष्म अनुसन्धान गरी घटनामा संलग्न दोषी सैनिकहरुको पहिचान गरी कानून बमोजिम कारबाही गर्न नेपालको संविधानको धार २४९ को उपधारा २ को खण्ड क बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने ।

५. **उजुरी नं**. ८९९, हत्या (सेनाबाट)

**उजुरकर्ता–** आयोग स्वयम् (स्वविवेक)

**पीडित**ः सन्देश भन्ने मुकुन्द सेन- सुनौलाबजार गा.वि.स. वडानं-५ धादिङ्ग । आयोग समक्ष निर्णयार्थ पेश भएको धादिङ्ग जिल्ला सुनौला बजार गा.वि.स. वडानं-५ निवासी सन्देश भन्ने मुकुन्द सेनलाई सेनाले नियन्त्रणमा लिई हत्या गरेको भन्ने सोही घटनामा मारिएका हरिबहादुर कार्कीको अनुसन्धानको क्रममा जानकारीमा आएपछि आयोगबाट स्वविवेकीय अधिकार प्रयोग गरी उजुरी ग्रहण गरिएको र सो उजुरीको अनुसन्धान सम्पन्न भई प्रतिवेदन मिसिल संलग्न रहेको ।

मिसिल संलग्न प्रत्यक्षदर्शी तथा अन्य साक्षीहरुले दिएको लिखित जानकारी विभिन्न व्यक्तिहरुको भनाई तथा यस आयोगबाट भएको स्थलगत अनुसन्धान प्रतिवेदनको निष्कर्ष समेतको आधारमा धादिङ्ग जिल्ला सुनौला बजार गा.वि.स. वडानं-५ निवासी सन्देश भन्ने मुकुन्द सेनलाई मिति २०५९।५।१० गते धादिङ्ग जिल्लाको थर्पु भन्ने स्थानबाट तत्कालीन शाही नेपाली सेना (हालको नेपाली सेना) ले निशस्त्र अवस्थामा नियन्त्रणमा लिई सकेपछि सोही समयको राती नजिकैको घर्ती खोलामा पुर्‍याई गोली हानी हत्या गरेको पुष्टि हुन आयो । सेनाहरुको उल्लेखित कार्यबाट निज सन्देश भन्ने मुकुन्द सेनको नेपालको संविधान, कानून, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR)द्वारा प्रदत्त बाँच्न पाउने अधिकार हनन् भएको ठहर्छ । यसरी मानव अधिकार हनन् भएको अवस्थामा आयोगबाट भएको अनुसनधानबाट कुन कुन व्यक्तिहरुको कस्तो कार्यबाट निजको मानव अधिकार हनन् भएको हो भनी व्यक्ति एकिन गर्न नसकिए पनि तत्कालीन गस्तीमा रहेको शाही नेपाली सेना (हालको नेपाली सेना) को प्रत्यक्ष संलग्नता देखिन्छ । हत्या जस्तो गम्भीर विषयमा राज्यको जिम्मेवार निकायबाट सुक्ष्म अनुसन्धान गरी दोषी सैनिक व्यक्तिहरुलाई कानूनी दायरामा नल्याउने हो भने आम नागरिकहरुमा मानव अधिकार र विधिको शासनप्रति नै वितृष्णा पैदा हुने हुँदा उक्त घटनाको सुक्ष्म अनुसन्धान गरी दोषी सेनाको पहिचान गरी कानून बमोजिम कारबाही गर्न र मृतक मुकुन्द सेनका कानून बमोजिमका हकवाला परिवारलाई क्षतिपूर्ति स्वरुप रु.३,००,०००।- (तीनलाख) मात्र उपलब्ध गराउन नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड क र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने ।

६. **उजुरी नं**. ९००, हत्या (ने.क.पा. माओवादीबाट),

**उजुरकर्ता-** आयोग स्वयम् (स्वविवेक)

**पीडित**ः रामचन्द्र श्रेष्ठ- कटुन्जे गा.वि.स. वडानं-३ धादिङ्ग ।

आयोग समक्ष निर्णयार्थ पेश भएको धादिङ्ग जिल्ला कटुन्जे गा.वि.स. वडानं-३ निवासी रामचन्द्र श्रेष्ठलाई नेकपा माओवादीका कार्यकर्ताहरुले नियन्त्रणमा लिई हत्या गरेको भन्ने विषय मोरङ्ग जिल्ला सिजुवा गा.वि.स. वडानं-५ का हरिबहादुर कार्कीलाई सेनाले धादिङ्ग जिल्लाको थर्पु भन्ने स्थानमा हत्या गरेको भनी परेको उजुरीको अनुसन्धानको क्रममा जानकारीमा आई आयोगबाट स्वविवेकीय अधिकार प्रयोग गरी उजुरी ग्रहण गरेकोमा सो उजुरीको अनुसन्धान सम्पन्न भई प्रतिवेदन मिसिल संलग्न रहेको ।

मिसिल संलग्न प्रत्यक्षदर्शी तथा अन्य साक्षीहरु, पीडित परिवारहरुले दिएको लिखित जानकारी विभिन्न व्यक्तिहरुको भनाई तथा यस आयोगबाट भएको स्थलगत अनुसन्धान प्रतिवेदनको निष्कर्ष समेतको आधारमा धादिङ्ग जिल्ला कटुन्जे गा.वि.स. वडानं-३ निवासी सर्वसाधारण नागरिक रामचन्द्र श्रेष्ठलाई मिति २०५९।६।२० गते ऐ. स्थित थर्पु बजारमा रहेको आफ्नै घरबाट रातीको करीव ११ बजे ततकालीन नेकपा माओवादीका कार्यकर्ताहरुले निशस्त्र अवस्थामा नियन्त्रणमा लिई ऐ. स्थित चिहानडाँडा भन्ने स्थानमा पुऱ्याई धारिलो हतियार प्रयोग गरी हत्या गरेको पुष्टि हुन आयो । तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरुको उल्लेखित कार्यबाट आन्तरिक सशस्त्र द्वन्द्वको समयमा लागू हुने जेनेभा महासन्धिको साझा धारा ३ को उल्लंघन हुनुको साथै निज रामचन्द्र श्रेष्ठको नेपालको संविधान, कानून, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR)द्वारा प्रदत्त बाँच्न पाउने अधिकार हनन् भएको ठहर्छ । उक्त घटनामा तत्कालीन नेकपा माओवादीका कुन कुन कार्यकर्ताहरुको प्रत्यक्ष संलग्नता थियो भनी यस आयोगबाट भएको छानविन अनुसन्धानबाट खुल्न नआए पनि यस्तो गम्भिर विषयमा राज्यको जिम्मेवार निकायबाट सुक्ष्म अनुसन्धान गरी दोषीलाई कानूनी दायरामा नल्याउने हो भने आम नागरिकहरुमा मानव अधिकार र विधिको शासनप्रति नै वितृष्णा पैदा हुने हुँदा सो घटनाको सुक्ष्म अनुसन्धान गरी दोषी तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरुको पहिचान गरी कानून बमोजिम कारबाही गर्न र मृतक रामचन्द्र श्रेष्ठका कानून बमोजिमका हकवाला परिवारलाई क्षतिपूर्ति स्वरुप रु.३,००,०००।- (तीनलाख) मात्र उपलब्ध गराउन नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड क र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने ।

७. **उजुरी नं. ४६७, बम विष्फोटबाट घाइते,**

**उजुरकर्ता-** लेखनाथ अधिकारी- अयोध्यापुरी गा.वि.स. वडानं-२, चितवन ।

**पीडित-** उजुरीकर्ता स्वयम्- ऐ.।

आयोग समक्ष निर्णयार्थ पेश भएको चितवन जिल्ला अयोध्यापुरी गा.वि.स. वडा-नं-२ निवासी लेखनाथ अधिकारी मिति २०६२।२।२३ गते नेकपा माओवादीहरुले सार्वजनिक वसलाई लक्षित

गरी चितवनको माडी स्थित बाँदरमुडे भन्ने ठाउँमा थापेको विद्युतीय धराप विष्फोट भई सो बसमा सवार भइरहेको अवस्थामा उक्त विष्फोटबाट घाइते भएको र उपचारमा धेरै खर्च लागेकोले क्षतिपूर्तिको लागी पहल गरी पाउँ भनी दर्ता भएको उजुरीको अनुसन्धान सम्पन्न भई मिसिल संलग्न रहेको।

मिसिल संलग्न जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०६३।१।२४च.नं. १६९५ को पत्र, नेपाल प्रहरी मध्ये क्षेत्रीय प्रहरी कार्यालय हेटौडाको मिति २०६६।४।४ को प्रहरी संचार, जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०७०।१।१५ च.नं. १६१८ को पत्र, प्रत्यक्षदर्शी तथा अन्य साक्षीहरुले दिएको लिखित जानकारी, विभिन्न व्यक्तिहरुको भनाई तथा यस आयोगबाट सोही विषयमा मिति २०६२।२।३१ गते भएको निर्णय र सोही विषयमा मिति २०६२।३।३ गते नेपाल सरकारलाई पठाइएको सिफारिश तथा यस आयोगबाट भएको स्थलगत अनुसनधान प्रतिवेदनको निष्कर्ष समेतका आधारमा मिति २०६२।२।२३ गते चितवन जिल्लाको अयोध्यापुरी गा.वि.स. स्थित वगई भन्ने ठाउँबाट चितवनकै भरतपुर तर्फ गईरहेको ना.१.ख. ३२४५ नम्बरको सार्वजनिक यात्रु बसलाई लक्षित गरी तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरुले चितवन जिल्लाकै माडी स्थित कल्याणपुर गा.वि.स.को बाँदरमुडे भन्ने ठाउँमा विछ्याइएको विद्युतीय धरापमा पारी विष्फोट गराई ध्वस्त बनाएको र सोही बसमा यात्रा गरीरहेका निज लेखनाथ अधिकारी पनि सोही विष्फोटमा परी घाइते/अपांग भएको र तत्काल विरेन्द्र सैनिक अस्पतालमा उपचार गराए पनि सो उपचारले नपुगी अनय विभिन्न अस्पतालहरुमा उपचार गराएको। उपचारको क्रममा ३ लाख भन्दा बढी खर्च भएको पुष्टी हुन आयो। अंगभंग भए वापत राज्यबाट जम्मा रु. ४०,०००।-( चालिस हजार रुपैयाँ मात्र राहत प्राप्त गरेको देखिएको। यसरी सशस्त्र द्वन्द्वको समयमा द्वन्द्वको एक पक्षबाट सर्वसाधारण चढ्ने सार्वजनिक बसलाई लक्षित गरी थापेको विद्युतीय धरापमा परी घाइते अंगभंग भएको र उपचारमा भएको खर्चलाई समेत मध्यनजर गर्दा राज्यबाट दिइएको राहत निकै कम देखिएकाले निज पिडित लेखनाथ अधिकारीलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम क्षतिपूर्ति स्वरुप थप रु १,००,०००।- (एक लाख मात्र) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने। साथै घटनामा संलग्न दोषी माओवादी कार्यकर्ताहरुलाई कारबाही गर्न यस आयोगबाट मिति २०६२।३।३ गते नै तत्कालीन श्री ५ को सरकार र तत्कालीन नेकपा माओावादीलाई अनुरोध सहितको सिफारिश गरी सकेको देखिँदा हाल सो तर्फ केही गरीरहन परेन।

८. **उजुरी नं**. २४३, बम विष्फोटबाट घाइते,

**उजुरकर्ता**– पवन खड्का - कल्याणपुर गा.वि.स. वडानं-८, माडी, चितवन।

**पीडित**- उजुरीकर्ता स्वयम्- ऐ.ऐ।

आयोग समक्ष निर्णयार्थ चितवन जिल्ला कल्याणपुर गा.वि.स. वडा नं ८ निवासी पवन खड्का मिति २०६२।२।२३ गते नेकपा माओवादीहरुले सार्वजनिक वसलाई लक्षित गरी चितवनको माडी

स्थित बाँदरमुडे भन्ने ठाउँमा थापेको विद्युतीय धराप विष्फोट भई सोही बसमा सवार भइरहेको अवस्थामा सो विष्फोटमा परी घाइते अंगभंग भएको र उपचारमा धेरै खर्च लागेकोले क्षतिपूर्तिको लागी पहल गरी पाउँ भनी दर्ता भएको उजुरीको अनुसन्धान सम्पन्न भई मिसिल संलग्न रहेको।

मिसिल संलग्न प्रत्यक्षदर्शी तथा अन्य साक्षीहरुको भनाई, जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०६९।३।३१ च.नं. ३४५ को पत्र, ऐ. कार्यालयको मिति २०७६।९।१० च.नं. २५८६को पत्रनेपाल प्रहरी मध्ये क्षेत्रीय प्रहरी कार्यालय हेटौडाको मिति २०६६।४।४ को प्रहरी संचार, जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०७०।१।१५ च.नं. १६१८ को पत्र, प्रत्यक्षदर्शी तथा अन्य साक्षीहरुले दिएको लिखित जानकारी, विभिन्न व्यक्तिहरुको भनाई तथा यस आयोगबाट सोही विषयमा मिति २०६२।२।३१ गते भएको निर्णय र सोही विषयमा मिति २०६२।३।३ गते नेपाल सरकारलाई पठाइएको सिफारिश तथा यस आयोगबाट भएको स्थलगत अनुसनधान प्रतिवेदनको निष्कर्ष समेतका आधारमा मिति २०६२।२।२३ गते चितवन जिल्लाको अयोध्यापुरी गा.वि.स. स्थित वगई भन्ने ठाउँबाट चितवनकै भरतपुर तर्फ गईरहेको ना.१.ख. ३२४५ नम्बरको सार्वजनिक यात्रु बसलाई लक्षित गरी तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरुले चितवन जिल्लाकै माडी स्थित कल्याणपुर गा.वि.स.को बाँदरमुडे भन्ने ठाउँमा विछ्याइएको विद्युतीय धरापमा पारी विष्फोट गराई ध्वस्त बनाएको। सोही बसमा यात्रा गरीरहेका निज पवन खड्का पनि सोही विष्फोटमा परी घाइते/अंगभंग भएको। उपचार गराउँदा धेरै खर्च लागेको। हालसम्म निजले उपचार खर्च वा राहत/क्षतिपूर्ति कहीँकतैबाट प्राप्त गरेको नदेखिएको। यसरी सशस्त्र द्वन्द्वको समयमा द्वन्द्वको एक पक्षबाट सर्वसाधारण चढ्ने यात्रु बसलाई लक्षित गरी थापेको विद्युतीय धरापमा परी घाइते अंगभंग भएको अवस्थामा राज्यले निजको पीडालाई कुनै पनि किसिमले संवोधन गरेको नदेखिँदा निज पिडित पवन खड्कालाई राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १६ बमोजिम क्षतिपूर्ति स्वरुपरु १,४०,०००।- (एक लाख मात्र) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने। साथै घटनामा संलग्न दोषी तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरुलाई कारबाही गर्न यस आयोगबाट मिति २०६२।३।३ गते नै तत्कालीन श्री ५ को सरकार र तत्कालीन नेकपा माओावादीलाई अनुरोध सहितको सिफारिश गरी सकेको देखिँदा हाल सो तर्फ केही गरीरहन परेन।

९. **उजुरी नं**. ४०६८/७४६, **यातना,**

**उजुरीकर्ता-** विष्णु प्रसाद आचार्य., जिल्ला रसुवा भोर्ले गा.वि.स. वडा नं. ७।

**पीडित-** विष्णु प्रसाद आचार्य., जिल्ला रसुवा भोर्ले गा.वि.स. वडा नं. ७।

रसुवा जिल्ला भौर्ले गा.वि.स ७ चिती निवासी विष्णुप्रसाद आचार्यलाई मिति २०५९।०५।२२ गते नेकपा (माओवादीका) कार्यकर्ताले केही काम छ भनी आखाँमा पट्टी बाँधेर घर भन्दा केही पर पुऱ्याई कुटपीट गरी देब्रे खुट्टा र दाहिने हात भाची मऱ्यो भनी छोडेर हिडेको घटना पछि लामो समयको उपचार पछि नक्कली खुट्टा हाली हिडडुल गर्नु परेकाले कुटपीट गर्ने माओवादीको

पहिचान गरी कारवाही तथा पीडीतलाई क्षतिपुर्ति उपलब्ध गराई पाउँ भनी दर्ता भएको उजुरीको अनुसन्धान सम्पन्न भई प्रतिवेदन मिसिल संलग्न रहेको ।

मिसिल संलग्न जिल्ला प्रशासन कार्यालय धुन्चे रसुवाको च.नं. ६५२ मिति २०७८/१२/१३ गतेको पत्र,गृह मन्त्रालय काठमाडौको च.नं.१६९ मिति २०७८/१२/१५ गतेको पत्र, घटनाका पीडित विष्णु प्रसाद आचार्यको भनाई तथा आयोगको स्थलगत अनुसन्धानबाट समेत रसुवा जिल्ला भौर्ले गा.वि.स ७ चिती निवासी विष्णुप्रसाद आचार्यलाई मिति २०५९।०५।२२ गते ने.क.पा (माओवादी) कार्यकर्ताले सुराकीको आरोपमा केही काम छ भनी आखाँमा पट्टी बाँधेर घर भन्दा केही पर पुर्‍याई कुटपीट गरी देब्रे खुट्टा र दाहिने हात भाची मर्‍यो भनी छोडेर हिडेको । घटना पश्यात लामो समयको उपचार पछि नक्कली खुट्टाले हिडडुल गदै आएको पुष्टि हुन आयो । तत्कालिन ने.क.पा. (माओवादी) का कार्यकर्ताहरुले सशस्त्र  संघर्षमा भाग नलिएका गैर सैनिक व्यक्तिलाई शंकाकै आधारमा आफ्नो नियन्त्रणमा लिई निमर्म तरिकाले कुटपीट गरी  हात खुट्टा भाचिदिने कार्यले निज विष्णु प्रसाद आचार्यको मौजुदा संविधान नेपाल कानुन नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र १९६६ (ICCPR), मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ तथा जेनेभा महसन्धि १९४९ को साझा धारा ३ द्वारा प्रदत्त अधिकार हनन भएको ठहर्छ । उक्त घटनामा को कस्को प्रत्यक्ष संलग्नता रहेको छ भनी आयोगबाट भएको अनुसन्धानबाट व्यक्ति यकिन गर्न नसकिएपनि तत्कालिन शसस्त्र द्धन्द्धरत पक्ष माओवादी कार्यकर्ताहरुको संलग्नता पुष्टी भएकोले दोषी व्यक्ति पहिचान गरी कारवाही नगर्ने हो भने आम नागरिकहरुमा मानव अधिकार तथा विधीको शासनप्रति नै वितृष्णा पैदा हुने हुँदा सो घटनामा संलग्न दोषी पहिचान गरी कानुन बमोजिम कारवाही गर्न नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड (क) तथा राष्ट्रिय मानव अधिकार आयोग २०६८को दफा १७  बमोजिम नेपाल सरकारलाई  सिफारिश गर्ने । साथै पीडितले कानुन बमोजिम राहत प्राप्त गरिसकेको देखिंदा सोतर्फ केही गरिरहन परेन ।

१०. **उजूरी नं**. ८४, गैरन्यायिक हत्या (नेपाली सेना),

**उजूरीकर्ता**- भुवन वि.क., जिल्ला सिन्धुली रानीचुरी गा.वि.स. वडानं-५,

**पीडित**- मेघराज वि.क.,जिल्ला सिन्धुली रानीचुरी गा.वि.स. वडानं.-५

सिन्धुली जिल्ला रानीचुरी गा.वि.स. वडानं.-५ निवासी मेघराज वि.क.लाई मिति २०५५।६।१७ गते तत्कालीन संयुक्त सुरक्षाफौजले माओवादीको आरोप लगाई घरबाटै पक्राउ गरेर स्थानीय खरा खोलामा लगी गोली हानी हत्या गरेको र परिवारले उक्त खोलामा मृत अवस्थामा निजको लाश फेला पारेको हुँदा उचित क्षतिपूर्तिको लागि आवश्यक पहल गरी पाउँ भनी दर्ता भएको उजूरीको अनुसन्धान सम्पन्न भई प्रतिवेदन मिसिल संलग्न रहेको ।

मिसिल संलग्न प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग, नक्साल, काठमाडौंको च.नं. ३१९ मिति २०७३।२।२६ गतेको पत्र, ऐं ऐ. कार्यालयको च. नं. ८० मिति २०७४।५।३०  र

च.नं. १८४ मिति २०७८।१२।१४ गतेको पत्र, घटनाका प्रत्यक्षदर्शी तथा साक्षीहरुको भनाई तथा आयोगको स्थलगत अनुसन्धानबाट समेत सिन्धुली जिल्ला रानीचुरी गा.वि.स. वडानं.-५ निवासी निज मेघराज वि.क.लाई तत्कालिन संयुक्त सुरक्षाफौजले मिति २०५५।६।१७ गते घरबाटै पक्राउ गरेर स्थानीय खार खोलामा लगी गोली हानी हत्या गरेको पुष्टि हुन आयो। तसर्थ तत्कालिन संयुक्त सुरक्षाफौजको उल्लेखित कार्यबाट मृतक मेघराज वि.क. को नेपालको संविधान कानुन तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा पत्र (ICCPR) द्वारा प्रदत्त अधिकार हनन भएको ठहर्छ। यसरी उक्त घटनामा कस्को प्रत्यक्ष संलग्नतामा मानव अधिकार उल्लंघन भएको छ भनी आयोगबाट भएको अनुसन्धानबाट व्यक्ति यकिन गर्न नसकिएपनि तत्कालिन संयुक्त सुरक्षाफौजको गस्ती टोलीको संलग्नता देखिएको र यस्तो संवेदनशील विषयमा राज्यका जिम्मेवार निकायबाट थप अनुसन्धान गरी दोषी व्यक्ति पहिचान गरी कारवाही नगर्ने हो भने आम नागरिकहरुमा मानव अधिकार तथा विधिको शासनप्रति नै वितृष्णा पैदा हुने हुँदा सो घटनामा संलग्न दोषी तत्कालिन संयुक्त सुरक्षाफौजको पहिचान गरी कानुन बमोजिम कारवाही गर्न नेपालको संविधानको धारा २४९ को उपधारा २ को खण्ड क बमोजिम नेपाल सरकारलाई सिफारिश गर्ने। साथै मृतकका हकवालाले कानुन बमोजिम राहत/क्षतिपूर्ति प्राप्त गरी सकेको देखिंदा सोतर्फ केही गरि रहनु परेन।

११. **उजूरी नं.**: २४४४, **सैनिक हिराशतमा यातना,**

**उजूरकर्ता**: वकालत मञ्च नेपाल काठमाडौं।

**पीडित** : प्रमिला सिलवाल (खत्री) टिकाथली गाविस-९, ललितपुर

निज प्रमिला सिलवाल (खत्री) लाई मिति २०६०/११/१३ गते शाही नेपाली सेनाको छाउनी स्थित जगदल गणबाट खटिएका सुरक्षाकर्मीले निज खत्री छाउनी स्थित सैनिक अस्पतालबाट उपचार गरी घर फर्कर्दै गर्दा पक्राउ गरी २१ दिन सैनिक हिरासतमा राखेको हुँदा पीडितलाई क्षतिपुर्ति र दोषीलाई कारवाही गरी पाउँ भनी दर्ता हुन आएको उजूरी मिसिलको अध्धयन हुँदा उजूरीमा उल्लेख भए बमोजिम निज खत्रीलाई पक्राउ गरी हिरासतमा राखेको विषयमा नेपाली सेनाले समेत स्वीकार गरी आयोगमा जवाफ प्रेषित गरेको र नेपाली सेनाको हिरासतमा सर्वसाधारणलाई राख्नु गैर कानूनी हुने हुँदा निज पीडितलाई गैर कानूनी थुनामा बसे वापत राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम २५(२) बमेजिम एक्काईस दिनको जम्मा रु. १०,०००।- (प्रतिदिन रु. ५००।- को दरले) क्षतिपूर्ति भराउने ठहर्छ। क्षतिपूर्ति भराउनको लागि सरकारलाई लेखी पठाउनु।

१२. **उजूरी नं.**: ३२०१, **यातना (बल प्रयोग)**

**उजूरकर्ता**: नेपाल विद्यार्थी संघ, के.का. काठमाडौं।

**पीडित** : शिव बोहरा र गोकुल लामिछाने, महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौं।

यसमा महेन्द्ररत्न क्याम्पस ताहाचल इकाईका का.वा. अध्यक्ष शिव बोहोरा र सक्रिय कार्यकर्ता गोकुल लामिछानेलाई मिति २०६२।५।२८ गते क्याम्पस अगाडी गेटबाट गिरफ्तार गरी अङ्गभङ्ग हुने गरी निर्मम ढंगले कुटपीट गरी प्रहरीले बेहोश बनाएको, सो क्रममा शिव बोहोराको माथिल्लो पट्टिको एउटा दाँत भाँचिएको, ओठमा सातवटा टाँचा लगाउनु परेको, निधारमा ५ टाँचा र ढाडको पुरै भागमा सुम्ला भएको, दाँया हात समेत भाँचिएको हुँदा मानव अधिकारको संरक्षणका लागि अनुरोध गर्दै दर्ता हुन आएको उजूरी मिसिल अध्ययनबाट पीडितहरु घाईते भई उपचार गराएका कागजात प्राप्त हुन नआए पनि यस घटना सम्बन्धमा तत्कालै प्रकाशित पत्रपत्रिकाहरुले यस घटनालाई दिएको स्थान, पीडितको वयान, साक्षीको भनाई, पक्राउ तथा उपचार कार्यमा संलग्न प्रहरी कर्मचारीको भनाई Asia Pacific Forum on Women, Law and Development को उजूरीमा उल्लिखित व्यहोरा र घटना सम्बन्धमा आयोगबाट भएको अनुसन्धान समेतको आधारमा उजूरीमा उल्लेख भए बमोजिम घटना भई पीडितहरु घाइते भएको देखिंदा पीडितहरु शिव बोहोरा र गोकुल लामिछानेलाई जनही रु. २५,०००।- (पच्चीस हजार रुपेयाँ मात्र) को दरले क्षतिपूर्ति दिने ठहर्छ। क्षतिपूर्ति भराउनको लागि नेपाल सरकार समक्ष लेखी पठाउनु।

१३. **उजूरी नं**. ४६६६, **यातना,**

**उजूरकर्ता** : वकालत मञ्च, नेपाल काठमाडौं

**पीडित**: देवराज बराल भिमेश्वर न.पा. वडानं-१०, दोलखा, विष्णु बराल ऐ .ऐ वडानं.-१०, दोलखा, रामचन्द्र खाती ऐ.ऐ वडानं.-९, दोलखा

पीडितहरु देवराज बराल, विष्णु बराल, रामचन्द्र खातीलाई मिति २०६६।३।२० गते जिल्ला प्रहरी कार्यालय दोलखाले पक्राउ गरी कुटपिट गरी शारिरीक तथा मानसिक यातना दिएकोले दोषी माथि कारवाही गरी क्षतिपूर्तिको लागि पहल गरी पाउँ भनी दर्ता हुन आएको उजूरी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत विषयमा मिसिल संलग्न रहेको मेडिकल प्रतिवेदनमा विष्णु बरालकोमा दाग देखिएको, देवराज बरालकोमा घाउचोट देखिएको र रामचन्द्र खातीको पनि ३/४ दिन पुरानो घाउ भनी उल्लेख भएको देखिंदा निजहरुले यातना पाएको छैन होला भनी अनुमान गर्न सक्ने अवस्था देखिएन। साथै यसै विषयमा जिल्ला अदालतमा मुद्दा दर्ता भई हदम्यादको कारणबाट खारेज भएपनि यातना पाएको होइन भनी उल्लेख हुन नभएको समेत सन्दर्भमा पीडितहरु यातना पीडित भएको देखिंदा निजहरु तीनैजनालाई जनही रु २५०००।- (पच्चीस हजार रुपैयाँ) को दरले क्षतिपूर्ति दिने ठहर्छ।

१४. **उजूरी नं**. ७७८ **यातना,**

**उजूरीकर्ता** :- डमरु चन्द्र भट्ट, का.म.न.पा.वडानं-१० देवीनगर

**पीडित**:- भरत प्रसाद भट्ट, दिपायल सिलगढी-१ डोटी।

आयोग समक्ष निर्णयार्थ पेश भएको का.म.न.पा.वडानं-९ स्थायी घर भई सिलगढी डोटी वस्ने

भरत प्रसाद भट्टलाई मिति २०६२।१०।३ गते काठमाडौंबाट सिलगढीतर्फ जाँदै गर्दा रुपन्देही जिल्लाको सालझण्डी स्थित रणशार्दुल व्यारेकमा चेक जाँच गर्ने क्रममा नियन्त्रणमा लिई शारीरिक तथा मानसिक यातना दिएकोले क्षतिपूर्ति दिलाई न्याय दिलाई पाउँ भनि दर्ता हुन आएको उजूरीको अनुसन्धानका क्रममा प्राप्त हुन आएका तथ्यहरु, साक्षीहरुको वयान तथा निजलाई रिहा गर्दा सैनिकहरुबाट जिम्मा लिने व्यक्तिको वयान समेतबाट निज भरत प्रसाद भट्टलाई मिति २०६२।१०।३ गते रुपन्देही जिल्लाको सालझण्डीस्थित रहेको रणशार्दुल व्यारेकमा चेक जाँच गर्ने क्रममा सेनाले नियन्त्रणमा लिई चौरमा लगेर अगाडीपट्टिको दुईवटा दाँत झर्ने गरी कुटपिट गरी यातना दिएको पुष्टि हुन आयो। सेनाहरुले दिएको यातनाको कारण निजको मानसिक स्वास्थ्यमा गम्भीर असर पुग्न गएको, हालसम्म पनि निरन्तर रुपमा मानसिक स्वास्थ्य उपचार गराई रहनु परेको समेत पुष्टि हुने देखिन्छ। तसथै कुनैपनि व्यक्तिले कानून विपरितको कार्य गरेको अवस्थामा प्रचलित कानूनको अधिनमा रहि निजका विरुद्ध कारवाही गर्न सक्ने अवस्था विद्यमान रहँदा समेत सेनाले नियन्त्रणमा लिई यातना दिएको कार्यबाट नेपालको संविधान, प्रचलित राष्ट्रिय कानूनहरुका साथै मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनहरुले प्रदान गरेको स्वतन्त्रतापूर्वक बाँच्न पाउने हकको हनन् भएको ठहर्छ। सैनिकहरुको उल्लेखित कार्यबाट यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धी १९८४ र जेनेभा महासन्धीको साझा धारा ३ ले प्रदान गरेको निज भरत प्रसाद भट्टको मानव अधिकारको गम्भीर उल्लंघन हुन गएको देखिदा नेपालको संविधानको धारा २४९ (२) को खण्ड क बमोजिम तत्कालीन समयमा रणशार्दुल गणमा कार्यरत दोषी सैनिकको पहिचान गरी कारवाही गर्न तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १६ बमोजिम निज भरत प्रसाद भट्टलाई रु ३,००,०००।– (अक्षेरुपी तीनलाख रुपैंया मात्र) क्षतिपूर्ति उपलब्ध गराउन र निजको निःशुल्क उपचारको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिश गर्ने।

१५. **उजूरी नं. ४२३०, अपाङ्गता,**

**उजूरीकर्ता** : सुन्दुर कार्की, कल्लेरी गा.वि.स.वडानं-२, धादिङ्ग

**पीडितः** दिना कार्की, ऐ. ऐ.

**उजूरी नं.** ४२३१ अपाङ्गता, बागमती प्रदेश कार्यालय

**उजूरीकर्ता** : सुन्दर कार्की, कल्लेरी गा.वि.स.वडानं-२, धादिङ्ग

**पीडितः** ऐ.ऐ.

उल्लिखित उजूरी नं. ४२३० र ४२३१ सशस्त्र द्वन्द्वको अवधिमा मिति २०५६।१०।१५ गते पीडितहरु समेतका व्यक्तिहरु जंगलमा दाउरा खोज्न जाँदा तत्कालीन शाही नेपाली सेनाले छोडेको बम भेटिएको र सो बम मदानी आकारको देखि घरमा ल्याएकोमा उक्त बम विस्फोट हुँदा पीडितहरु दिना कार्की र सुन्दर कार्की घाइते भएकाले निःशुल्क उपचार तथा राहतको लागि पहल गरी पाउँ भनी दर्ता हुन आएकोमा आयोगको अनुसन्धानबाट सशस्त्र द्वन्दको समयमा द्वन्दरत

पक्षले जथाभावी छोडेको बम विस्फोट भई पीडितहरु दुवैजना घाइते भएको देखिदा पीडितहरु दिना कार्की र सुन्दर काकीलाई जनही रु. १,००,०००।- (एक लाख रुपैया) का दरले राहत रकम उपलब्ध गराउन नेपाल सरकार समक्ष सिफारिस गरी पठाउने ।

१६. **उजुरी** नं. ३६२०, वेपत्ता/क्षतिपूर्ति,

**उजूरकर्ता**ः सुजिन्द्र महर्जन, किर्तिपूर न.पा १४, काठमाडौं

**पीडित**ः सुजिन्द्र महर्जन, किर्तिपुर न.पा.१४ काठमाडौं, पञ्चलाल महर्जन, किर्तिपुर न.पा. १४ काठमाडौं ।

नेपाली सेना जगदल गण छाउनीबाट खटिएको तत्कालीन शाही नेपाली सेनाले सुजिन्द्र महर्जनलाई मिति २०६०।७।२९ र पञ्चलाल महर्जनलाई मिति २०६०।७।२५ गते पक्राउ गरी नगद तथा सामान समेत लिई गएका हुँदा आवश्यक कारवाही गरी पाउँ भनी दर्ता हुन आएको उजुरी उपर छानविन तथा अनुसन्धान हुँदा सुजिन्द्र महर्जनलाई तेह्र महिनापछि मिति २०६१।८।१७ गते सुन्दरीजल बन्दी गृह काठमाडौंबाट रिहा भएका र पञ्चलाल महर्जन पक्राउ नै नपरेको अनुसन्धान प्रतिवेदनबाट देखिन आएको सन्दर्भमा सुरक्षाकर्मीले सुजिन्द्रलाई पक्राउ गरेको हैन भन्न सकिने देखिएन । निज सुजिन्द्र महर्जन र पञ्चलाल महर्जनको सम्पत्ति क्षति सम्बन्धमा स्थानीय तहबाट भएको सर्जमिन समेतले पुष्टि गरिरहेको देखिदा र उनीहरु दुवैजना सगोलमा रहेको भन्ने देखिदा पीडित सुजिन्द्र महर्जनलाई राष्ट्रिय मानव अधिकार आयोग ऐन बमोजिम रु. ३,००,०००।- (तीन लाख रुपैया) क्षतिपूर्ति दिने ठहर्छ । सो ठहर्नाले पीडितलाई रु. ३,००,०००।- (तीन लाख) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखि पठाउने ।

१७. **३ उजूरी नं**. ९४३, यातना,

**उजुरकर्ता**ः ठुलोकान्छा बस्नेत, चित्लाङ-२ मकवानपुर

**पीडित**ः ऐ ऐ

ठुलाकान्छा बस्नेतलाई मिति २०६९।६।२८ गते काठमाडौं महानगरीय प्रहरी प्रभाग जनसेवाका प्रहरीले पक्राउ गरी कुटपिट गरी यातना दिएकोले उक्त घटनाको अनुसन्धान गरी दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी दर्ता हुन आएको उजुरी उपर यस आयोगबाट छानविन तथा अनुसन्धान हुँदा निज ठुलोकान्छा र शंकर बस्नेत बीच भएको झगडामा ठुलोकान्छा पक्राउ परेको र पक्राउको क्रममा प्रहरी जवान विनोद ठाकुरले आवेशमा आई कुटपिट गर्दा निजको कानको जालीमा चोट लाग्न गई हालसम्म पनि असर देखिएको भन्ने सिमिल संलग्न अनुसन्धान प्रतिवेदनबाट देखिन आएको हुँदा पीडित ठुलोकान्छा बस्नेत माथि प्रहरीबाट कुटपिट भएको देखियो । अतः प्रस्तुत घटनामा संलग्न प्रहरी जवान विनोद ठाकुरलाई सचेत गराउन र पीडितलाई रु. १,००,०००।- (एक लाख रुपैँया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकार समक्ष लेखी पठाउने ठहर्छ ।

१८. **उजूरी नं**. ४७४१, यातना,

**उजुरकर्ता**ः कालुमान तामाङ फुलासी-७ रामेछाप पोखरीबजार

**पीडित** ऐ ऐ.

यसमा कालुमान तामाङलाई माओवादीको आरोपमा मिति २०६०।५।२३ गते भक्तपुर जिल्लाको लोकन्थलीबाट पक्राउ गरी तत्कालीन शाही नेपाली सेनाको भैरबनाथ गण महाराजगन्जमा पुऱ्याई बुटले कुल्चने, करेन्ट लगाउने, पैतालामा पिट्ने, इनारमा चोबल्ने जस्ता कार्य गरी यातना दिई मिति २०६०।११।२६ गते रिहा गरेकोले दोषीलाई कारवाही गरी उचित क्षतिपूर्ति पाउँ भनी दर्ता हुन आएको उजुरी उपर छानविन तथा अनुसन्धान हुँदा निज कालुमान तामाङलाई मानसिब माफिकको कारण विना पक्राउ गरी गैरकानूनी रुपमा छ महिनासम्म सैनिक हिरासतमा राखेको, हिरासतमा रहँदा यातना, अमानवीय, अपराधजनक व्यवहार भएको र त्यसको असर अनुसन्धान हुँदा मिति .......सम्म देखिएकोले निजलाई पक्राउ गरी यातना नदिएको भन्ने सेनाको दावी पुष्टि हुन नसकेकोले निजलाई यातना दिउको देखिंदा सो कार्यमा संलग्न भैरवनाथ गण महाराजगञ्ज, नेपाली सेनाका तत्कालीन गणपतिलाई कारवाही र पीडित कालुमान तामाङलाई रु १,५०,०००।- (एक लाख पचास हजार रुपैया) क्षतिपूर्ति दिन नेपाल सरकार समक्ष लेखी पठाउने ठर्हछ।

१९. **उजूरी नं**. ४०५४, यातना,

**उजूरकर्ता**ः टेकनाथ गौतम गुन्सी गाविस वडानं-१ रामेछाप

**पीडित**ः ऐ.ऐ

निज टेकनाथ गौतमलाई मिति २०५९।४।२६ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले आफ्नै घरबाट कब्जामा लिई सुराकीको आरोपमा कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिएकोले उपचारको व्यवस्था, दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी दर्ता हुन आएको प्रस्तुत उजूरी उपर छानबिन तथा अनुसन्धान हुँदा निजलाई माथि उल्लिखित मितिमा तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरुले आफ्नो कब्जामा लिई गुन्सीको सिम्लेबेसीमा पुऱ्याई करिब १५ घण्टा राखी बन्दुकको कुञ्जा, लाठी र बुटले समेत कुटपिट गरी यातना दिई माओवादीको बिना स्वीकृति गाउँ समेत छाड्न नपाउने शर्तमा अपहरण मुक्त गरेका र निजले माओवादीको स्वीकृति पाउन नसक्दा गाउँ छाडेर गई उपचार गर्न समेत समयमा नै नपाएको देखियो। गाउँ छोडना साथ मिति २०५९।११।२१ गते देखि मिति २०५९।१२।९ गते सम्म हेटौडा सामुदायिक अस्पतालमा भर्ना भई उपचार समेत गराएको तथ्य अनुसन्धान प्रतिवेदनबाट देखिएको छ। र निजले यातना पाएको तथ्य मेडिकल सम्बन्धित कागजातबाट समेत पुष्टि भएको देखिन्छ। अनुसन्धान प्रतिवेदनबाट उल्लेखित यातनाजन्य कार्य नेकपा (माओवादी) का तत्कालीन रामेछाप जिल्ला इञ्चार्ज ललित भन्ने हरिप्रसाद दाहालको निर्देशनमा भएको र निजले टेकनाथ गौतम माथि साथीहरुले कुटपिट गरिएको हुन सक्छ भनी आयोगको टोलीलाई दिएको भनाई समेतबाट

उक्त घटना निजको निर्देशनमा भएको देखिन्छ। अतः प्रस्तुत घटनामा पीडित टेकनाथ गौतमले विस्थापित भए वापत रु. २५,०००।- र अपाङ्गता भए वापत रु २०,०००।- राहत प्राप्त गरेको देखिए पनि यातना जन्य घटनाको क्षतिपूर्ति प्राप्त गर्न नसकेको दखिंदा माथि उल्लेखित रकममा थप रु १,५०,०००।- (एक लाख पचास हजार रुपैया) निज पीडित टेकनाथ गौतमलाई उललब्ध गराउन र प्रस्तुत घटनामा यातना दिने कार्य माथि नाम उल्लेख भएका हरिप्रसाद दाहालको निर्देशनमा नियन्त्रणमा लिएपछि निज मातहतका कार्यकर्ताबाट भएको देखिदा हाल नेकपा (माआवादी केन्द्र) का ललितपुर इर्न्चाज एवम केन्द्रीय सदस्य हरिप्रसाद दाहाल र निजबाट नाम खोल्न लगाई अन्य दोषीहरु माथि प्रचलित कानून बमोजिम कारवाही गर्न नेपाल सरकार समक्ष सिफारिस गरी पठाउने ठहर्छ।

२०. **उजूरी नं**. **४०५५**, यातना,

**उजूरकर्ता** : जीवनाथ गौतम, गुन्सी गाविस वडानं-१ रामेछाप

**पीडित**ः ऐ ऐ

श्री शतलिङ्गेश्वर मावि गुन्सी रामेछापका शिक्षक निज जीवनाथ गौतमलाई मिति २०५९।४।२६ गते तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ता मनप्रसाद आर्चायको नेतृत्वमा रहेको हतियारधारी टोलीले अपहरण गरी निर्मम यातना दिई गाउँबाट तीन वर्ष सम्म कही जान नपाउने गरी अपहरण परेको चार दिन पछि रिहा गरेकोले घटनामा संलग्न दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्ति दिलाई पाउँ भनी दर्ता हुन आएको प्रस्तुत उजूरी उपर छानविन तथा अनुसन्धान हुँदा मिति २०५९।४।२६ गते अर्चन भन्ने मनप्रसाद गौतमको नेतृत्वमा आएका माओवादी कार्यकर्ताहरुले घरबाट अपहरण गरी सुराकीको आरोप लगाई स्थानीय सिम्लेबेसी भन्ने स्थानमा पुऱ्याई हात पछाडी फर्काएर बाँधी बाँसको भाटाले ढाड र तिघ्रामा ऐ. २७ गते बेथान गाविसको मलवाडी भन्ने स्थानमा पुऱ्याई अर्चन समेतको टोलीले बन्दुकको कुन्जा, बुट फलामको रडले कुटपीट गरी यातना दिएको देखियो। यातनापछि शिक्षक संघको अध्यक्षबाट राजिनामा दिने रु. १५,०००।- माओवादीलाई चन्दा दिने माओवादीले विना स्वीकृति स्थानीय  भदौरे डाँडा, देउराली डाँडा, कुडारी डाँडा र डौ डाँडा भन्दा बाहिर जान नपाउने शर्तमा चार दिन पछि रिहा गरेको देखियो। अतः प्रस्तुत घटनामा पीडितले यातना पाएको देखिंदा निजलाई रु. १,५०,०००।-(एक लाख पचास हजार) रुपैयाँ क्षतिपूर्ति दिन र यस घटनामा नाम खुल्न आएका तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ता अर्चन भन्ने मनप्रसाद गौतम र निजबाट अन्य आरोपीको नाम खुलाउन लगाई छानबिन गरी प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्न नेपाल सरकार समक्ष लेखी पठाउने ठहर्छ।

अनुसूची-९

## राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयबाट भएका अनुगमन सम्बन्धी विवरण

| क्र.स. | अनुगमनको बिषय | मिति | जिल्ला |
|---|---|---|---|
| १ | आयोगको कार्यालय स्थानान्तरणका लागि भवन अवलोकन | २०७९।४।९- १५ | मकवानपुर |
| २ | चितवन कारागार अनुगमन | २०७८।४।१३–१६ | चितवन |
| ३ | कार्यालयका लागि घर भाडा लिन अवलोकन, अनुगमन | २०७९।५।६–९ | मकवानपुर |
| ४ | सुन्दरीजलमा मृत्यू भएका व्यक्तिको सम्बन्धमा अनुगमन | २०७९।५।१७ | काठमाण्डौ |
| ५ | प्रदेश कार्यालयको स्थानान्तरणका लागि घरभाडा लिने सुचना प्रकाशन सम्बन्धमा अनुगमन | २०७९।५।२३-२५ | मकवानपुर |
| ६ | केन्द्रीय कारागार जगनाथ देवल अनुगमन | २०७९।६।५ | काठमाण्डौ |
| ७ | घर भाडा निर्धारण समिति वैठक र अनुगमन | २०७९।६।६ - १२ | मकवानपुर |
| ८ | आयोगको प्रादेशिक कार्यालय भाडा संझौता र अनुगमन | २०७९।६।२१ - २५ | मकवानपुर |
| ९ | सानेपा बाट प्रदेश राजधानी हेटौडामा कार्यालय स्थानान्तरण अनुगमन | २०७९।७।१-६ | हेटौडा |
| १० | निर्वाचन पूर्वको अवस्था अनुगमन | २०७९।७।२- ८ | भक्तपुर/ काभ्रेपलाञ्चोक |
| ११ | निर्वाचन पूर्वको अवस्था अनुगमन | २०७९।७।१५– १७ | धादिङ्ग |
| १२ | निर्वाचन पूर्वको अवस्था अनुगमन | २०७९।७।१९- २२ | सिन्धुली/ रामेछाप |
| १३ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन अनुगमन | २०७९।८।२-५ | काठमाण्डौ/ ललितपुर |
| १४ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन अनुगमन | २०७९।८।२-५ | सिन्धुली/ रामेछाप |
| १५ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन अनुगमन | २०७९।८।२-५ | सिन्धुपाल्चोक/ काभ्रेपलाञ्चोक |

| | | | |
|---|---|---|---|
| १६ | प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन अनुगमन | २०७९।८।२-५ | चितवन/ मकवानपुर |
| १७ | प्रतिनिधि सभा र प्रदेश सभाको पुनःनिर्वाचन अनुगमन | २०७९।८।१४-१६ | दोलखा |
| १८ | बाल अधिकार सम्बन्धी अनुगमन | २०७९।९।१९ | मकवानपुर |
| १९ | मानव अधिकार अवस्था अनुगमन (विकास र मानव अधिकार) | २०७९।९।२१- २५ | काठमाण्डौ/ काभ्रेपलाञ्चोक |
| २० | श्रमिकको मानव अधिकार सम्बन्धी अनुगमन। | २०७९।१०/०४ देखि १० सम्म | ललितपुर/ काभ्रेपलाञ्चोक |
| २१ | विद्यालय बन्द भएको घटनाका सम्बन्धमा | २०७९।१२।१ | मकवानपुर |
| २२ | खाद्यान्नको अधिकार अनुगमन | २०७९।१२।९ | मकवानपुर |
| २३ | उप निर्वाचनमा मनोनयन दर्ताको अनुगमन | २०७९।१२।२० | मकवानपुर |
| २४ | प्रतिनिधि सभा सदस्य उप-निर्वाचन अनुगमन | २०८०।१।७ - ११ सम्म | चितवन |
| २५ | श्रमिकको अधिकार अध्ययन अनुगमन रिसर्च | २०८०।२।३–४ | सिन्धुली |
| २६ | कारागारको अवस्था अनुगमन। | २०८०।२।४ | सिन्धुली |
| २७ | श्रमिकको अधिकार अध्ययन अनुगमन रिसर्च | २०८०।२।१२–१८ | काठमाडौ/ ललितपुर |
| २८ | अपाङ्गता भएकी व्यक्तिको अधिकार अनुगमन | २०८०।३।६ | मकवानपुर |
| २९ | हेटौडा औद्यौगीक क्षेत्रमा कार्यरत श्रमिकहरुको मानव अधिकार अवस्था अनुगमन | २०८०।३।७ | मकवानपुर |
| ३० | एसियन पेन्ट्समा कार्यरत श्रमिक तथा कर्मचारीहरुको मानव अधिकार अवस्था अनुगमन | २०८०।३।७ | मकवानपुर, हेटौडा |
| ३१ | शिवम सिमेन्टमा कार्यरत श्रमिकहरुको मानव अधिकार अवस्था अनुगमन | २०८०।३।८ | मकवानपुर, हेटौडा |

## अनुसुची– १०

## राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयबाट भएका प्रर्वद्धनात्मक कार्यहरुको विवरण

| क्र.स. | अन्तर्क्रिया कार्यक्रमको बिषय | मिति | स्थान |
|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय न्याय दिवस सम्बन्धी अन्तर्क्रिया | २०७९।४।१ | ललितपुर |
| २ | संक्रमणकालीन न्याय र मानव अधिकार सम्बन्धी अन्तर्क्रिया | २०७९।४।३ | ललितपुर |
| ३ | NHRAP गठन शिवपुरी गाउँपालिका, नुवाकोट | २०७९।४।१६- १७ | नुवाकोट |
| ४ | सत्यनिरुपण मेलमिलाप विधेयक माथि अन्तर्क्रिया कार्यक्रम | २०७९।४।१८ | ललितपुर |
| ५ | व्यवसाय र मानव अधिकार अभिमुखीकरण | २०७९।५।२२-२४ | धुलिखेल |
| ६ | कारागार र कैदी बन्दीको अधिकारको अवस्था विषयक अन्तर्क्रिया | २०७९।६।१३ | ललितपुर |
| ७ | बागमती प्रदेशको मानव अधिकार अवस्था सम्बन्धी प्रेस मिट कार्यक्रम | २०७९।८।१५ | मकवानपुर |
| ८ | ७४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस समारोह | २०७९।८।२४ | मकवानपुर |
| ९ | अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सम्बन्धी कार्यशाला | २०७९।९।१ र २ | मकवानपुर |
| १० | उद्योग वाणिज्य क्षेत्रको वर्तमान अवस्था र चुनौती | २०७९।९।१४ | मकवानपुर |
| ११ | बागमती प्रदेश कार्यालयको अर्धबार्षिक कार्ययोजना समीक्षा र भावी योजना आ.ब.२०७९/०८० को कार्ययोजना सम्बन्धी समीक्षा बैठक। | २०७९।१०/१३ देखि १४ सम्म | पालुङ, मकवानपुर |
| १२ | अपाङ्गताको अधिकार र न्यायमा पहुँच सम्बन्धी प्रतिवेदनको लागि परामर्श वैठक | २०७९।१२।१३ | मकवानपुर |
| १३ | अपाङ्गताको अधिकार र न्यायमा पहुँच सम्बन्धी प्रतिवेदनको लागि परामर्श वैठक | २०७९।१२।१६ | मकवानपुर |
| १४ | स्व.दयाराम स्मृति र मानव अधिकार रक्षकको अवस्था विषयक अन्तर्क्रिया | २०७९।१२।१५ | मकवानपुर |

| | | | |
|---|---|---|---|
| १५ | पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था | २०७९।१२।२४ | मकवानपुर |
| १६ | लोकतन्त्र दिवसको अवसरमा दीप प्रज्वलन कार्यक्रम | २०८०।१।११ | मकवानपुर |
| १७ | मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था | २०८०।१।८ | चितवन |
| १८ | मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था | २०८०।१।८ | चितवन |
| १९ | मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था | २०८०।१।१२ | हेटौडा |
| २० | आयोगका कर्मचारी गम्भिरकान्त झाको १३ औं पुन्य तिथिमा श्रद्धाञ्जली सभा | २०८०।१।२७ | हेटौडा |
| २१ | जातीय भेदभाव उन्मुलन दिवसको कार्यक्रम | २०८०/०२/२१ | हेटौडा |
| २२ | आयोगको स्थापना दिवस कार्यक्रम | २०८०/०२/१२ | हेटौडा |
| २३ | एचआइभी संक्रमित समुदायको मानव अधिकार सम्बन्धी सचेतनात्मक कार्यक्रम | २०८०/०२/२२ | हेटौडा |
| २४ | एचआइभी संक्रमित समुदायको मानव अधिकार सम्बन्धी सचेतनात्मक कार्यक्रम | २०८०/०२/२४ | चितवन |

## अनुसुची– ११

## राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौंडाबाट भएका अनुसन्धान विवरण

| क्र. स. | मिति | जिल्ला |
|---|---|---|
| १ | २०७९।८।१२-१८ | काठमाण्डौ/भक्तपुर |
| २ | २०७९।८।२९–९।६ | काठमाण्डौ |
| ३ | २०७९।८।२९ देखि ९।६ सम्म | काठमाण्डौ |
| ४ | २०७९।९।२७ देखि १०।३ सम्म | ललितपुर |
| ५ | २०७९।१२।२८ देखि २०८०।१।४ सम्म | ललितपुर/ काठमाण्डौ |
| ६ | २०८०।२।१२ देखि १८ सम्म | काठमाण्डौ |
| ७ | २०८०/३/१५–२१ सम्म | नुवाकोट/काठमाडौ |

## अनुसुची– १२

### राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा,मकवानपुरबाट निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइएका उजुरी फाईलको विवरण

| क्र. सं. | पीडितको नाम | ठेगाना | उजुरी नं. | उजुरीको विषय |
|---|---|---|---|---|
| १ | महेश बर्तौला लगायत | काठमाण्डौ | ११ | |
| २ | चन्द्रमाया कार्की | रामेछाप | ४२२९ | |
| ३ | विरेन्द्रराज गिरी | काभ्रेपलाञ्चोक | ३१८ | |
| ४ | पुष्पमुनि बज्राचार्य | काठमाण्डौं | ९५७ | |
| ५ | राम बहादुर मुखिया | काठमाण्डौं | ३५२ | |
| ६ | मधुर बहादुर श्रेष्ठ | काठमाण्डौं | ९५६ | |
| ७ | गणेशलाल अवाले | काठमाण्डौं | ८७० | |
| ८ | नविन घिसिङ्ग | काभ्रेपलाञ्चोक | ९४४ | |
| ९ | रात्री डान्स, बार, क्याबिन रेष्टुरेण्ट र मसाज पार्लरका कर्मचारीहरु | काठमाण्डौं | ८२६ | |
| १० | सीमा तोलेङ्ग सार्की | सिन्धुली | ७१७ | |
| ११ | ईक्शा एक्तेन | काठमाण्डौं | ७६१ | |
| १ | बासुदेव दुलाल | सिन्धुपाल्चोक | ३०१ | |
| २ | मंगल तामाङ्ग | काभ्रेपलाञ्चोक | ३२२ | |
| १३ | सरस्वती प्रधान | काठमाण्डौ | ३१६ | |
| १४ | दिपक कुमार श्रेष्ठ | काठमाण्डौ | १३४ | |
| १५ | अर्जुन खड्का | नुवाकोट | ३२३ | |
| १६ | अस्मिता वि.क. | रामेछाप | ११४ | |
| १७ | श्याम बहादुर रञ्जितकार | ललितपुर | २७८ | |
| १८ | सुष्मा तामाङ्ग | धादिङ्ग | १०९ | |
| १९ | नाम नखुलेकी एक युवती | काठमाण्डौ | १३९ | |
| २० | तिल प्रसाद पौडेल र यज्ञनाथ पौडेल | चितवन | ५५४ | |

| | | | | |
|---|---|---|---|---|
| २१ | तारा सापकोटा | ललितपुर | ३३५ | |
| २२ | सुजाता श्रेष्ठ र सलिन श्रेष्ठ | चितवन | ३२७ | |
| २३ | सुनकोशी नदी किनाराका मानव बस्ती | काभ्रेपलाञ्चोक - सिन्धुपाल्चोक | १३१ | |
| २४ | प्रतिक्षा रिजाल | काठमाण्डौ | ३५० | |
| २५ | शान्ती कार्की | रामेछाप | ३२५ | |
| २६ | दुर्गाधिन सुनुवार, चम्पादेवी गाउँपालिका –९ ओखलढुङ्गा | ओखलढुङ्गा | ३६१ | |
| २७ | कपिल भण्डारी मंगलसेन नगरपालिका–१४ अछाम | अछाम | ३४९ यातना | |
| २८ | विनोद बरुवाल नागार्जुन नगरपालिका–८ काठमाडौ | काठमाडौ | २९९ CMRS १४५५७ | यातना |
| २९ | छायाँचन्द्र भण्डारी गल्याङ नगरपालिका–९ स्याङ्गजा | स्याङ्गजा | ३६२ | धम्की |
| ३० | दिपा बुलुन सोयाक गाविस –९ इलाम | इलाम | ७६२ CMRS ९८१७ | बाल अधिकार |
| ३१ | गीता श्रेष्ठ पुलचोक, ललितपुर | ललितपुर | ६३० CMRS ११०६३ | भ्रुण हत्या |
| ३२ | कल्पना बस्नेत कमलामाई नगरपालिका ५–सिन्धुली | सिन्धुली | ३७१ | न्याय प्रशासन |
| ३३ | एकनाथ भुजेल | चौदण्डी नगरपालिका-३, उदयपुर | ३६८ | न्याय प्रशासन |
| ३४ | समिर लामा समेत ४ जना | चौवास-८ काभ्रेपलाञ्चोक | ८२८ CMRS ९९८९ | थुनुवा बन्दीलाई यातना दिएको |
| ३५ | श्यामसुन्दर राम सन्तोषकुमार दास तेजबहादुर के.सी. | काचन-८ सप्तरी महलनिया-१ सप्तरी नाग्लीबाङ-८ पर्वत | ९४१ CMRS ११३६८ | जीवनको अधिकार |

| | | | | |
|---|---|---|---|---|
| ३६ | देवी पौडेल | मंगलपुर-२, चितवन | ८५ CMRS १३७०६ | शान्ति सुरक्षा |
| ३७ | सागर पौडेल | उर्लाबारी नगरपालिका ८ मोरङ | ७०३ | गैर कानुनी थुना |
| ३८ | इश्वरी पण्डीत भन्ने अम्बर बहादुर खत्री | गजुरी गाँउपालिका-७ | ४२३९ | विद्युतिय धरापमा परी घाईते |
| ३९ | श्याम बजगाई | आश्राङ-६, ललितपुर | १२१५ | बाल अधिकार |
| ४० | दुर्गेश यादव | औरही गा.पा ५ सिरहा | २२२ | हिरासतमा मृत्यु |
| ४१ | रमेश लामा | सुनकोशी गाउँपालिका ५ सिन्धुपाल्चोक | ३४० | गैर कानुनी थुना |
| ४२ | हेम बहादुर खड्का | बैतेश्वर गा.पा ८, दोलखा | ३४७ | गैर कानुनी थुना |
| ४३ | गोविन्द लुईटेल | ललितपुर महानगरपालिका १० | ८१ | धम्की |
| ४४ | छोन्जाम डोल्मा लामा/तेन्जी लामा | का.म.न.पा ७ लाहुरेटोल | १२३० | न्याय प्रशासन |
| ४५ | खड्क बहादुर कार्की | गोदावरी न.पा ५ ललितपुर | | |
| ४६ | साधना भन्ने चन्द्र गुरुङ र सुप्रिया भन्ने नविन न्यौपाने | लाजिम्पाट काठमाण्डौ | ६६१ | प्रहरीद्धारा कुटपीट दुर्व्यबहार LGBTI |
| ४७ | रुपा शर्मा | तारकेश्वर न.पा-६ | ३५७ | न्याय प्रशासन |
| ४८ | सदिक्षा चौधरी | ललितपुर महा नगरपालिका-२, सानेपा | ३७९ | आत्महत्या दुरुत्साहन |

| | | | | |
|---|---|---|---|---|
| ४९ | रुद्रनाथ लामिछाने | बागमती गाउँपालिका-१ माल्टा, ललितपुर | ४०२४ CMRS -...... | सम्पतीको अधिकार |
| ५० | राजेन्द्र प्रसाद घिमिरे | बागमती गाँउपालिका-६, ललितपुर | २८११/ ४०३७ | विस्थापित, थान २ |
| ५१ | सुनिता देवि ठाकुर | काठमाण्डौ महानगरपालिका-३१, बागबजार | ७११ CMRS -८९३२ | प्रहरीद्धारा यातना |
| ५२ | सुधिरकुमार कर्माचार्य | गोदावरी नगरपालिका-१२, ललितपुर | २१७ | पेशाव्यवसाय गर्नबाट बंञ्चित |
| ५३ | आश्विनकुमार राई | बाफल, काठमाण्डौ | ८७१ CMRS– १०११६ | जीवनको अधिकार |
| ५४ | काजि मगर, देववहादुर जिरेल समेत | दोलखा जिल्ला नाम्दु गाविस-२ | ८२२ | गैरन्यायीक हत्या |
| ५५ | अन्जली गौतम | चौरी देउराली गा.पा ३ काभ्रे | ३३४ | स्वच्छ पुर्पक्षको अधिकार |
| ५६ | समिर सुनार समेत ४ जना | बारबर्दिया नगरपालिका-६, बर्दिया | ३४२ | जातिय विभेद |
| ५७ | पदमबहादुर घिसिङ | दुधौली नगरपालिका -१२, सिन्धुली | ३८२ | यातना |
| ५८ | इन्द्रप्रसाद अर्याल समेत १५ जना | तारकेश्वर न.पा.- ४, काठमाण्डौ | २६९ | शान्तिपूर्ण प्रर्दशनमा रोक |
| ५९ | भूमिका परियार | गल्छी गाँउपालिका-४, धादिङ | १६४ | स्वास्थ्यको अधिकार |

| | | | | |
|---|---|---|---|---|
| ६० | कृष्ण पाठक/ कृष्ण चौधरी | माडी नगरपालिका-१ चितवन | ५०१ CMRS-१३३७१ | यातना |
| ६१ | कृष्णकुमारी परियार समेत | काठमाण्डौ महानगरपालिका -१० | ८४६ | बसोबासको अधिकार |
| ६२ | ठाकुर लामिछाने समेत ६ जना | टोखा नगरपालिका -१, काठमाण्डौ | ३८८ | गैरन्यायीक हत्या |
| ६३ | बिशाल लामा | साँगाचोक गढी न.पा,सिन्धुपाल्चोक | ३२१२ | गैरन्यायीक हत्या |
| ६४ | सोनाम बल लामा | मनहरी गाउँपालिका-३ मकवानपुर | २२० | गैर कानुनी थुना |
| ६५ | उज्जवल वि.क | बुढानिलकण्ठ नगरपालिका -१० काठमान्डौ | ३२८ | जीवनको अधिकार/वातावरणको अधिकार |
| ६६ | रिगल ढकाल | नेपालगन्ज नगरपालिका-४ बाँके | २२३ | शान्ति सुरक्षा |

सरकारी लेखा प्रणाली (CGAS+)

राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालय, हेटौडा

कार्यालय कोड नं.: २१४००३२०१

दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण

२०७९/८० साल

म. ले. प. फा. न. २१४

**बजेट मुल शीर्षक नं :** राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत)[२१४०००११३]
**कार्यालय / आयोजनाको नाम :**
**आयोजना रहेको स्थान :**

| खर्च संकेत | | स्रोतको | | | | | | संशोधन /रकमान्तर/स्रोतान्तर बाट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तह | | | | | | | | | | | | |
| नम्बर | नाम | प्राथमिक | द्वितीय | स्रोत व्योहोर्ने निकाय | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
| २११११ | पारिश्रमिक कर्मचारी | नेपाल सरकार | | | नगद | | ०.०० | ९,९९८,०००.०० | ६७०,०००.०० | ९,३२८,०००.०० | ८,९८८,८६४.५६ | ८,९८८,८६४.५६ | ३३९,१३५.४४ | |
| २११२१ | पोशाक | नेपाल सरकार | | | नगद | | ०.०० | १८०,०००.०० | ०.०० | १८०,०००.०० | १५०,०००.०० | १५०,०००.०० | ३०,०००.०० | |
| २११३२ | महंगी भत्ता | नेपाल सरकार | | | नगद | | ०.०० | ४३२,०००.०० | ०.०० | ४३२,०००.०० | ३७०,३३४.०० | ३७०,३३४.०० | ६१,६६६.०० | |
| २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | नेपाल सरकार | | | नगद | | ०.०० | ५१,०००.०० | ०.०० | ५१,०००.०० | ५०,६८३.४४ | ५०,६८३.४४ | ३१६.५६ | |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | नेपाल सरकार | | | नगद | | ०.०० | ८७,०००.०० | ०.०० | ८७,०००.०० | ७०,८६७.०० | ७०,८६७.०० | १६,१३३.०० | |
| २२१११ | पानी तथा बिजुली | नेपाल सरकार | | | नगद | | ०.०० | १९७,०००.०० | ०.०० | १९७,०००.०० | ९२,३६४.८५ | ९२,३६४.८५ | १०४,६३५.१५ | |
| २२११२ | संचार महसुल | नेपाल सरकार | | | नगद | | ०.०० | ३१२,०००.०० | ०.०० | ३१२,०००.०० | २९३,३००.८५ | २९३,३००.८५ | १८,६९९.१५ | |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | नेपाल सरकार | | | नगद | | ०.०० | ४३६,०००.०० | ०.०० | ४३६,०००.०० | ३९७,७२३.२३ | ३९७,७२३.२३ | ३८,२७६.७७ | |
| २२२१३ | सवारी साधन मर्मत खर्च | नेपाल सरकार | | | नगद | | ०.०० | ३८०,०००.०० | ०.०० | ३८०,०००.०० | ३७७,०२४.५० | ३७७,०२४.५० | २,९७५.५० | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | नेपाल सरकार | | | नगद | | ०.०० | ६३,०००.०० | ०.०० | ६३,०००.०० | ५६,०००.०० | ५६,०००.०० | ७,०००.०० | |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | नेपाल सरकार | | | नगद | | ०.०० | ३०१,०००.०० | ०.०० | ३०१,०००.०० | २७१,९२५.०० | २७१,९२५.०० | २९,०७५.०० | |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | नेपाल सरकार | | | नगद | | ०.०० | ३०,०००.०० | ०.०० | ३०,०००.०० | २२,६२५.०० | २२,६२५.०० | ७,३७५.०० | |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | नेपाल सरकार | | | नगद | | ०.०० | १२७,०००.०० | ०.०० | १२७,०००.०० | १००,७४५.०० | १००,७४५.०० | २६,२५५.०० | |
| २२४१३ | करार सेवा शुल्क | नेपाल सरकार | | | नगद | | ०.०० | ६०,०००.०० | ०.०० | ६०,०००.०० | ६०,०००.०० | ६०,०००.०० | ०.०० | |
| २२५२२ | कार्यक्रम खर्च | नेपाल सरकार | | | नगद | | ०.०० | १,७६०,०००.०० | ०.०० | १,७६०,०००.०० | १,२१८,६४५.०० | १,२१८,६४५.०० | ५४१,३५५.०० | |
| जम्मा | | | | | | | ०.०० | १७,७४९,०००.०० | ८३०,०००.०० | १६,९१९,०००.०० | १५,४५०,०६१.४३ | १५,४५०,०६१.४३ | १,४६८,९३८.५७ | |

1/2

10/23, 1:23 PM सरकारी लेखा प्रणाली (CGAS+)

| खर्च संकेत | | स्रोतको | | | | | | संशोधन (रकमान्तर/स्रोतान्तर बाट) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तह | | स्रोत व्योहोर्ने निकाय | | | | | | | | | | | |
| नम्बर | नाम | प्राथमिक | द्वितीय | | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत बर्षको खर्च |
| २२५२९ | विविध कार्यक्रम खर्च | नेपाल सरकार | | | नगद | | ०.०० | १००,०००.०० | ०.०० | १००,०००.०० | ९९,९४९.०० | ९९,९४९.०० | ५१.०० | |
| २२६१२ | भ्रमण खर्च | नेपाल सरकार | | | नगद | | ०.०० | ५६,०००.०० | ०.०० | ५६,०००.०० | ५१,०५६.०० | ५१,०५६.०० | ४,९४४.०० | |
| २२७११ | विविध खर्च | नेपाल सरकार | | | नगद | | ०.०० | १४४,०००.०० | ०.०० | १४४,०००.०० | १२०,२८४.०० | १२०,२८४.०० | २३,७१६.०० | |
| २८१४२ | घर भाडा | नेपाल सरकार | | | नगद | | ०.०० | ३,०३५,०००.०० | १६०,०००.०० | २,८७५,०००.०० | २,६५७,६७०.०० | २,६५७,६७०.०० | २१७,३३०.०० | |
| जम्मा | | | | | | | ०.०० | १७,७४९,०००.०० | ८३०,०००.०० | १६,९१९,०००.०० | १५,४५०,०६१.४३ | १५,४५०,०६१.४३ | १,४६८,९३८.५७ | |

पेश गर्ने :-
हस्ताक्षर :- [signature]
नाम :- तारा कर्माचार्य
दर्जा :- लेखा अधिकृत

सदर गर्ने :
हस्ताक्षर :- [signature]
नाम :- थानप्रसाद अधिकारी
दर्जा :- सहसचिव

8/10/23, 1:25 PM

सरकारी लेखा प्रणाली (CGAS+)

राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालय, हेटौंडा

कार्यालय कोड नं.: २१४००३२०१

खुद निकासा बजेट र खर्चको आर्थिक विवरण

२०७९/८० साल

म. ले. प. फा. नं. २१४

**बजेट मुल शीर्षक नं :** राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत)[२१४०००११४]
**कार्यालय / आयोजनाको नाम :**
**आयोजना रहेको स्थान :**

| खर्च संकेत | | स्रोतको | | | | | | संशोधन /रकमान्तर/स्रोतान्तर बाट | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तह | | | | | | | | | | | | |
| नम्बर | नाम | प्राथमिक | द्वितीय | स्रोत व्यहोर्ने निकाय | प्रकार | भुक्तानी विधि | शुरू बजेट | थप | घट | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट | गत वर्षको खर्च |
| ३१११२२ | मेशिनरी तथा औजार | नेपाल सरकार | | | नगद | | ०.०० | २००,०००.०० | ०.०० | २००,०००.०० | १६०,०००.०० | १६०,०००.०० | ४०,०००.०० | |
| ३१११२३ | फर्निचर तथा फिक्चर्स | नेपाल सरकार | | | नगद | | ०.०० | ३१५,०००.०० | ०.०० | ३१५,०००.०० | ३१४,५९२.०० | ३१४,५९२.०० | ४०८.०० | |
| जम्मा | | | | | | | ०.०० | ५१५,०००.०० | ०.०० | ५१५,०००.०० | ४७४,५९२.०० | ४७४,५९२.०० | ४०,४०८.०० | |

पेश गर्ने :-
हस्ताक्षर :- (हस्ताक्षर)
नाम :- रारा कर्माचार्य
दर्जा :- लेखा अधिकृत

सदर गर्ने :- (हस्ताक्षर)
हस्ताक्षर :-
नाम :- थलप्रसाद अधिकारी
दर्जा :- सहसचिव

# जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली

सिन्धुलीमाढी

Email:- dccsindhuli@gmail.com
फोन नं.:- [illegible]
[illegible]
फ्याक्स नं.:- [illegible]
क.न.पा.-६, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या:- २०७९/०८० (प्रशासन)
चलानी नं. ११८

मिति : २०८०।०२।०१

श्रीमान् प्रमुख/अध्यक्षज्यू,
श्रीमान् उपप्रमुख/उपाध्यक्षज्यू,
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगर/गाउँकार्यपालिकाको कार्यालय (सबै), सिन्धुली ।

**विषय :- मानव अधिकार कार्ययोजना सम्बन्धी अभिमुखिकरण तथा जिल्ला समन्वय समिति गठन सम्बन्धमा ।**

नेपाल सरकारले मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७७/०७८–२०८१/०८२) जारी गरी कार्यन्वयन गरिसकेको विदितै होला । उक्त कार्ययोजनाको कार्यन्वयनको सुनिश्चितताको लागि हरेक जिल्ला तथा स्थानीय तहहरूमा एक समन्वय समिति समेत रहने व्यवस्था गरिएको छ । कार्ययोजनाको दफा ४.२.३ मा जिल्लास्तरमा जिल्ला समन्वय समिति र दफा ४.२.४ मा स्थानीयस्तरमा स्थानीय तह समन्वय समितिको गठन सम्बन्धी व्यवस्था गरिएकोमा राष्ट्रिय मानव अधिकार आयोगको च.नं. ३०५ मिति २०८०।०१।३१ को प्राप्त पत्रानुसार २०८० जेठको पहिलो हप्ताभित्र जिल्लास्तरमा जिल्ला समन्वय समिति एवं स्थानीयस्तरमा स्थानीय समन्वय समिति गठन गरिसक्नुपर्ने भएकोले तपसिलको मिति र स्थानमा हुने जिल्ला समन्वय समिति गठन बैठक तथा अभिमुखीकरण कार्यक्रममा उपस्थितिको लागि निर्देशानुसार अनुरोध छ । साथै राष्ट्रिय मानव अधिकार आयोग प्राप्त पत्रसाथ प्राप्त कागजात थान ५ (पाँच) यसैसाथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

तपसिल :–
मिति : २०८० जेठ ४ गते, बिहीबार
स्थान : जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीको सभाहल
समय : बिहान ११:०० बजे

२०८०।०२।०१
(नर बहादुर आले मगर)
नि. जिल्ला समन्वय अधिकारी

**बोधार्थ :–**
श्री राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालय, हेटौंडा ।

ईमेल:- dccsindhuli@gmail.com र वेवसाईट:- dccsindhuli.gov.np
" व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन "

आज मिति २०८० जेठ ४ गतेका दिन जिल्ला समन्वय समिति, सिन्धुलीका प्रमुख श्री कारसाङ लामाज्यूको संयोजकत्वमा जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीको समाहलमा राष्ट्रिय योजना आयोगका सदस्य, सिन्धुली जिल्लाका सबै स्थानीय तहका प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्ष, जिल्ला समन्वय समितिका पदाधिकारीहरू, प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरू, सुरक्षा निकायका प्रमुखहरू, मानव अधिकारकर्मी, पत्रकार प्रतिनिधिहरू लगायतका उपस्थितिमा नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७।०७८-२०८१।०८२) को दफा ४.२.३ बमोजिम जिल्ला समन्वय समिति गठन सम्बन्धमा गोष्ठी तथा बैठक कार्यक्रम सम्पन्न गरियो ।

**उपस्थितिहरू :**

श्री कारसाङ लामा, प्रमुख, जिल्ला समन्वय समिति, सिन्धुली

डा. रामकुमार फुयाँल, सदस्य, राष्ट्रिय योजना आयोग

श्री उपेन्द्र कुमार पोखरेल, प्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

श्री दिनेश अधिकारी, प्रमुख, दुधौली नगरपालिका, सिन्धुली

श्री शान्ता कार्की, उप प्रमुख, जिल्ला समन्वय समिति, सिन्धुली

श्री बज्रध्वज वाइबा, अध्यक्ष, हरिहरपुरगढी गाउँपालिका, सिन्धुली

श्री विमर्श मुक्तान, अध्यक्ष, मरिण गाउँपालिका, सिन्धुली

श्री जगत बहादुर भोलन, अध्यक्ष, घ्याङ्लेख गाउँपालिका, सिन्धुली

श्री दिपा बोहोरा, अध्यक्ष, सुनकोशी गाउँपालिका, सिन्धुली

श्री शंकरराज बराल, अध्यक्ष, गोलन्जोर गाउँपालिका, सिन्धुली

श्री पार्वती सुनुवार, अध्यक्ष, फिक्कल गाउँपालिका, सिन्धुली

श्री कर्ण बहादुर थापामगर, अध्यक्ष, तीनपाटन गाउँपालिका, सिन्धुली

श्री मञ्जु देवकोटा, उप प्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

श्री चन्द्र किशोर थारू, उप प्रमुख, दुधौली नगरपालिका, सिन्धुली

श्री सुनिता नेपाल, प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, सिन्धुली

श्री चेख बहादुर थिङ, उपाध्यक्ष, हरिहरपुरगढी गाउँपालिका, सिन्धुली

**निर्णय नम्बर १ :**

नेपाल सरकारले मानव अधिकारसम्बन्धी जारी गरेको पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८-२०८१/०८२) को दफा ४.२.३ मा व्यवस्था भएबमोजिम निम्नानुसारका पदाधिकारीहरू रहने मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्ला समन्वय समितिको गठन गर्ने निर्णय गरियो ।

**गठन गरिएको जिल्ला समन्वय समिति :**

| क्र.सं. | पदाधिकारी | पद | निकाय |
|---|---|---|---|
| १ | श्री कारसाङ लामा | संयोजक | प्रमुख, जिल्ला समन्वय समिति |
| २ | श्री उपेन्द्र कुमार पोखरेल | सदस्य | प्रमुख, कमलामाई नगरपालिका |
| ३ | श्री दिनेश अधिकारी | सदस्य | प्रमुख, दुधौली नगरपालिका |
| ४ | श्री शान्ता कार्की | सदस्य | उप प्रमुख, जिल्ला समन्वय समिति |
| ५ | श्री बज्रध्वज वाइबा | सदस्य | अध्यक्ष, हरिहरपुरगढी गाउँपालिका |
| ६ | श्री विमर्श मुक्तान | सदस्य | अध्यक्ष, मरिण गाउँपालिका |
| ७ | श्री जगत बहादुर मोलन | सदस्य | अध्यक्ष, घ्याङ्लेख गाउँपालिका |
| ८ | श्री दिपा बोहोरा | सदस्य | अध्यक्ष, सुनकोशी गाउँपालिका |
| ९ | श्री शंकरराज बराल | सदस्य | अध्यक्ष, गोलन्जोर गाउँपालिका |
| १० | श्री पार्वती सुनुवार | सदस्य | अध्यक्ष, फिक्कल गाउँपालिका |
| ११ | श्री कर्ण बहादुर थापामगर | सदस्य | अध्यक्ष, तीनपाटन गाउँपालिका |
| १२ | श्री सुनिता नेपाल | सदस्य | प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय |
| १३ | श्री उत्पल खड्का | सदस्य | सदस्य/प्रवक्ता, जिल्ला समन्वय समिति |
| १४ | श्री सूर्य बहादुर तामाङ | सदस्य | सदस्य, जिल्ला समन्वय समिति |
| १५ | श्री दान बहादुर तामाङ | सदस्य | सदस्य, जिल्ला समन्वय समिति |
| १६ | श्री पुष्पा कुमारी धामी | सदस्य | सदस्य, जिल्ला समन्वय समिति |
| १७ | श्री बाल कुमारी मगर | सदस्य | सदस्य, जिल्ला समन्वय समिति |
| १८ | श्री गोकर्ण सार्की | सदस्य | सदस्य, जिल्ला समन्वय समिति |
| १९ | श्री सुनिता थापा मगर | सदस्य | सदस्य, जिल्ला समन्वय समिति |
| २० | श्री | सदस्य | जिल्ला न्यायधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय |
| २१ | श्री | सदस्य | इकाई प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई |
| २२ | श्री | सदस्य | प्रमुख, स्वास्थ्य कार्यालय सिन्धुली |
| २३ | श्री | सदस्य | प्रमुख सेनानी, भवानी बक्स गण |
| २४ | श्री | सदस्य | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय |
| २५ | श्री | सदस्य | उपअनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय |
| २६ | श्री | सदस्य | सशस्त्र प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी आश्रित गुल्म |
| २७ | श्री | सदस्य | प्रतिनिधि, नेपाल बार एशोसिएशन जिल्ला कार्यालय |

श्री बिमला माफा, उपाध्यक्ष, मारिण गाउँपालिका, सिन्धुली

श्री शंकरमान घलान, उपाध्यक्ष, घ्याङ्लेख गाउँपालिका, सिन्धुली

श्री कपिल कोइराला, उपाध्यक्ष, सुनकोशी गाउँपालिका, सिन्धुली

श्री ज्वाला प्रसाद न्यौपाने, उपाध्यक्ष, गोलन्जोर गाउँपालिका, सिन्धुली

श्री राजु बराल, उपाध्यक्ष, फिक्कल गाउँपालिका, सिन्धुली

श्री धन बहादुर पुलामी, उपाध्यक्ष, तीनपाटन गाउँपालिका, सिन्धुली

श्री उत्पल खड्का, सदस्य/प्रवक्ता, जिल्ला समन्वय समिति, सिन्धुली

श्री सूर्य बहादुर तामाङ, सदस्य, जिल्ला समन्वय समिति, सिन्धुली

श्री दान बहादुर तामाङ, सदस्य, जिल्ला समन्वय समिति, सिन्धुली

श्री पुष्पा कुमारी धामी, सदस्य, जिल्ला समन्वय समिति, सिन्धुली

श्री बाल कुमारी मगर, सदस्य, जिल्ला समन्वय समिति, सिन्धुली

श्री गोकर्ण सार्की, सदस्य, जिल्ला समन्वय समिति, सिन्धुली

श्री सुनिता थापा मगर, सदस्य, जिल्ला समन्वय समिति, सिन्धुली

श्री सूर्य प्रसाद दाहाल, प्रमुख प्रशासकीय अधिकृत, कमलामाई नगरपालिका, सिन्धुली

श्री दिपक ढकाल, प्रमुख प्रशासकीय अधिकृत, दुधौली नगरपालिका, सिन्धुली

श्री प्र. अमृता देवकोटा जिल्ला न्यायधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सिन्धुली

श्री निर्मल कु. घिमिरे इकाई प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई, सिन्धुली

प्रतिनिधि

श्री मनिर आलम, प्रमुख, स्वास्थ्य कार्यालय, सिन्धुली

श्री बिमल कुमार कार्की, प्रमुख सेनानी, भवानी बक्स गण, सिन्धुली

श्री ............................., प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सिन्धुली

श्री रिबेन कु. ठकुरी उप अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिन्धुली

श्री दिनेश कुमार बस्नेत सशस्त्र प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी आश्रित गुल्म, सिन्धुली

| | | | |
|---|---|---|---|
| २८ | श्री | सदस्य | प्रतिनिधि, नेपाल पत्रकार महासंघ जिल्ला कार्यालय |
| २९ | श्री | सदस्य | प्रतिनिधि, गैर सरकारी संस्था महासंघ |
| ३० | श्री नर बहादुर आले मगर | सदस्य सचिव | नि.जि.स.अ., जिल्ला समन्वय समिति |

**निर्णय नम्बर २ :**

आज गठित मानव अधिकार राष्ट्रिय कार्ययोजनाको जिल्ला समन्वय समितिको बैठक प्रत्येक ६।६ महिनामा बस्ने र बैठकमा स्थानीय तह समन्वय समितिले मानव अधिकार सम्बन्धी गरेका कामकारबाहीको प्रगति विवरण प्रत्येक पालिकाका प्रमुख/अध्यक्षले बैठकमा प्रस्तुत गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नम्बर ३ :**

कार्ययोजना बमोजिम स्थानीय तहहरूमा स्थानीय तह समन्वय समिति गठन नभएको स्थानीय तहहरूमा यथाशीघ्र स्थानीय तह समन्वय समिति गठन गरी सो को जानकारी जिल्ला समन्वय समितिलाई दिने निर्णय गरियो ।

**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**
(नेपाल सरकारको स्वामित्व भएको)
# हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय

पशुपतिनगर, हेटौंडा, मकवानपुर (नेपाल)
फोन: कार्यालय ०५७-४१२२०५, ४१२६६५
फोन: क्षेत्र व्यवस्थापक ०५७-४१२५५७
E-mail : hidmgmtoffice@gmail.com
website : www.idm.org.np

पत्र संख्या : 065/080
चलानी नं. : 869/065/080

२०८०।०३।०७

१) श्री एशियन पेन्ट्स (नेपाल) प्रा.लि.
हे.औ.क्षे.व्य.का. ।
२) श्री बर्जर जोन्सन एण्ड निकोल्सन (नेपाल) प्रा.लि
हे.औ.क्षे.व्य.का. ।
३) श्री एम.एम.पालिमर्स प्रा.लि
हे.औ.क्षे.व्य.का. ।
४) श्री आर.एम.केमिकल (नेपाल) प्रा.लि् हे.औ.क्षे.व्य.का. ।
हे.औ.क्षे.व्य.का. ।
५) श्री एन्टीका विस्कुट प्रा.लि.
हे.औ.क्षे.व्य.का. ।

**विषय:- सहयोग गरिदने सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा राष्ट्रिय मानव अधिकार बागमति प्रदेशले औद्योगिक प्रतिष्ठनको व्यवस्थापन कर्मचारी र कामदारहरु बीचको अन्तर सम्बन्धमा अध्ययन गर्न आवश्यक सहयोग गरिदिन अनुरोग गरेको हुंदा त्यस उद्योगको व्यवस्थापन, कर्मचारी र कामदार बीच अधिकारको सम्बन्धमा अध्ययन गर्न आवश्यक सहयोग र समन्वयन गरि दिन अनुरोध गर्दछौं ।

.....................
भोजराज विनाडी
क्षेत्र व्यवस्थापक

आज मिति २०८० वैशाख २७ गते मानव अधिकार सम्वन्धी पाचौ राष्ट्रिय कार्ययोजनाको दफा-४.२.३ वमोजिमको जिल्ला समन्व समितिको संयोजक जिल्ला समन्वय समितिका प्रमुख नारायण प्रसाद अधिकारी ज्यू को संयोजकत्वमा उक्त समितिको प्रथम वैठक वस्यो । बैठकको उपस्थिती निम्नानुसार छ ।

उपस्थिती

| नाम | पद | पद | कार्यालय | दस्तखत |
| --- | --- | --- | --- | --- |
| नारायण प्र. अधिकारी | | संयोजक | जिल्ला समन्वय समिति | [illegible] |
| रेनु दाहाल | | सदस्य प्रमुख | भरतपुर म. न.पा. | - |
| [illegible] कु. [illegible] | | " प्रमुख | खैरहनी न.पा. | - |
| शमशेर लामा | | " प्रमुख | राप्ती | - |
| तारा कुमारी कमी महतो | | " " | माडी | - |
| दान बहादुर गुरुङ | | सदस्य अध्यक्ष | इच्छाकामना | [illegible] |
| सोमेन्द्र राज खरेल | | प्रतिनिधि | रत्ननगर न.पा. | [illegible] |
| [illegible] | | प्रतिनिधि | कालिका न.पा. | [illegible] |
| कल्पना [illegible] | | उपप्रमुख | जि.स.स. | [illegible] |
| सुरेन्द्र पौडेल | | प्र.जि.अ | जि.प्रशा.का. | [illegible] |
| यज्ञ प्रसाद अधिकारी | | सह सचिव | रा.मा.अ.आ. | [illegible] |
| रामेश्वर कार्की | | प्र.उ. | जि.प्र.का. चितवन | [illegible] |
| शान्ति पाण्डे | | स.प्र.उ. | स.प्र.वल नेपाल नं. ९६ गण | [illegible] |
| कमल प्रभा राई | | उ.अ.नि. | रा.अ.वि.का. | [illegible] |
| [illegible] | | [illegible] | [illegible] | [illegible] |
| संजीव प्र. पौडेल | सहायक | जि.स.स. | जि.स.स. [illegible] | [illegible] |
| कृतिता तामाङ | | मानव अधिकार [illegible] | 9807[illegible] | कृतिता |
| उत्तम ब. मगर | सदस्य | जिल्ला हिंसा समाप्त | [illegible] | [illegible] |
| तिलक रिमाल | | [illegible] | पत्रकार महासंघ | [illegible] |

[illegible] प्रसाद अधिकारी

निर्णयहरु:-

१. मानव अधिकार सम्बन्धि पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/०७८-२०८१/८२) को दफा ४.२.३ बमोजिम जिल्ला समन्वय समिति गठन गरि यंसको जानकारी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

२. जिल्ला समन्वय समितिको बैठकमा समितिले अन्य कार्यालयका पदाधिकारीलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्ने प्रावधान अनुरुप लक्षित वर्गलाई आमन्त्रण गरि सो वर्गको समस्याहरुको सम्बन्धमा समेत छलफल गरि समाधानको प्रयत्न गर्ने निर्णय गरियो ।

३. जिल्लामा स्थानीय तह समन्वय समिति गठन भै नसकेको हुँदा उपस्थित नगरपालिका/गाउँपालिका का प्रतिनिधि/अध्यक्षज्यूबाट यथाशीघ्र मानव अधिकार स्थानीय तह समन्वय समिति गठन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको र अन्य पालिकाहरुलाई समेत १५ दिनभित्र समिति गठन गरि सोको जानकारी उपलब्ध गराउन अनुरोध गर्ने साथै सोको लागी आवश्यक सहजीकरण गर्ने निर्णय गरियो ।

४. स्थानीय तह समन्वय समितिबाट प्रतिवेदन प्राप्त भएपछि कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धी जिल्लागत विवरण तयार गरि सम्बन्धित निकायलाई उपलब्ध गराउने निर्णय गरियो ।

नारायण प्रसाद अधिकारी
प्रमुख
जिल्ला समन्वय ... चितवन








AVOCADO &


AVOCADO & ORCHID RESORT
बागमती प्रदेशमा मानसिक स्वास्थ्य र
मानव अधिकार सम्बन्धी
परामर्श बैठक






बागमती प्रदेशमा मानसिक स्वास्थ्य र
मानव अधिकार सम्बन्धी
परामर्श बैठक
सहकार्य:
राष्ट्रिय मानसिक स्वास्थ्य
स्वावलम्बन संगठन
हेटौंडा, मकवानपुर
आयोजक:
राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय, हेटौंडा



# बागमती प्रदेश कार्यालयबाट सम्पादीत कार्य – एक झलक



















## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

हरिहर भवन, पुल्चोक, ललितपुर
फोन : ०१–५०१००१५, (हटलाइन : ०१–५०१००००)
फ्याक्स : ०१-५५४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाण्डौ, नेपाल
ई–मेल : nhrc@nhrcnepal.org

### प्रदेश कार्यालयहरू :

**प्रदेश नं. १ कार्यालय, विराटनगर**
फोन : ०२१-५९०९९३, ५१२९३१ फ्याक्स : ०२१-५११९००
ई–मेल : nhrcbrt@nhrcnepal.org

**मधेश प्रदेश कार्यालय, जनकपुर**
फोन : ०४१-५९०३१३/१४, फ्याक्स : ०४१-५९०३१५
ई–मेल : nhrcjnk@nhrcnepal.org

**बागमती प्रदेश कार्यालय, हेटौंडा, मकवानपुर**
फोन : ०५७-५९१२११, ५९१३११, फ्याक्स : ००९७७-०५७-५९१३१३
ई–मेल : nhrcsnp@nhrcnepal.org

**गण्डकी प्रदेश कार्यालय, पोखरा**
फोन : ०६१–५८६०८१, ५८६०५९, फ्याक्स : ०६१–५३५८७५
ई–मेल : nhrcpkr@nhrcnepal.org

**लुम्बिनी प्रदेश कार्यालय, बुटवल**
फोन : ०७१-४१०१७५, फ्याक्स : ०७१-४१०१७६
ई–मेल : nhrcbtl@nhrcnepl.org

**कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेत**
फोन : ९८५८०२०२५४
ई–मेल : nhrcskt@nhrcnepl.org

**सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**
फोन : ०९१-५२५६२१, ५२५६२२, फ्याक्स : ०९१-५२५६२३
ई–मेल : nhrcdhn@nhrcnepal.org

### प्रदेश शाखा कार्यालयहरू

**प्रदेश नं. १ शाखा कार्यालय, दिक्तेल**
फोन : ०३६-४२०२८४
ई–मेल : nhrckht@nhrcnepal.org

**लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज**
फोन : ०८१-५२६७०७, ५२६७०८
ई–मेल : nhrcnpj@nhrcnepal.org

**कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला**
फोन : ०८७-५२०२२२
ई–मेल : nhrcjum@nhrcnepal.org